# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमि

बसाइसराइ एउटा प्रक्रिया हो, जुन प्रक्रियामा मानिसहरू आफ्नो जन्मस्थान छोडेर गन्तव्य स्थानमा गएका हुन्छन् । एउटा देशको खासभागबाट अर्को देशमा जाने प्रक्रियालाई स्थानान्तरण भनिन्छ । साधारणतया बसाइसराइको प्रक्रिया स्थायी, अस्थायी र मौसमी प्रवृतीको हुन्छ । साधारणतया लगातार एक वर्षसम्म आफ्नो बसस्थान छोडी अर्को स्थानमा स्थानान्तरण हुने प्रक्रियालाई बसाइसराइको अन्तराष्ट्रिय परिभाषा अर्न्तगतराखिएको छ ।

बसाइसराइको शुरुवात १८ औ शताब्दीको औद्योगिक क्रान्तीपछि शुरु भएको पाइन्छ । तर सन् १९५० पछिको खुल्ला राजनैतिक परिवेशसँगै विश्वव्यापी बसाइसराइको प्रक्रिया निकै व्यापक बन्यो । वर्तमान समयमा कयै तेस्रो विश्वका देशहरूबाट उपल्लोस्तरका तल्लोस्तरका मानिसहरू सम्पन्न मुलुकहरूमा पलाएन बनिरहेका छन् । यसबाट ती गरिब देशहरूमा आवश्यक उच्च मानवशक्ति र श्रमशक्तिअभाव र सही संयोजनको अभावका कारण गरिबी दिन प्रतिदिन बढिरहेका छ । तेस्रो विश्वका देशमा बढीरहेको राजनैतिक अस्थिरता, आर्थिक संकट तथा सुरक्षा, स्रोत र साधनको अभावको कारणले गर्दा मानिसहरू अन्य मुलुकमा पलाएन भएका छन् । अर्कातिर धनी सम्पन्न देशहरूले विश्वव्यापी रूपमा छरिएर रहेका उपयुक्त मानवशक्तिलाई आकर्षक सुविधा प्रदान गरी आफुतिर तानिरहेका छन्( आचार्य, २०६७ ) ।

स्थितीले व्यक्तिको पद हैसिएत वा स्तरलाई बुझाउछ । सामाजिक आर्थिक प्रणालीमा समावेश भएका विभीन्न पक्षहरूमा व्यक्ति, समुह तथा समुदायको स्थानलाई जनाउछ । अवस्था भन्नाले सामाजिक आर्थिक व्यक्ति, समुह तथा समुदायको स्थान हो । परम्परागत रूपमा अवस्था भन्नालेसमाजले प्रदान गर्दे आएको वा व्यक्ति विशेषले आफ्नो क्षमता, ज्ञान,प्रयासमा आर्जन गरेको इज्जत हो ।

लैङ्गिक स्थितीले महिला र पुरुष बिचको सापेक्ष सम्बन्धलाई बुझाउछ । यसले पुरुष र महिलाको समाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, निर्णायक हैसिएत तथा अवश्था उच्च,

समान, निम्न के- कस्तो छ भन्ने विषयलाईं तुलनात्मक रूपमा प्रष्ट्याउछ । परिवार, समुदाय र समाजमा पुरुष र महिलाको भौतिक स्रोतहरू (खाद्य, आम्दानी भूमि र अन्य मालसामान सामाजिक स्रोतहरू - ज्ञान, शक्ति, सम्मान ) माथि कायम रहेको पहुँचको मात्रा वा तहलाई बुझिन्छअर्याल, ( २०६८ ) ।

सन् १८१५ मा तत्कालीन ब्रिटिस सम्राज्यले भारतमा गोर्खा सैनिक बटालियन स्थापना भएपछि नेपाल वैदेशिक रोजगार शुरु भएको हो । सन् १८१५ भन्दा पहिला पीन नेपाली कामदारहरू भारतको आसाम, मेघालय, मणिपूर, वर्मा,भुटान दार्जलिङ आदी ठाउँमा आप्रवासी वा रोजगारीको लागि आवतजावत गरेको पाइन्छ । यी स्थानमा नेपाली कामदारहरू जङगल फडानी, कोइला खानी, कृषि,चिया बगान रबर खेतीआदी क्षेत्रमा रोजगारमा जाने क्रमअझ बढ्दो मात्रामा छ । तर भारत बाहेक तेस्रो मुलुकमा गैर कानुनी वा सरकारी क्षेत्रमा रोजगारीमा जाने प्रक्रिया भने करिब दुई दशक अगाडीदेखि शुरु भएको हो(पोखरेल २०५७) । यसरी नेपाली रोजगार र व्यवसाय व्यापारको लागि भारत लगाएत अन्य खाडी मुलुक वा देशमा जाने प्रचलनमा नै वैदेशिक रोजगारको शुरुवात भएको हो भन्न सकिन्छ ।

बसाइसराइ भन्नाले प्राचिन मानिसहरूको भ्रमणलाई बुझिन्छ जसको उद्देश्य खाद्यान्नको खोजी गर्नु रहेको हुन्थ्यो तर वर्तमानको अन्तरष्ट्रिय बसाइसराइले हालसालैको घटनाक्रमलाई बुझाउछ । यो एक विश्वपुँजीवादको प्रारम्भ हो जसलाई कुनैपनि व्यक्ति वा देशमा चालुहुनबाट रोक्न सकिदैन । एक शासनकालको व्यापारको फाइदामा त्यस ठाउँमा सर्वसम्मती ( एकमत) हो, विभीन्न देशहरूको मानिसहरूलाई उनीहरूको वरिपरीको स्थान परिवर्तनको एकमत बढाउन स्वतन्त्रता रहेको छ, त्यो उदारपुँजीवादको गतिसँग सम्बन्धीत रहेको छ (Solima, 2001) ।धैरैजसो मानिसहरूले आफ्नो जन्मथलो छोडी विदेशमा बसाइसरेको पाइन्छ जसको उद्देशय आफ्नो परिवार र बसाइसराइकर्ताको राम्रो जिवनयापनको खोजीको लागि बसाइसराइ हुने गरेको पाइन्छ । हालका विकसित देशहरूले आफ्नो जनता स्वदेश त्यागगरी विदेश नजाउन भन्नको लागि आफ्नो देशभित्रै विभिन्न क्षेत्रमा राष्ट्रिय लगानी गरी खतरा मोलिरहेका छन् जबकी अल्पविकसीत देशहरूमा उच्च शिक्षीत मानिसहरूको लागि कुनै व्यवस्था रहेको पाइदैन, जस्तो की शिक्षीत वर्गका मानिसहरू पनि बेरोजगार, न्यून ज्याला, राम्रो जिवनयापनका आशाहरू पनि न्यून रहेको

पाइन्छ । त्यस्तै अर्दशिक्षीत मानिसहरूको लागि पनि राज्यले कुनै योजना बनाएको देखिदैन जसले गर्दा उच्च शिक्षीत मानिसहरूदेखि लिएर अर्दशिक्षीत मजदुरहरूसम्म आफ्नो उज्वल भविष्यको सपना बोकेर विदेशिने क्रम नेपालमा बढ्दो रूपमा रहेको छ ।

विश्वव्यापिकरण र विश्वनिर्माण प्रक्रियामा विकसित देशका प्रतिनिधीहरूले श्रमिकहरू माग गरिरहेका हुन्छन् जसको लागि न्यून आर्थिक अवस्था भएका मानिसहरू कम उत्पादकत्व भएका र जग्गाजमिन कम भएका मानिसहरूलाई कुनै निश्चित नियोग मार्फत श्रमिकको रूपमा बसाइसराइ गराइ पठाइन्छ । वैदेशिक रोजगारको प्रारम्भदेखी विकसित देशहरूले अल्पविकसित देशका श्रमिक वर्गहरूलाई आफ्नो धन हस्तान्तरणद्धारा महत्वपुर्ण भूमिका खेलेको हुन्छ, त्यो मूलधनको रेमिट्यान्स रकम हो, जुन बसाइसराइकर्ताको परिवारले प्राप्त गर्छन् जसको प्रयोग उनीहरूले व्यक्तिगत प्रयुक्त वस्तुमा खर्चमा गर्छन् । उनीहरूको परिवारले उक्त रेमिट्यान्स रकम निम्न क्षेत्रमा खर्च गर्छन् , शिक्षा, सम्बन्धीत क्षेत्रको व्यवसायमा, विदेश जादाको ऋण तिर्नुमा र अन्य उद्देश्य पुरा गर्नको लागि बाँकीरहेको धन बचत गर्छन् (Segal, 1993) ।नेपालको सन्दर्भमा कुरा गर्दा, नेपाल एक कृषिप्रधान देश भएकोले यँहाको धेरैजसो मानिसहरू कृषिमा निर्भर रहेका छन् । नेपालका धेरै ग्रामीण घरधुरीहरू कृषि पेशामा आबद्धरहेका छन् । नेपालको राष्ट्रिय अर्थतन्त्रको कारण देशमा क्षेत्रिय विभीन्नताहरू प्रभावित भएको पाइन्छ । पहाडी क्षेत्रमा खेतीयोग्य जमिनको अभावको कारणले गर्दा त्याँहाको आधाजसो जनसंख्यालाई कृषि उत्पादनबाट खाद्यान्न पुर्ती हुदैन जसको कारण स्थानिय क्षेत्रका मानिसहरू कृषि बाहेक अन्य आर्थिक क्रियाकलापका कार्यहरू गर्न बाध्य हुन्छन् । देशको अर्थतन्त्र अल्पविकास तर्फ बढिरहेका हुदा देशभित्रै कृषि बाहेक अन्य कार्य गर्न संभव छैन जसको कारण मानिसहरूले आफ्नो देशको इलाका भन्दा बाहिर हेर्छन् र राष्ट्रिय सिमाना पार गर्छन् । शुरुमा नेपाल सरकारले ब्रिटिस सरकारलाई सुरक्षा व्यवस्था प्रदान गर्थ्यो जसमा नेपाली पहाडका तीन पल्टन सैनिक समुहका लागि अधिकारको उत्थान गरिएको हुन्थ्यो। र त्याँहा नेपाल र भारत बिच बसाइसराइ गर्ने व्यक्तिहरूको महत्वपूर्ण भूमिका रहेको हुन्थ्यो । वि. स. २०४६।४७ सालमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि नेपाल सरकारले नयाँ वैदेशिक निती खडा गरायो, जसले बसाइसराइदरको बहाव परिबर्तन गर्‍यो । बसाइसराइकर्ताको रेमिट्यान्स रकमले राष्ट्रिय साथसाथै ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।उनीहरूको संकलित रकम विभीन्न संस्थानहरू जस्तै बैङ्क, साथीभाई र अन्य संस्था मार्फत समयसमयमा पठाउने गर्छन् , र विशेष

अवसरमा उनीहरू आउने गर्छन् । रेमिट्यान्स रकमले देशभरी वैदेशिक मुद्रा विनिमय, परिवार र स्थानीय समुहको आम्दानीको स्रोतको लागि मुख्य भूमिका निर्वहगर्छ (विशेषगरी पहाडी क्षेत्रमा ) रेमिट्यान्स रकम परिवारले विभिन्न उद्देश्य पूर्तीको लागि प्रयोग गर्छन् साथसाथै उक्त रकमले उनीहरूको उनीहरूको जीवनपद्धतीमा अत्याधिक परिवर्तन ल्याउछ ( Seddan,1998) ।

नेपाली समाजको परिवारिक संरचना पुरुषप्रधान खालको छ । सन् २०११ को जनगणना अनुसार कुल जनसंख्यामा करिब ५१.५०%महिलाले ओगटेको देखियो पितृवंशीय पैतृकधनको नियमले देशभरका महिलाहरूको पहिचानलाई छुट्याई दबाइएको छ । हिन्दुसंस्कृतिमा महिला पूर्ण रूपमा पुरुषमा निर्भर हुन्छन् भन्ने अकाट्य तथ्य छ यो विचार अनुसार महिलाहरू पुरुष आफन्तहरूबाट नियन्त्रीत र सुरक्षित हुनुपर्छ । बसाइसराइकर्ताको परिवारले उक्त रेमिट रकम आफ्ना उद्देश्यहरूपरिपूर्ती गर्नको लागि प्रयोग गर्दछन्, जसले उनीहरूको जिवनपद्धतीमा अत्याधिक परिवर्तन ल्याउछ । विश्वव्यवस्था, पूँजीवाद र विश्वव्यपीकरणको कारणले गर्दा कुनैपनि मानिस काम गर्ने सिलसिलामा एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउने औजारहरूको विकास भएको हुदा श्रमिक स्थानान्तरण बढेको पाइन्छ । गरिबीका कारणले गर्दा पनि धेरैजसो नेपालीहरू आफ्नो देश र परिवार छोड्न बाध्य हुन्छन् , जहा उनीहरू आफ्नो अभिभावक,श्रीमती र बच्चाहरूसँग टाढिएर रहेका हुन्छन् । घरपरिवारको सदस्यले चाहेर मात्र श्रमिक बसाइसराइ हुदैन समय, परिस्थिती र समयसँगै विकास हुदै गएका प्रविधीहरूको कारणले गर्दा श्रमको स्थानान्तरण भएको देखिन्छ । यसरी एक ठाउँबाट अर्को ठाउँमा मानिसहरूको गतिशीलता बढेर जादा उक्त निकायका मानिसहरूले पनि रोजगार प्राप्त गरिरहेका हुन्छन् साथसाथै देशमा आर्थिक आम्दानी पनि बढी रहेको हुन्छ । यो अवस्थामा त्यँहाको कृषिको संरक्षण महिलाले क्रमैले सम्हालेर रहन्छीन् र परिवारका अन्य सदस्यहरू उक्त विदेशिएको पुरुषमाथि आश्रित भएर रहेका हुन्छन्, जस्तै वृद्धवृद्धाहरू र बच्चाहरू यस्तो स्थितीमा महिलाले घरभित्र र घरबाहिर दुवै क्षेत्रमा धेरै जिम्मेवारीहरू बहन गर्छिन् । यो परिस्थितीको निर्माण हुँदा कामको भित्री र द्विविभाजनको रीत रहन्छ जसले गर्दा महिलाले विभीन्न कार्य गर्न सक्छीन् । उनको माहानताले सो घरपरिवारको आर्थिक स्थितीमा उल्लेखनीय परिवर्तन आउछ, यसको स्थान जातिय स्तरिकरणमा रहन्छ र यो प्रचलित सामाजिक मुल्यमान्यता उक्त समुदाय र राष्ट्रमा रहन्छ । त्यसैले नेपालमा महिलाहरूको एक आर्थिक परिस्थितीको निर्माण गऱ्यो । यद्यपि,प्रजातिय, जातिय, वर्गिय

उमेर र स्थितीमा परिवर्तन ल्यायो । यो इन्डो आर्यन समुहका बाहुन क्षेत्री जातका महिलाहरू सधै धेरै नै शिक्षीत हुन्छन्तरपनि उनीहरूलाई निर्णय लिने कार्यमा थोरैमात्रमा सहभागि गराइन्छ र उनीहरूको गतिशीलतालाई सिमीत पारिएको हुन्छ । तीब्बती मूलका बर्मेली भाषा बोल्ने धेरैजसो महिलाहरू जस्तै शेर्पा , गुरुङ्ग, र मगर जातका महिलाहरू तुलनात्मक रूपमा इन्डो आर्यन समुहका महिलाहरू भन्दा कमैमात्रमा शिक्षीत हुन्छन् र पनि उनीहरूसँग निर्णय गर्ने शक्तिभने सधै उच्च रहेको पाइन्छ, साथसाथै तिनीहरूको समुदायभित्र आर्थिक जिम्मेवारीहरू पनि महिलाले नै बहन गर्छिन् । आर्थिक स्वतन्त्रताको अभावको कारण नेपाली महिलाहरूसँग निर्णायक क्षमता रहेको हुदैन,उनीहरूको निर्णायक सहभागितामा अनेक किसिमले रोक लगाइएको हुन्छ । यो विचार अनुसार महिलाहरू उनीहरूको घरमा, घरपरिवारको न्यून स्थिती घटाउन र कृषि उत्पादनको लागि महिलाहरूलाई निर्धारित गरिएको हुन्छ । ९०%महिलाहरू आफ्नो जग्गामा कृषि कार्यको लागि नियुक्त भएका हुन्छन् । सन् १९९९ मा कुल श्रमिक बलमा महिलाको हिस्सा ५०.६% रहेकोमा तुलनात्मक रूपमा सन् १९९१ मा ४५.५%रहेको थियो (UNDP,2001) । उच्च उत्पादकत्व र गैरकृषि क्षेत्रमा महिला उत्तरदायिहरू केवल १०%मात्र रोजगार रहेका थिए । यद्यपि, शहरी क्षेत्रमा महिला र पुरुषहरू अनौपचारिक र औद्यौगिक क्षेत्रमा काम गर्छन्, त्यसमा पनि विशेषगरी गार्मेट, कार्पेट, र गलैचा उद्योगहरू रहेका हुन्छन् । वर्तमान समयमा महिलाको शैक्षिक स्थितीमा उल्लेखनीय परिवर्तन आएको पाइन्छ । हाल धेरैजसो मानिसहरू संयुक्त परिवार छोडी एकल परिवारमा बस्न थालेको पाइन्छ, जसले गर्दा आन्तरिक बसाइसराइ र विवाहित महिलाहरूको आवश्यकताहरू परिपूर्ती गर्नको लागि पुरुष सदस्यहरू विदेशिने देखिन्छ र उनीहरूले पठाएको प्रेषित रकम पारिवारिक क्षेत्रमा खर्च गरेको पाइन्छ ( GranerandKarmacharya, 2001) ।

## १.२ समस्याको कथन

नेपालको सन्दर्भमा कुरा गर्दा १९ औ शताब्दीदेखी नै श्रमिक स्थानान्तरण भएको पाइन्छ । सन् २०११ को जनगणना अनुसार कुल जनसंख्यको ५१.५०% नेपाली महिला रहेको थियो । (CBS, 2004) का अनुसार कुल जनसंख्याको७८% जनसँख्या कृषि कार्यमा नियुक्त रहेका छन् । धेरै वर्षसम्म यो क्षेत्रमा उत्पादनको गति ढिलो रहेको थियो ।हिमाली क्षेत्रमा जनसंख्याको तुलनामा खेतीयोग्य जमिन न्यून रहेको हुदा त्यहाको मानिसहरूआम्दानीका अन्य स्रोतहरू

खेज्न बाध्य भए, जुन आफ्नै क्षेत्रमा उनीहरूले प्राप्त गर्न सकेनन् जसको फलस्वरूप आम्दानीका स्रोतहरूको खोजीका लागि उनीहरू विदेशिन बाध्य भए । आफ्नै देशभित्र बसाइसराइ गरी जिविकोपार्जन गर्नको लागि उद्योग कलकारखानाहरू प्रशस्त मात्रमा नहुदा आर्थिक अवसरहरू प्राप्त गर्नको लागि, आफ्नो घरपरिवारको आवश्यकता परिपूर्ती गर्नको लागि मानिसहरू आफ्नो देश छोडी विदेशिन्छन् । यसरी पुरुष सदस्यहरू विदेशिदा उनीहरूको घरपरिवारमा आम्दानीका मुख्य स्रोतहरू के-के हुन् भनी अघिल्लो अध्ययनहरुको पूनरावलोकन गर्दा विभिन्न देखिन्छ  जस्तै ज्याला, तथा तलव, पेन्सन, रेमिट्यान्स इत्यादी, कृषि बाहेक अन्य क्षेत्रबाट आम्दानी बढेपनि उक्त आम्दानी कहाँ लगानी भईरहेको छ भन्ने तथ्य खोजी गर्नु नै यस अध्ययनको मुख्य विषय रहेको छ । रेमिट्यान्सले सामाजिक, आर्थिक, पारिवारिक संरचनामा के-कस्तो परिवर्तन ल्याएको छ ? जस्ता सवालहरूको जवाफ खोज्ने कार्य यस अध्ययनमा गरिएको छ । त्यसपछि वैदेशिक आम्दानी भित्रीएपछिको महिलाको परिवर्तीत स्थिती र समाजमा उनीहरूको भूमिका के कस्तो रहेको छ भन्ने तथ्यको खोजी यस अध्ययनमा गरिएको छ । हाम्रो जस्तो पुरुषप्रधान समाजले महिला जनसंख्यालाई दबाएको पाइन्छ । नेपालको अर्थतन्त्रको लागि महिलाले ६०%भन्दा बढी कृषि क्षेत्रबाट र धेरैजसो घरायसी कामकाजमा महत्पूर्ण योगदान दिएका छन् । नेपालमा महिलाको श्रमशक्ती कम उत्पादक क्षेत्रमा रहेको पाइन्छ, किनकी उनीहरूको आर्थिक अवस्था कमजोर रहेको छ, उनीहरूको आर्थिक अवस्था कमजोर हुनुमा निम्न कारणहरू छन् जस्तै न्यून साक्षरतादर, न्यून स्तरको माध्यमिक र उच्चमाध्यमिकशिक्षा , अनौपचारिक क्षेत्रको ज्यालामा भेदभाव, सूचनाको अभाव, जस्ता पक्षले महिलाहरूलाई रोजगारीको क्षेत्रमा भेदभाव खडा गरेको छ । अचल सम्पती निष्कृय गर्न आवश्यक अनुमती र प्रभावकारी समन्वय,कार्यक्रमहरू मूल्याङ्कन र निरीक्षण गर्न यि तत्वहरूले गर्दा महिलाको सामाजिक आर्थिक फाइदामा असर परेको छ ।

नेपाली समाज पुरुषप्रधान विचारबाट प्रभावित रहेको छ, त्यसैले उक्त समाजमा महिलाको स्थितीलाई दबिएको भागमा वितरण गरिएको छ, सो दबिएको भागमा महिलाहरूले आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । यस्तो भूमिका निर्वाह गर्नेमा मुख्यत श्रीमती र बुहारीहरू नै रहेका हुन्छन् । यो अकाट्य सत्य हो की हिन्दु साँस्कृतिक दर्शन अनुसार महिलाहरूलाई पुरुषद्धारा उचित तरिकाले दबाइएको पाइन्छ ।

अर्कोतर्फबाट हेर्दा जब पुरुष सदस्यहरू रोजगारीको सिलसिलामा विदेशिन्छन् उक्त समयमा सम्पूर्ण घरायसी जिम्मेवारीहरू महिलाले सम्हालेर बस्छीन् , जुन कुरा हामी हाम्रो वरपरको छरछिमेकमा देख्छौ, तिनीहरूले आफ्नो भूमिका र जिम्मेवारीहरूग्रहण गरेका हुन्छन् , ती भूमिकाहरू सामान्यतया पितृसतात्मक समाजमा पुरुषद्धारा सम्पादन गरिएको हुन्छ जसलाई हामी यसरी अवलोकन गर्न सक्छौ ।

१. पुरुषको अनुपस्थितीमा महिलाहरूलाई विभिन्न कामको जिम्मेवारीहरु बहन गर्नुका साथै घरायसी निर्णय लिने स्वतन्त्रता दिएको छ कि छैन ?

२. रेमिट्यान्स रकम कस्तो कार्यमा लगानी भइरहेको छ ?

३. वैदेशिक रोजगारले समाजमा के -कस्तो परिवर्तन ल्याएको छ ?

माथिका सवालहरूको जवाफ खोज्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

यो कुरा सत्य हो की सम्पूर्ण नेपाली समाजमा पुरुषले मुख्य भूमिका निर्वाह गर्छन् । उनीहरूसँग उच्च हैसिएत रहेको हुन्छ, साथसाथै उनीहरूसँग स्वभाविक,स्वचालित शासनसत्ता र इज्जत महिलाको भन्दा बढी नै रहेको हुन्छ तर कुनै विशेष समय अन्तरालमा पुरुषको अनुपस्थितीमा महिलामाथि के - कस्तो असर पर्छ ? रेमिट्यान्स रकम भित्रीएपछि उक्त परिवारमा के -कस्तो असरहरू देखा पर्छन् ? साथै पुरुषको अनुपस्थितीमा महिलामाथि के कस्ता थप दायित्व तथा जिम्मेवारीहरू थपियो र तिनीहरूको सामना उनीहरूले के कसरी गरे ? भन्ने जस्ता सवालहरूको जवाफ खोज्ने कार्य यस अध्ययनमा गरिएको छ । त्यस्तै पुरुषले नियन्त्रण गरिरहेको शासनसत्तामा उसको अनुपस्थितीमा महिलाले कत्तिको उपयोगी भूमिका निर्वाह गरिरहेकी छीन् भन्नेजस्ता विषयलाई बुझ्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको मुख्य उद्देश्य भनेको रोजगारीको सिलसिलामा विदेशिएका मानिसहरूको परिवारमा महिलाको स्थिती र युवा स्थानान्तरणले समाजमा परेका समाजिक, आर्थिक प्रभावहरूको तथ्य पत्ता लगाउनु रहेको छ । महिला स्थितीमा विशेषगरी श्रीमानको अनुपस्थितीमा महिलाले निर्णय लिने कार्य, रेमिट्यान्स रकमको प्रयोग के कसरी भएको छ, त्यसैगरी युवा स्थानान्तरणले घरपरिवारमा के कस्ता असरहरू परेका छन्त्यसबारे पहिचान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

अध्ययन गर्नुको पछाडी निम्न उद्देश्यहरू रहेका छन् ।

१. बसाइकर्ताको परिवारमा रेमिट्यान्स रकमको प्रयोग र घरायसी निर्णय लिने कार्यमा महिलाको भूमिका के - कस्तो रहेको छ भन्ने बारेमा मूल्याङ्कन गर्ने ।

२. वैदेशिक रोजगारले समाजमा ल्याएको परिवर्तनको व्याख्या गर्ने ।

## १.४ अध्ययनको औचित्य

धेरैजसो अनुसन्धानहरूले आर्थिक अभिप्रायको लागि युवाहरू स्थानान्तरण भएको देखाएको छ । विकसित देशहरूमा अन्य देशका मानिसहरूको प्रवासी प्रवृती बढ्दो मात्रामा देखिन्छ । जस्तो कि भारतका मुख्य शहररु प्रत्यक्ष रूपमा त्यस्तै मध्यपूर्वी देशहरू मलेसिया, हङकङ, कतार, कुबेत, कोरिया, ओमन, साउदी अरब जस्ता देशहरूमा वर्षेनी हजारैं नेपालीहरू वैदेशिक रोजगारको लागि विदेशिने गरेको पाइन्छ । बसाइसराइ समयअनुसार तलमाथि भइरहन्छ, यो परिस्थतीमा पनि घरपरिवारको विशेषगरी महिलाहरूले नै विभिन्न समस्याहरूको सामना गरिरहेका हुन्छन् ।घरपरिवारको मुख्य सदस्यको अनुपस्थितीमा महिलाले नै पुरुषद्धारा सम्पादीत गर्ने कार्यहरू र जिम्मेवारीहरू बहन गरेकी हुन्छिन् घरको र घर बाहिरको गौण कार्य गर्नको लागि महिलाहरूलाई सामाजिक, आर्थिक, साँस्कृतिक बन्धन लगाइएको हुन्छ तरपनि पुरुषको अनुपस्थितीमा महिलाले आफ्नो घर र समुदायमा धेरै सक्रिय भूमिका निर्वाह गर्दै निर्णय लिने कार्य गर्छिन् । तिनीहरूको परिवारमा गरिबीका चुनौतीहरू उनीहरूको सामुन्ने नै राम्रोसँग सुध्रदै जान्छ, पारिवारिक स्वास्थ्यमा पनि सुधार हुदै जान्छ, त्यस्तै पारिवारिक आम्दानी पनि बढ्दै जान्छ। वर्तमानका केही शताब्दीहरूमा महिला अधिकारका केही बहसहरू बलियोसँग उत्पती भइरहेका छन् । यि प्रचारहरू देशमा आउने हुने हरेक प्रकारका कार्यमा महिलालाई पनि सम्लीत गर्नुपर्छ भन्नेसँग सम्बन्धीत रहेको पाइन्छ । यो अध्ययनले नेपालको श्रमिक बल र त्यसमा महिलाको स्थिती र त्यसको प्रभाव बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तैयो अनुसन्धानले रेमिट्यान्स रकमको लगानी बसाइसरइकर्ताको घरपरिवारमा परेका असरहरूको बारेमा जानकारी मद्दत पुऱ्याउने आशा राखिएको छ ।

प्रतिवेदन लेखनको लागि यही नै विषय छनौट गर्नुको मुख्य कारण नेपालमा श्रम स्थानान्तरणवर्तमान समयको मुख्य समस्या रहेको छ ।त्यसमाथि पनि नुवाकोट जिल्ला विदुर

नगरपालिका वडा न. ८ मा श्रमको स्थानान्तरण अधिक मात्रामा रहेको छ जसले गर्दा उक्त ठाँउमा विभिन्न असर परेको देखिएको छ । नेपालमाश्रमको स्थानान्तरण सम्बन्धी अध्ययन सिमीत मात्रमा भएको पाइन्छ, घरपरिवारको युवा सदस्यहरू प्रवासीनुको कारण, असर र त्यसको नतिजाको बारेमा बुझ्न यस अध्ययनले मद्दत पुऱ्याउने छ । हालसालै महिला प्रचार सम्बन्धी विभीन्न अध्ययनहरू उत्पती भएको पाइन्छ तर अझैसम्म पनि बसाइसराइकर्ताको घरपरिवारको महिलाको स्थितीको बारेमा सम्बन्धीत अध्ययनहरू भएका छैनन् त्यसकारण यो अध्ययनबाट महिलाको बारेमा जानकारी प्राप्त गर्न मद्दत पुग्दछ। त्यस्तै महिला र पुरुष बिचको लैङ्गिक समनता र भिन्नताको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ। यस अध्ययनको औचित्यको सवालमा लैङ्गिक समानता र भिन्नताको बारेमा अध्ययन गर्नु र स्थानीय ठाउँमा र घरपरिवारमा परेको प्रभावहरूको बारेमा अध्ययन गर्नु र वैदेशिक रोजगारले समाजमा ल्याएको परिवर्तनहरूको बारेमा अध्ययन गर्नु हो । उक्त समुदायमा घरायसी निर्णयमा महिलाहरूको संलग्नताकमै रहेको हुन्थ्यो र पेशामा पनि खासै परिवर्तन आएको थिएन तर रेमिट्यान्स भित्रिएपछि सो समुदायमा सामाजिक, आर्थिक, परिवारिक परिवर्तनहरू देखा परेका छन् । साथै घरायसी निर्णय प्रक्रियामा पनि महिलाहरूको पहुँच बढेको र केही महिलाहरूको पेशामा पनि परिवर्तन आएको छ भन्ने देखाउन यो अनुसन्धानको महत्व रहने छ । यो अनुसन्धानले भविष्यमा अन्य अनुसन्धानकर्ताहरूलाई त्यस ठाउँको महिलाहरूको स्थितीको बारेमा जानकारी लिन मद्दत पुऱ्याउनेछ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरूप

प्रस्तुत शोधपत्रलाई जम्मा सातवटा अध्यायमा विभाजन गरी त्यही अनुरूप विश्लेषण गरिएको छ । जस अर्न्तगत अध्याय एकमा श्रमको बसाईसराईको परिभाषा, समस्यको कथन,अध्ययनको उद्देश्य,अध्ययनको औचित्य र अध्ययनको संगठनात्मक स्वरूपको बारेमा उल्लेख गरिएको छ ।

अध्याय दुईमा सन्दर्भ साहित्यको पूनरावलोकन,वैदेशिक रोजगारले महिलाको स्थितीमा पारेको प्रभाव सम्बन्धी विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय विद्धान तथा अन्य विद्धानहरूको अध्ययनको पूनरावलोकन, श्रमको बसाईसराईका कारणहरू र वैदेशिक रोजगारका असरहरूको बारेमा उल्लेख गरिएको छ ।

अध्याय तीनमा अध्ययन क्षेत्र छनौटको औचित्य, तथ्याङ्कको प्रकार र स्रोत, प्राथमिक तथ्याङ्क, द्धितीय तथ्याङ्क, समग्र र नमूना छनौट, तथ्याङ्क संकलन विधी, कार्य क्षेत्र अध्ययन, अवलोकन, अर्न्तवार्ता, सामूहिक छलफल, गहन अर्न्तवार्ता, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणलाई विश्लेषण गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको भौगोलिक परिचय जनसंख्या बनोट, मुख्य पेशा तथा व्यवसाय, जात/जातिगत, धर्मिक, पारिवारिक, शैक्षिक विवरण, घरमूली, परिवारको आम्दानीको मुख्य स्रोत,परिवारको आकार, किसिम, पेशा, आर्थिक बचत, परिवारको स्वमिकत्वमा जग्गाको विवरण, जग्गाको किसिम, स्वरूप, जग्गा धनी, खाद्यान्न, पशुपालन, पशुपंक्षीको विवरणको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको विवरण, गन्तव्य देश, वैदेशिक रोजगारमा जानुभन्दा पहिलेको पेशा, वैदेशिक रोजगारमा जानुको कारण, जादाको खर्च, जादाको ऋृण, विदेशमा जादा गर्ने भनेर गएको काम, सिकेको सिप, गन्तव्य देशमा पाएको काम, वैदेशिक रोजगारमा जादा प्रयोग गरेको ऐजेन्टको विवरणको बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा महिलाको स्थितीमा परिवर्तन, काममा, जिम्मेवारीमा, निर्णायक भूमिकामा, महिलाको भूमिकामा परिवर्तन, घरायसी निर्णय गर्ने व्यक्ति, घरायसी कामकाजको व्यवस्थापन र निर्णय, पुरुषको अनुपस्थितीमा गर्ने व्यक्ति, बच्चाहरूलाई विद्यालय पढाउने निर्णय, समय अनुसारको अन्नबाली लगाउने निर्णय, पशुपंक्षी पाल्ने नपाल्ने निर्णय, अन्नपात र पशुपंक्षी पाल्ने नपाल्ने निर्णय, महिलाको थप दायित्व र समस्याहरू, घरायसी कठिनाईहरू, सामाजिक सम्बन्ध, बालबच्चाको लालनपालन, पुरुषको अनुपस्थितीमा बच्चाहरूलाई असर परे नपरेको विवरण, परेको असरको विवरण, परिवारको सामाजिक आर्थिक स्थितीमा परिवर्तन, समग्र सामाजिक आर्थिक स्थितीमा परिवर्तन, पेशामा आएको परिवर्तन, केटाकेटीको पढाईमा आएको परिवर्तनको बारेमा उल्लेख गरिएको छ ।

अध्याय सातमा समग्र अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको पूनरावलोकन

## २.१ वैदेशिक रोजगार सम्बन्धी सैद्धान्तिक अवधारणा

अन्तराष्ट्रिय बसाइसराईको प्रक्रिया वर्तमान समयमा बहुपक्षीय बनेको छ । जहाँ विकसित देश तथा अविकसित देशबाट अर्को ठाउँमा स्थानान्तरण हुन सक्ने विश्वव्यापी परिपाटी निर्माण भएको छ । प्रत्येक देशको अन्तराष्ट्रिय सम्बन्ध विश्वव्यापी बनेको छ । आज हामीले हम्रै देश नेपाललाई हेर्‍यौं भने भनेपनि नेपालीहरू धेरथोर रूपमा नपुगेको देश विश्वमा कमै होलान् । त्यसमा पनि विशेषगरी नेपाली श्रमको अन्तराष्ट्रियकरण भएको पाउन सकिन्छ,जसमा तल्लो स्तर भएका मानिसहरूको संलग्नता यसमा छ । यो अवस्था र प्रक्रिया विश्वव्यापी रूपमा देख्न सकिन्छ । नेपाली र नेपाल जस्तै तेस्रो देशका मानिसहरू विशेषगरी श्रम बजारका लागि विकसित देशहरूमा स्थानान्तरण भएका छन् भने विकसित मुलुकका मानिसहरू पर्यटन उद्देश्य, अनुसन्धान विकास तथा अन्य निहित उद्देश्यको लागि अन्यत्र स्थानान्तरण भएको पाइन्छ । अझ शितयद्धको समाप्ती पछि यो प्रक्रिया झन बढेको छ । विश्वव्यापीकरण प्रक्रियासँगै विश्वव्यापी रूपमा बसाइसराई तथाश्रमको बसाइसराइ बढेको छ । यस कार्यलाई विश्वव्यवस्थामा विकास भएका नयाँ सम्बन्धहरूले सहयोग गरेको छ ।

### २.१.१ श्रमको बसाइसराईका कारणहरू

पूँजीवाद र नेपाल(२००७) भन्ने पुस्तकमा चैतन्य मिश्र लेख्नुहुन्छ - नेपालमा भएको राणाकालिन समयमा भएको श्रम र श्रमिकको आयात निर्यात र आगमन सँगसँगै लाखौंलाख नेपाली श्रमिकहरू रोजीरोटीको खोजीमा भारतको दार्जलिङ, सिक्किम, भुटान, मेघालय, आसाम नागल्याण्ड, मिजोरमका साथै वंगाल, विहार उत्तर प्रदेश र भारतका अरु दक्षिण राज्यहरूमा इष्टइन्डिया कम्पनी र ब्रिटिस इन्डिया सरकारको अगुवाइमा उत्तरपूर्वी भारत, सिक्किम, दार्जलिङका नयाँ एकल खेती व्यापार गरिने चिया, पशुपालन गर्ने, खेती गर्ने ठूलो पैमानामा नेपालीहरू त्यसतर्फ लागे । यसैगरी भारतका अन्य क्षेत्रहरूमा मौसमी किसिमको श्रमिकको माग पूरा गर्ने किसिमले धेरै नेपालीहरू भारततर्फ लाग्ने क्रम प्रवल बन्दै गयो । ( मिश्र २०७० )

सन् १९७०।८० को दशकमा मध्यपूर्वी एसियाली मुलुहरूमा तेलखानी पत्ता लागेपछि दक्षिणपूर्वी एसियाली श्रमिकहरूको बसाइसराइ बढ्न थाल्यो । तीस वर्ष यता रोजगारीका लागि दक्षिणपूर्वी एसियाली श्रमिकहरू मलेसिया तथा खाडी मुलुकहरूमा जान थाले । त्यस ठाउँको आर्थिक अवस्था बलियो हुदा नेपाल, श्रीलङका, भारतका श्रमिकको माग बढेको छ । भारत बाहेक विदेश जाने नेपालीहरू ५ लाख भन्दा बढी छन् त्यस्तै गैरकानुनी रूपमा जाने पनि त्यत्तिकै मात्रामा छन् । उनीहरूले विदेशमा सिकेको प्रविधी, सिपहरूलाई नेपाल ल्याएको देखिन्छ जसको उदाहरण चिया खेतीलाई लिन सकिन्छ (Aryal, 2006) ।

यसै सर्न्दभमा नेपाल सरकारले दुवई, कतार, साउदी अरब, मलेसिया, इजिप्ट, फ्रान्स लगाएत विश्वका १०८ राष्ट्रहरूमा वैदेशिक रोजगार संचालन गर्न इजाजत प्राप्त संस्था (६१३ मेनपावर) लाई सेवा संचालन गर्न इजाजत दिएपनि हाल इराकलाई रोक्का गरेकोले वर्तमानमा जम्मा १०७ राष्ट्रहरूमा वैदेशिक रोजगारीका खुल्ला गरिएको छ । यसैगरी नेपाल सरकारले केही मात्रामा भएपनि बंगलादेश चीन, जर्मन, मलेसिया,अमेरिका लगाएत मुलुकहरूमा नेपाली दुतावासहरू संचालन गरेको छ (वैदेशिक रोजगार प्रवर्दन वोर्ड, २०६८) ।

वैदेशिक रोजगार रिपोर्ट २०६८ अनुसार विश्वभर २० करोड ५० लाख भन्दा बढी नागरिकहरू आफ्नो जन्मथलो छोडि रोजगारको लागि अन्य मुलुकमा गएको देखिन्छ । नेपालको सन्दर्भमा वैदेशिक रोजगार विभागको तथ्याङ्कलाई हेर्ने हो भने आ. व. २०६८।६९ मा २१९३६५ जना र २०६६।६७ मा २४९०५१ जना र २०६४।६५ मा १६५२५२ जना नेपाली कामदारहरू रोजगारीका लागि विदेशिएको देखिन्छ यस अघि २०६१।६२ मा १३९७१८ नेपाली कामदार विदेशिएका थिए भने २०६०।६१ मा १०६६६०जना नेपाली कामदारहरू विदेशिएको देखिन्छ । यस तथ्याङ्कले के प्रष्ट पार्छ भने नेपालीहरू वैदेशिक रोजगारीमा जाने क्रम प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ ।

वि.स.२०५२ मा मा माओवादी द्वन्दका कारणनेपाली युवायुवतीहरूविदेशिने क्रम ह्वातै बढेको देखिन्छ । तर २०६२ सालमा माओवादी शान्ती प्रक्रियामा आएपछि मुलुकमा लोकतन्त्र स्थापना भएपनि नेपालीहरू विदेश जाने क्रम रोकिएन । यस तथ्याङ्कलाई हेर्ने हो भने द्वन्दको मारमा पर्नु भन्दा स्वदेशमा रोजगारीको अभावले नेपालीहरू विदेशिएको स्पष्ट हुन्छ । यसका साथै व्याप्त अशिक्षा, न्यून तलव, निरन्तर द्वन्द र रोजगार कम्पनीको अभावमा नेपालीहरू विदेशिने गरेको कुरा यस तथ्याङ्कले देखाउछ । देशमा पटक पटक

सरकार परिवर्तन भएपछि रोजगारीको सिर्जनाको लागि कुनैपनि सरकारले नयाँ योजना ल्याउन नसक्नु र नेपाली मुद्राको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपाली युवाहरूवैदेशिक रोजगारीका लागि बढी आकर्षित हुने गरेको देखिन्छ( के.सी. २०६६ ) ।

विश्वव्यापीकरण र पूँजीवादको कारणले गर्दा एक ठाउँका मानिसहरू सजिलैसँग अर्को ठाउँमा पुग्नसक्ने यान्त्रीक उपकरणहरूको विकास भएका छन् , साथसाथै एक ठाउँमा बसेर हामीले विश्वमा के - कस्ता घटनाहरू घटिरहेका छन् भनी हेर्न सक्ने प्रविधीको विकास भएको छ, जसको कारणले गर्दा विश्वअर्थतन्त्र, विश्वपूँजीवाद र विश्वव्यवस्थाको सिद्धान्तको कारणले गर्दा धनी राष्ट्रहरूले (केन्द्र क्षेत्रका राष्ट्रहरू )गरिब राष्ट्रहरूलाई ( पृष्टक्षेत्रका राष्ट्रहरू)कुनै न कुनै रूपमा शोषण गरिरहेका हुन्छन् जसले गर्दा उक्त क्षेत्रमा परनिर्भरताको सिद्धान्तको जन्म हुन पुग्छ । जहा धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई एक अवसर प्रदन गरी विज्ञापन गर्छन् । नेपाल जस्तो तेस्रो मुलुक जहाँ रोजगारीको संभावना न्यून मात्रामा रहेको छ जसले गर्दा युवा श्रमिकहरू यँहा बेरोजगार बस्नुभन्दा बाहिर गएर श्रम गरी पैसा कमाउन चाहान्छन् जसले गर्दा वर्तमान समयमा युवा श्रमिक बसाइसराइको चाप बढ्दो मात्रमा देखिन्छ।

नेपालमा अवसर नभएर मात्र श्रमिकहरू स्थानान्तरण भएका भने होइनन् मानिसहरू एक ठाउँबाट अर्को पुग्ने प्रविधीहरूको विकास भएको कारणले गर्दा र आफ्नो क्षेत्रमा दक्षता र सीप अनुसारको काम नपाउदा र त्यही अनुसारको उद्योग कलकारखानाहरू नहुदा श्रमको स्थानान्तरण भएको देखिन्छ । साथसाथै श्रमको स्थानान्तरण हुदा गरिबीको कारण मात्र नभई अन्य कारणहरू मार्फत भएको पाइन्छ । जस्तैः विश्वव्यापीकरणको सिद्धान्त, विश्वव्यवस्था सिद्धान्त, पूँजीवाद विश्वअर्थतन्त्रजस्ता तत्वहरूले श्रमको स्थानान्तरण गर्न मद्दत पुऱ्याइरहेका हुन्छन् ।

नेपालीहरू किन र कसरी विदेश जान्छन् , उनीहरूलाई बाहिर जान कसले प्रेरित गरेको छ भन्ने विषयसँग सम्बन्धीत लेख Migration of Nepali youth for foreign employment problem and prospectमा लेखक भट्टराई,(२००५) विश्वव्यापीकरणलाई नेपाली युवाहरूको स्थानान्तरण र वैदेशिक रोजगारसँग जोडेर विश्लेशण गरेका छन् । उनको अनुसार नेपाली युवाहरू दुई तरिकाले वैदेशिक रोजगारीमा स्थानान्तरण हुने गर्दछन् ।

१.	Pull(आकर्षण, तानिने )

२.	Push(विकर्षण, धकेल्ने )

भट्टराईको भनाइ अनुसार अल्पविकसित देशका मानिसहरूलाई विकसित देशका शहर, औद्योगिक क्षेत्र, रोजगारीका अवसरहरू जस्ता तत्वहरूले आकर्षित गर्दछ । उनको भनाइ अनुसार नेपाली युवाहरू विदेशिनुको कारण निम्न रहेका छन् । नेपालमा विकासको गति सुस्त हुनु, अव्यवहारिक शिक्षाको कारणले गर्दा काम नपाइनु, आफ्नो देशमा उद्योगधन्दाहरू नहुनु, व्यापारव्यवसाय गर्न सबैसँग पूँजी नहुनु जस्ता तत्वहरू रहेका छन् । हामीले लिएको प्रमाणपत्रले हामीलाई आफ्नो खुट्टामा उभिन सिकाउदैन । त्यसैले विदेशमा काम र दाम दुवै अवसर भएको कारणले गर्दा मानिसहरू विदेशतिर तानिने गर्दछन् । त्यस्तै आफ्नो देशमा काम गर्नको लागि नातावाद, कृपावाद र राजनितीको शरण पर्नुपर्ने हुदा,विकसित देशमा कामप्रति सम्मान, प्राप्त ज्यालाबाट आफ्नो आवश्यकता परिपूर्ती गर्न सकिने, त्यस्तै आधुनिक प्रविधीहरूका समाग्रीहरू प्रयोग गर्न पाइने भएको कारणले गर्दा पनि युवाहरू विदेशतिर आकर्षित हुने गर्छन् ।

त्यस्तै उनको भनाई अनुसार युवाहरूलाई विदेशतर्फ घकल्ने तत्व भनेको उच्च जनसंख्याको चाप, खाद्यान्नको अभाव, विकासका भौतिक पूर्वाधारहरूको अभाव, रोजगार र अवसरको अभाव, गरिबी र समयसँगै विकास हुदै गरेका यान्त्रिक उपकरणहरूको विकासका कारण युवाहरू विदेशतिर धकेलिरहेका छन् । नेपाली युवाहरू आफ्नो बेरोजगारीसमस्या समाधान गर्न र आर्थिक पक्ष केही सुदृढ बनाउने हिसाबले युवाहरू वैदेशिक रोजगारमा संलग्न भएका छन् ।

## २.२ वैदेशिक रोजगारका असरहरू

नेपाली समाजमा  रेमिट्यान्सको प्रयोग विभिन्न क्षेत्रमा भएको देखिन्छ, ७९ % दैनिक जिवन चलाउन ७% ऋण तिर्न, ४% शिक्षा, २% उत्पादन मुलक कार्यमा प्रयोग भएको देखिन्छ( केन्द्रीय तथ्याङ्क विभाग, २०६८ ) ।

वैदेशिक श्रमिक बसाइसरइले नकारात्मक प्रभाव परेको पाइन्छ । महिला बेचविखन, राष्ट्रिय श्रम अभाव, भारतीय बसाइ आउने जसलाई रोक्न सरकारी निती निर्माणमा यसलाई मुख्य मुद्दाको रूपमा लिनुपर्दछ । नेपलको कुल जनसंख्याको ८५%जनसंख्या ग्रमीण क्षेत्रमा कृषिमा निर्भर रहेका छन् । विभिन्न अध्ययन अनुसार नेपाली युवाशक्ती गाउँमा छैनन् त्यसको

कारण मानिस गतिशिल प्राणी हो । विश्वका विभिन्न ठाउँका मानिस आफ्नो जन्मथलो छोडेर रोजगारीका लागि विश्वका विभिन्न ठाउँमा गएर बसेका छन् । त्यस्तै नेपाली समाजमा त्यसको प्रभाव परेको देखिन्छ । जुन गरिबी, सिमीत स्रोतसाधनको पहुँचरोजगारीका अवसर कृषि उत्पादन तथा द्वन्दका कारण राष्ट्रियश्रम अन्तराष्ट्रिय स्तरमा बाहिरिएको छ(Pandey,2012)।

राष्ट्रबैङ्कले गरेको पछिल्लो घरपरिवारको सर्वेक्षणको प्रतिवेदन अनुसार कुल रेमिट्यान्स मध्ये २५% पूरानो ऋण तिर्न, ४९% घरजग्गा किन्न, ११% बैङ्क बचत, ९% शिक्षा,स्वास्थ्यमा र ३% सामाजिक कार्यमा गरिदै आएको छ । राष्ट्र बैङ्कको अर्को एक अध्ययनले कुल रेमिट्यान्स रकमको ७५.५% घर निर्माण र जग्गामा १३% ऋण र घरायसी सुविधामा, ८.९% बैङ्क तथा व्यापारमा प्रयोग गरिएको देखिन्छ(दवाडी, २०७०) ।

## २.३ वैदेशिक रोजगारले महिलाको भूमिकामा पारेको प्रभाव

वैदेशिक रोजगारले देशभित्र रेमिट्यान्स त भित्राएको छ र देशको अर्थतन्त्रमा सहयोग पुऱ्याएको छ साथै यसले समाजमा विभिन्न प्रभाव पारेको छ ।

K.C. (2011) ले ललितपूर स्थित ग्वालदह समुदायमा गरेको अध्ययन अनुसार जब एक घरपरिवारको पुरुष सदस्यको अनुस्थित हुन्छ, त्यस समयमा उक्त सदस्यको सम्पूर्ण जिम्मेवारी महिलामा स्थानान्तरण हुन्छ । पुरुषको अनुपस्थितीमा कामको चाप बढिमात्रमा उसको श्रीमतीमा परेको हुन्छ । परिवार पाल्ने र धन कमाउने जिम्मा पुरुषहरूको हुनेहुदा जसरी भएपनि धन कमाउने उद्देश्यले युवाहरू विदेशिएका छन् र घरमा श्रीमानको अनुपस्थितीमा घरको सम्पूर्ण जिम्मेवारी, सामाजिक साँस्कृतिक कार्य महिलाले बेहोर्रनु पर्ने हुदा लैङ्गिक भूमिकामा परिवर्तन आएको देखाएको छ । पुरुषहरूको अनुस्थितीमा घरायसी निर्णयनिर्माणमा महिलाहरूको सहभागिता बढेको पाइन्छ । जसमा महिलाहरूमा सशक्तिकरण भएको देखिन्छ । श्रीमानको अनुपस्थितीमाश्रीमतीहरूनै घरमूली भई घर चलाईरहेका छन् त्यस्तै सामाजिक साँस्कृतिक कार्यमा उनीहरू नै संलग्न हुने गरेको बताएका छन् । उनले बसाइसराइलाई सामाजिक घटनासँग जाडेर हेरेका छन् र परिवारको कुनै सदस्य विदेशिदा उनीहरूको जिवनपद्वतीमा परिवर्तन आएको देखाएका छन् । उनीहरूले पठाएको रेमिट्यान्सले राष्ट्रिय अर्थतन्त्र र पारिवारिक अर्थतन्त्रमा प्रभाव पारेको छ । रेमिट्यान्सबाट प्राप्त रकम उनीहरूले दैनिक उपभोग्य सामाग्रीहरू किन्नमा,बच्चाहरूको शिक्षामा, चाडपर्व

तथा धार्मिक कार्यमा, जग्गा खरिदमा, घर निर्माण तथा पुन निर्माणमा, ऋणतिर्न र कृषि कार्यमा खर्च गरेका देखाएका छन् ।

K.C. (2011) ले अनुसन्धानको क्रममा ग्वालदह युवाहरू सामाजिक इज्जत प्राप्तीको लागि समाज र परिवारबाट नै विदेश जान प्रोत्साहित हुने देखाएका छन् । विश्वव्यापिकरणको प्रभावमा रहेको खुल्ला बजार र अर्थनितीका कारण उक्त समुदाय प्रभावित भएको र जसको कारण युवाहरू विदेशिन बाध्य भएको कुरा देखाएको छ । यसरी उनले युवाहरू वैदेशिक रोजगारमा संलग्न हुदा महिलाहरूको सामाजिक भूमिकामा परिवर्तन आएको देखाएका छन् । पुरुषहरू वैदेशिक रोजगारमा जादा घरपरिवारको सम्पूर्ण जिम्मेवारी महिलाहरूको काधमा रहन गयो जसले गर्दा महिलाहरू स्वतन्त्रतापूर्वक विभिन्न कार्यमा संलग्न हुदा आम्दानीका कार्य गर्नुका साथै घरमा पुरुषको अनुपस्थितीमा घरायसी निर्णय गर्ने अधिकारमा उनीहरूको पहुँच बढ्न थाल्यो । यसले गर्दा केही मात्रामा भएपनि महिलाहरूमा सशक्तिकरण भएको देखाएका छन् ।

Paneru,(2006)ले कास्की जिल्लाको लेखनाथ नगरपालिकामा गरेको अध्ययन अनुसार कुनैपनि घरपरिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा जादा उक्त घरको सम्पूर्ण कामकाज, कारोबारको जिम्मेवारी घरको अन्य सदस्यहरूमा स्थानान्तरण हुन्छ, जसमा विशेषगरी श्रीमतीमा हुन्छ । घरपरिवारको पुरुष सदस्यको अनुपस्थितीमा घरभित्रको र घरबाहिरको सम्पूर्ण कामकाज तथा कारोबारको जिम्मेवारी उसको श्रीमतीमा पर्न जान्छ, जसले गर्दा उक्त घरपरिवारमा महिला नै घरमूली भई आफ्नो घर घरव्यवहार सम्हालेर बस्छिन् । यसरी महिलाले घरव्यवहार गर्दा घरायसी कामकाज तथा आर्थिक कारोबारको निर्णय, खेतीपाती लगाउने भित्राउने बेचबिखन गर्ने, बच्चाहरूलाई विद्यालय पढाउने सम्मको निर्णय महिला एक्लैले गर्ने गरेको देखियो, जहाँ वैदेशिक रोजगारले महिलाहरूको निर्णय क्षमता बढेको बताएका छन् । उनले वैदेशिक रोजगारले उक्त घरपरिवारमा सकारात्मक प्रभाब परेको बताए, साथै वैदेशिक रोजगारले महिलाको घरपरिवारमा, समाजमा हैसिएत बढेको बताए । प्राप्त रेमिट्यान्स सो क्षेत्रका महिलाहरूले विभिन्न सिप तथा तालिम सिकेर सिकेको सिप अनुसारको काम गरी आर्थिक उपार्जन गरी अफैमा आत्मनिर्भर भएको र घरायसी कारोबारआफ्नै कमाइले गरी बसेको देखाएका छन् ।

# अध्याय-तीन

# अनुसन्धान पद्धती

यस सोधपत्रलाई विश्वसनिय, तथ्यपूर्ण तथा अध्ययन विधीमा गुणस्तरियताको लागि विभिन्न विधीहरूको प्रयोग गरिएको छ। अध्ययन विधीहरूमाअनुसन्धान विधी, तथ्याङ्क स्रोत, अध्ययन क्षेत्र छनौट, तथ्याङ्क संकलन विधी, नमुना छनौट विधी, तथ्यको प्रकृति, तथ्याङ्कको विश्लेषण आदी उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

यो अध्ययन नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा न. ८ मा गरिएको छ जहा धेरै मानिसहरू वैदेशिक रोजगारीको सिलसिलामा विदेश पलाएन भएका छन् । यो स्थान नुवाकोट जिल्लाको उत्तरी भागमा पर्दछ । यस क्षेत्रका मानिसहरूको आम्दानीको मुख्य स्रोत कृषिको साथै रेमिट्यान्स रकम रहेको छ । भौगोलिक सुगमता भएपनि यस क्षेत्रमाखासै विकास निर्माणका कार्यहरू भएका देखिदैन जहा आम्दानीको मुख्य स्रोत कृषिबाहेक अन्य नरहेको हुदा, कृषिबाट मात्र जिवीकोपार्जन गर्न समस्या हुने भएकोले उक्त क्षेत्रका युवा जनशक्तिहरू विदेशिन बाध्य भएको देखिन्छ । वैदेशिक रोजगारले घरायसी निर्णयमा महिलाहरूको पहुँच बढेको र केही महिलाहरूको पेशामा परिवर्तन आएको देखिएको हुदा साथै रेमिट्यान्स भित्रिएपछि घर परिवारमा सामाजिक, आर्थिक, पारिवारिक परिवर्तनहरू देखा परेका छन् भन्ने देखाउन यही नै क्षेत्र छनौट गरिएको हो ।

## ३.२ तथ्याङ्कको प्रकार र स्रोत

यस अध्ययनको क्रममा प्राथमिक र द्धितियस्रोतहरू अबलम्बन गरिएको छ ।

### ३.२.१. प्रथमिक तथ्याङ्क

यस अध्ययनमा प्राथमिक तथ्याङ्कलाई मुख्य रूपमा प्रयोग गरिएको छ । यद्यपि द्धितिय तथ्याङ्कको प्रयोग अध्ययनको पाठ्यक्रम अनुससार प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन कार्यक्षेत्र अध्ययन, अन्तर्गत नमूना छनौट, अवलोकन, अन्तरवार्ता, सामुहिक छलफल, वैयक्तिक अध्ययन विधीबाट उत्तरदाताहरुलाई प्रश्न सोधी उनीहरुले दिएको

जवाफको आधारमा विस्तृत रूपमा तथ्याङ्कसंकलन गरिएको छ । कार्यक्षेत्रबाट आफ्नो अध्ययनलाई चाहिने सम्पूर्ण सूचना संकलन गरिएको छ ।

## ३.३ समग्र र नमूना छनौट

यस अध्ययनमा यस वडाको समग्र घरधुरी ६४८ घरधुरीमध्येबाट ६० घरधुरीका महिलाहरूलाई उद्देश्यमूलक नमूना छनौट विधीबाटछानी अध्ययनमा समावेश गरिएको छ । उद्देश्यमूलक नमूना छनौटको माध्यमबाट निश्चित उद्देश्य प्राप्त गर्नुको साथै सबैलाई प्रतिनिधीत्व हुने गरी प्रतिनिधीमूलक नमूना छनौट गरी ६० घरपरिवारलाई छानिएको छ । यस अध्ययनमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारमा महिलाको स्थितीर वैदेशिक रोजगारले पारिवारको सामाजिक, आर्थिक, पारिवारिक सम्बन्धमा पारेको प्रभाव के - कस्तो रहेको छ त भनी बुझ्नको लागि ६० जना महिलाउत्तरदाताहरूलाई उद्देश्यमूलक नमूना छनौट विधीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ

## ३.४ तथ्याङ्क संकलन विधी

### ३.४.१ कार्यक्षेत्र अध्ययन

यस अध्ययनमा प्राथमिक तथ्याङ्कलाई मुख्य रुपमा प्रयोग गरिएको छ । कार्यक्षेत्र अध्ययन विधीमा वैदेशिक रोजगारले उक्त ठाउँको महिलाहरुको स्थितीमा के -कस्तो असर परेको छ, साथै यसले समाजमा/उक्त महिलाहरुको घरपरिवारको सामाजिक, आर्थिक, पारिवारिक संरचनामा के -कस्तो परिवर्तन ल्याएको छ भनी बुझ्नको लागि उक्त क्षेत्रमा एक महिना बसेर आफूले तयार पारेको संरचित प्रश्नावलीसम्बन्धीत महिलाहरुलाई सोधी उनीहरुले दिएको जवाफको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन

तथ्याङ्क संकलन पूर्ण होस भन्ने हेतुले यस अध्ययनमा सहभागी अवलोकन विधी अपनाइएको छ । जसमा उक्त समुदायका महिलाहरुको क्रियाकलाप, घरपरिवारमा निर्णायक भूमिकामा उनहिरुको हैसिएत के - कस्तो रहेको छ, साथै वैदेशिक रोजगारले उनीहरुको उनीहरुको निर्णाय प्रक्रिया र परिवारमा सामाजिक, आर्थिक, पारिवारिक स्थितीमा के -

कस्तो परिवर्तन ल्याएको छ भनी बुझ्नको लागि प्रत्यक्ष आफू उक्त क्षेत्रमा सहभागी भएर उनीहरुको दैनिक क्रियाकलाप अवलोकन गरिएको छ ।

### ३.४.३ अन्तरवार्ता

यस विधीबाट तथ्याङ्क संकलन गर्दा सर्वप्रथम संरचित प्रश्नावलीहरूको सूची बनाई नमूना छनौटमा छानिएका महिलाहरुलाई आफू र उत्तरदाता आमनेसामने बसी मौखिक रुपबाट प्रश्न सोधी उनीहरुले दिएको जवाफको आधारमा तथ्याङ्क संकलन गरिएको छ । अन्तवार्ता लिने क्रममा उत्तरदाताहरुलाई सम्बन्धीत विषयमा आफ्ना विचार रख्न पनि दिएको थियो । जसमा उत्तरदाताको व्यक्तिगत विवरण, पारिवारिक स्थिती, सामाजिक स्थिती र विशेषगरी घरपरिवारमा महिलाको स्थितीको बारेमा बुझ्ने प्रयास गरिएको छ ।

### ३.४.४ सामुहिक छलफल

अध्ययनको उद्देश्य प्राप्तिको लागी साथै गुणात्मक सूचना संकलन गर्नको लागि सामुहिक छलफल विधी प्रयोग गरिएको छ । यस विधीबाट सूचना संकलन गर्दा सम्बन्धीत महिलाहरुलाई  समुहमा भेला गराई उनीहरुको पुरुष सदस्यहरु वैदेशिक रोजगारमा जानुको कारण, पुरुषको अनुपस्थितीमा उनीहरुमाथि कामको जिम्मेवारीघटबढको अवस्था के - कस्तो रहेको छ, उनीहरुको बच्चाहरुलाई के - कस्तो असर परेको छ साथै वैदेशिक रोजगारले उनीहरुको इज्जत प्रतिष्ठामा कत्तिको परिवर्तन ल्याएको छ भन्ने विषयमा सामुहिक छलफल गरी सबै उत्तरदाताहरुको धारणाको आधारमा आफ्नो अध्ययनलाई आवश्यक सूचना संकलन गरिएको छ ।

### ३.४.५ वैयक्तिक अध्ययन

यस अध्ययनमा केही उत्तरुदाताहरूको व्यक्तिगत अध्ययन गरिएको छ जसमा वैदेशिक रोजगारले उनीहरूको समग्र पक्षमा ल्याएको परिवर्तन बारेमा बुझ्ने प्रयास गरिएको छ । त्यसमा पनि विशेष गरीघरायसी निर्णयमा महिलाहरूको स्थिती र उनीहरूको पेशामा आएको परिवर्तनको बारेमा विस्तृत रूपमा बुझ्ने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्कसंकलन र विश्लेषण विभिन्न विधीद्धारा गरिने भएपनि यस अध्ययनमा वर्णात्मक विधी अपनाइएको छ । प्राप्त तथ्याङ्कलाई सम्पादन गरी, तालिकिकरण गरी मात्रात्मक र गुणात्मक दुवै विधीद्वारा प्रस्तुत गरिएको छ । गुणात्मक विधीमा वर्णात्मक विधीका साथै, मात्रात्मक विधीमा प्रतिशत, अनुपातमा हिसबकिताब गरिएको छ । यस अध्ययनको शुरुदेखी अन्तीम सम्मका प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषणका माध्यमद्धारा प्रस्तुत गरिएको छ ।

# अध्याय-चार

# अध्ययन क्षेत्रको अवस्थिती र उत्तरदाताको पारिवारिक पृष्टभूमि

## ४.१ विदुर नगरपालिकाको संक्षिप्त परिचय

### ४.१.१ भौगोलिक अवस्थिती तथा परिचय

विदुर, नुवाकोट जिल्लाको सदरमुकाम हो। यो नगरपालिका काठमाण्डौबाट उत्तरपश्चिम ६९ कि.मी.को दुरीमा अवस्थित रहेको छ ।विदुरको कुल क्षेत्रफल ३३.४८ वर्ग किलोमिटर रहेको छ। यो नगरपालिका समुद्री सतहबाट न्यूनतम ४५७ मिटर देखि अधिकतम ५१४४ मिटरको उचाईमा अवस्थित रहेको छ । सन् २०११ को जनगणना अनुसार विदुरको कुल जनसंख्या २६७५० रहेको छ, जसमा पुरुष १२७१२ र महिला १४०३८ रहेको पाइयो । (केन्द्रीय तथ्याङ्क विभाग सन् २०११ को जनगणना)यस नगरपालिकामा ११ वटा वडाहरू रहेका छन् । यो नगरपालिका समथर भागमा रहेको छ । यो नगरपालिका पूर्वमा तादी र पश्चिममा त्रिशुली र सामरी नदीको बिचमा अवस्थित रहेको छ । यहाको माटो रातो, कालो तथा बालुवा मिसिएको फुस्रो रहेको छ । साथै पत्रे ढुङ्गा, खोलाको ढुङ्गा र बालुवा खानी रहेको छ ।

हावापानी र जलवायुको आधारमा हेर्दा यो नगरपालिका समशितोष्ण रहेको छ। यहाको अधिकतम तापक्रम ३५ डिग्री सेलसियस र न्यूनतम तापक्रम ३ डिग्री सेलसियस सम्म हुने गर्दछ ।

### ४.१.२ जनसंख्या बनोट

यस नगरपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेको पाइन्छ, जस अर्न्तगत विभिन्नजात/जाति, पेशा, भाषा, धर्म मान्ने मानिसहरू बसेका छन् ।

**जात/जाति**

यस नगरपालिकामा धेरैजसो क्षेत्री (३३%), बाहुन (३०%), र नेवार (२२%) जातको बसोबास रहेको पाइन्छ, भने अन्य विभिन्न जाता/जाति, जनजाती (९%) जस्तैमगर, घर्ती, मुसलमान, कुमाल,तामाङ, गुरुङ्ग, र दलित (६%) दमाई, कामी, सार्की, इत्यादी जातजातिका मानिसहरू

यस नगरपालिकामा बसोबास गर्छन् । यस नगरपालिकामा बाहुन क्षेत्रीको तुलनामा अन्य जात/जातिका मानिसहरूको बसोबास कमै मात्रमा रहेको छ ।

**पेशागत स्थिती अनुसार जनसंख्या बनोट**

यस नगरपालिकाको मानिसहरूको धेरैजसोको मुख्य पेशाको रूपमा कृषि, व्यापार र नोकरी रहेको छ । केहीको अन्य विभिन्न पेशा जस्तै वैदेशिक रोजगार, ज्याला मजदुरी, कुल्ली, ड्राइभर, ठेकेदार इत्यादी रहेको छ ।

**शैक्षिक स्थिती अनुसार जनसंख्या बनोट**

यस नगरपालिकाको कुल मानिसहरू मध्ये ७५ प्रतिशत साक्षर र बाँकी २५ प्रतिशत निरक्षर रहेको छन् । निरक्षर मासिहरू धेरैजसो प्रौढ, वृद्धवृद्धा रहेका छन् ।

### ४.१.३ विकासको पूर्वाधारको स्थिती

**जलविधुत हाइड्रोपावर**

यस नगरपालिकामा माथिल्लो र तल्लो गरी दुईवटा त्रिशुली जलविधुत हाइड्रोपावर संचालित रहेको छ, जसले गर्दा यस नगरपालिकाको सबै मानिसहरूले विधुत सेवा उपभोग गरिरहेका छन् ।

**स्वास्थ्य संस्था**

यस नगरपालिकामा एउटा जिल्ला अस्पताल रहेको छ । साथै अरु निजी क्षेत्रका मेडिकलहरू पनि निकै नै रहेको छ । यि संस्थाहरूले मानिसहरूलाई सेवा सुविधा पुऱ्याएको छ ।

## ४.२ उत्तरदाताको पारिवारिक पृष्टभुमि

### ४.२.१ जात/जाति

जात व्यवस्था मुख्य गरेर हिन्दु वर्णाश्रमभित्र धर्मलाई अङ्गिकार गर्ने स्थानहरूमा पाइन्छ । जात व्यवस्थाले मानिसहरूलाई विभिन्न तरिकाले वर्गिकरण गर्छ। हिन्दु धार्मिक मान्यता अनुसार चारवटा वर्णहरू छन् जसले मानिसलाई फरक-फरक खालको हैसिएत तथा पेशा निर्धारण गर्छ । मानिसको जात अनुसार उसको हैसिएत तथा पेशा निर्धारण हुन्छ । जातले

पनि व्यक्तिको पेशा तथा हैसिएतलाई प्रभाव पारेको हुन्छ । हरेक समाजमा विभिन्न जात/जातिको मानिसहरूको बसोबास रहेको हुन्छ । पहिले जातको आधारमा नै काम वा पेशाको वर्गिकरण गरिएको हुन्थ्यो तर अहिले आएर वैदेशिक रोजगारमा सबै जातको संलग्नता रहेको देखिन्छ जसले गर्दा जातको आधारमा गरिने कामको बाडफाँड क्रमश कम हुदै गएको देखिन्छ । तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताको जात/जातिगत अवस्थालाई पनि एउटा महत्वपूर्ण पक्षको रूपमा लिइएको छ । उत्तरदाताको जात/जाती अनुसारको विवरण तालिका ४.१ मा दिइएको छ ।

**तालिका ४.१ : जात/जाति अनुसार उत्तरदाताको संख्या**

| जात/जाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राहम्मण | १६ | २६.६७ |
| क्षेत्री | १८ | ३०.०० |
| सन्यासी | १ | १.६७ |
| मगर | ९ | १५.०० |
| नेवार | ३ | ५.०० |
| गुरुङ्ग | ६ | १०.०० |
| तामाङ | २ | ३.३३ |
| कामी | २ | ३.३३ |
| सार्की | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये, बहुसंख्यक (५८.३३ %) उच्च जातका (ब्राह्मण, क्षेत्री, सन्यसी), एक तिहाई (३३.३३%) जन/जाती (मगर, नेवर, गुरुङ्ग र तामाङ) र बाँकी ( ८.३३) दलित (कामी र सार्की) रहेको पाइयो। यस ठाँउमा हाल वैदेशिक रोजगारमा यि नौ जात/जातीको संलग्नता रहेपनि ब्राह्म्मण, क्षेत्री जस्ता उच्च जातका मानिसहरू वैदेशिक रोजगारमा बढि संलग्न रहेको तर दलितहरूको पहुँच, कमै रहेको पाइयो ।

### ४.२.२ धर्म

पहिले आफ्नो धर्मको आधारमा पनि मानिसहरूको कामको वर्गिकरण गरिएको हुन्थ्यो तर अहिले वैदेशिक रोजगारमा प्राय सबैजसो धर्म मान्ने मानिसहरू गएको देखिन्छ । तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको धर्मको अवस्थालाई पनि एउटा महत्वपूर्ण पक्षको रूपमा लिएको थियो । उत्तरदाताको धर्म अनुसारको विवरण तालिका ४.२ मा दिएको छ ।

**तालिका ४.२ : धर्म अनुसार उत्तरदाताको संख्या**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५२ | ८६.६७ |
| बौद्ध | ८ | १३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांश (८६.६७%) ले हिन्दु धर्म मान्ने गरेको बताए भने बाँकी (१३.३३%) ले बौद्ध धर्म मान्ने बताए । हिन्दु धर्म बाहुन, क्षेत्री, नेवार, मगर जस्ता जातका मानिसले मान्ने पाइयो भने बौद्ध धर्म गुरुङ्ग, तामाङ जस्ता जातले मान्ने गरेको पाइयो । यस क्षेत्रमा अधिकांश बाहुन, क्षेत्रीको बसोबास रहेको हुदा हिन्दु धर्म मान्नेको संख्या अधिक रहेको पाइयो ।

### ४.२.३ परिवारको संरचना

परिवारको संरचनाले परिवारको बनौटलाई बुझउछ । परिवारको संरचनाले पनि मानिसहरूलाई वैदेशिक रोजगारमा जान बाध्य पारेको हुन्छ । ठुला परिवार भएका मानिसहरू जसको घरपरिवारमा आम्दानी गर्ने अर्को व्यक्ति नहुने साथै आम्दानीका अन्य स्रोत नहुदा मानिसहरू वैदेशिक रोजगारमा जान बाध्य हुन्छन् । प्रस्तुत अध्ययनमा परिवारको संरचना अन्तर्गत घरमूली, परिवारको आकार र परिवारको किसिमलाई समेटिएको छ । घरमूली भन्नाले घरको मुख्य सदस्य भन्ने बुझिन्छ, जसको निर्देशनमा उक्त घर संचालित भएको हुन्छ । प्रायजसो घरमा धेरैजसो घरायसी निर्णय घरमूलीले नै गर्ने गर्छन् ।

घरमूली, परिवारको आकार र परिवारको किसिमका आधारमा उत्तरदाताको विवरण तालिका ४.३, तालिका ४.४ र तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : घरमूली अनुसार उत्तरदाताको संख्या**

| घरमूली | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | २४ | ४०.०० |
| सासू | ३ | ५.०० |
| श्रीमान् | १६ | २६.६७ |
| ससुरा | १७ | २८.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कूल ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारमा (५५%) पुरुष घरमूली र बाँकी परिवारमा ( ४५%) महिला घरमूली पइयो ।पुरुष घरमूली भएको परिवारमा उत्तरदाता महिलाको श्रीमान् वा ससुरा घरमूली भएको बताइयो भने महिला घरमूली भएको परिवार मध्ये धेरैजसोमा उत्तरदाता महिला स्वयम र केहीमा उनीहरूको सासु घरमूली भएको पाइयो । यस तालिकाबाट के प्रष्ट हुन्छ भने नेपाली समाजमा घरायसी रेखदेखमा महिला सहभागिताको स्थिती कमजोर रहेको यथार्थ यस अध्ययनमा समेटिएका घर परिवारमा पनि देखिन्छ । आफै घरमूली बताउने अधिकांश महिला उत्तरदाताले आफ्नो श्रीमान् वैदेशिक रोजगारमा गएपछि घरायसी रेखदेखमा आफ्नो पहुँच बढेको बताए भने केही उत्तरदाताले पहिलेदेखि नै आफै घरमूली रहेको बताए जसमा केही एकल महिला रहेको पाइयो ।

**तालिका ४.४ : परिवारको आकार अनुसार उत्तरदाताको संख्या**

| परिवारको आकार | संख्या | प्रतिशत |
|---|---|---|
| १-४ | १० | १६.६७ |
| ५-८ | ४४ | ७३.३३ |
| ९-१२ | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० जना उत्तरदाताहरू मध्ये अधिकांश उत्तरदाताहरू (७३.३३%) मझौला आकारको (५-८ जना) परिवारमा रहेको पाइछ भने, जम्मा (१६.६७%) सानो (१-४ जना) र बाँकी (१०%) ठूलो (९ -१० जना) परिवारमा रहेको पाइयो ।केही उत्तरदाताले सानो परिवारमा बस्दा कामकाज गर्न कठिनाई हुनुको साथै बच्चाहरूको रेखदेख गर्न समस्या हुने कारणले गर्दा आफूहरू सासु ससुराहरूसँगै बसेको बताए । साथै सबै परिवार मिलेर बस्दा कामकाज गर्न पनि सजिलो हुने र आफू एक्लै मात्र कामको बोझ नपर्ने र सपरिवार बस्दा चाडबाड मनाउन पनि रमाइलो हुने बताए भने केही आफू मात्र भएकोले छोड्ने मान्छे नहुदा सपरिवारमा बसेको बताए । यस विश्लेषणबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारलेघरायसी रेखदेखमा महिला सहभागिता बढेको पाइयो ।

**तालिका ४.५ : परिवारको किसिम अनुसार उत्तरदाताको संख्या**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | २२ | ३६.६७ |
| संयुक्त | ३८ | ६३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

नमूना छनौटमा परेका ६० घरपरिवार मध्येमा करिब दुइ तिहाई (६३.३३%) संयुक्त परिवार रहेको पाइयो भने बाँकी एक तिहाई (३६.६७%) एकल परिवार रहेको पाइयो । त्यसमा पनि श्रीमान् वैदेशिक रोजगारमा गएपछि धेरैले संयुक्त परिवार छोडी एकल परिवारमा बसेको बताए ।

### ४.२.४ साक्षरता/शैक्षिक स्तर

समाज निर्माणको क्रममा शिक्षित जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको अधारमा मानिसको हैसिएत निर्धारण हुन्छ । शिक्षाले मानिसलाई स्वाबलम्बी, विवेकशिल र रोजगार प्राप्त गर्न सक्ने क्षमता प्रदान गर्छ । शिक्षित मानिसको पहुँच हरेक क्षेत्रमा रहेको हुन्छ । शिक्षाले मानिसलाई आफ्नो घरायसी काम देखि सामाजिक क्षेत्रका काममा समेत सही निर्णय लिन सक्ने क्षमता प्रदान गर्दछ । प्रस्तुत अध्ययनमा उत्तरदाताको शैक्षिक

अवस्थालाई एक महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो, जसलाई तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : साक्षरता शैक्षिक स्तर अनुसार उत्तरदाताको संख्या**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अनपढ | १२ | २०.०० |
| सधारण लेखपढ | ११ | १८.३३ |
| प्राथमिक | ५ | ८.३३ |
| नि.मा.वि. | ७ | ११.६७ |
| मा.वि. | १८ | ३०.०० |
| उच्च मा.वि. | ४ | ६.६७ |
| स्नातक | २ | ३.३३ |
| स्नाकोत्तर | १ | १.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० जना उत्तरदाता मध्ये ४८ जना (८०%) साक्षर र बाँकी १२ जना (२०%) निरक्षर रहेको पाइयो । साक्षर उत्तरदाताहरू मध्ये केही (१८.३३) साधारण लेखपढ गर्न मात्र जान्ने थिए भने, अधिकांशको (५९%) शैक्षिक स्तर प्रथमिक देखि मध्यमिक तह सम्मको र बाँकी ( ११.६७) को शैक्षिक स्तर उच्च माध्यमिक देखि स्नातकोर सम्मको रहेको पाइन्छ । धेरैले विवाह गरेपछि पढ्ने अवसर नपाएको बताए भने केहीले विवाह गरेर श्रीमान् विदेशमा हुदा पनि श्रीमान् कै हैसलामा आफू अध्ययनरत भएको बताए ।

### ४.२.५ परिवारको आम्दानीको मुख्य स्रोतहरू

आम्दानीले कुनैपनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सी वस्तुलाई बुझाउछ, जुन पेशासँग प्रत्यक्ष सम्बन्धीत हुन्छ किनकी कुनैपनि व्यक्ति वा परिवारको आम्दानीले उनीहरूको जिवन सञ्चालित भएको हुन्छ । व्यक्ति/परिवारको आम्दानीले परिवारको जिवन संचालन गर्न/धान्न नसकेको अवस्थामा वैदेशिक रोजगार

एउटा नयाँ माध्यम बनेको छ। अध्ययनमा नमूनाको रूपमा समेटिएका उत्तरदाताको घरपरिवारको आम्दानीको मुख्य स्रोतहरूलाई तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : परिवारको आम्दानीको मुख्य स्रोत अनुसार उत्तरदाताको संख्या**

| आम्दानीका मुख्य स्रोतहरू | संख्या (कुल सख्या=६०) | प्रतिशत |
|---|---|---|
| रेमिट्यान्स | ६० | १००.०० |
| पशुपालन | ४६ | ७६.६७ |
| कृषि | २४ | ४०.०० |
| व्यापार | १७ | २८.३३ |
| नेकरी | १७ | २८.३३ |
| पेन्सन | १२ | २०.०० |
| अन्य (कुल्ली, ठेक्कापट्टा, ड्राइभर, पुरोहित) | ४ | ६.६७ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये सबै उत्तरदाताहरूको परिवारको आम्दानीको एउटा मुख्य स्रोत रेमिट्यान्स हुनुको साथै अन्य स्रोतहरू पनि रहेको पाइयो । पशुपालन र कृषि जस्ता परम्परागत स्रोतबाट आयआर्जन गर्ने परिवारको संख्या तुलनात्मक रूपमा धेरै (क्रमश ७३.६७% र ४०.००%) रहेको पाइयो भने व्यापार, नोकरी र पेन्सन जस्ता औपचारिक क्षेत्रबाट आय आर्जन गर्ने परिवारको संख्या तुलनात्मक रूपमा कम (क्रमश २८.३३% , २८.३३%, र २०.००% )रहेको पाइयो । साथै केही (६.६७%) परिवारले ठेक्कापट्टा, ड्राइभर, पुरोहित, कुल्ली जस्ता कामहरूबाट पनि आय आर्जन गरेको पाइयो ।

## ४.२.६ पेशा

पेशा भन्नाले मानिसहरूले गर्ने गरेको काम वा रोजगार भन्ने बुझिन्छ, जुन व्यक्तिको जिविकोपार्जनसँग सम्बन्धीत रहेको हुन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको पेशागत अवस्थालाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको छ । उत्तरदाताको पेशागत विवरणलाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : पेशा अनुसार उत्तरदाताको संख्या**

| पेशागत स्थिती | संख्या | प्रतिशत |
|---|---|---|
| पेशा हुने | २० | ३३.३३ |
| पेशा नहुने | ४० | ६६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० जना उत्तरदाता मध्ये एक तिहाई (३३.३३%) ले आफ्नो पेशा भएको र बाँकी दुई तिहाई (६६.६७%) ले कुनै पेशा नभएको बताए । पेशा नहुने उत्तरदाताले आफू गृहिणी, खेतीपती र घरायसी काम गर्ने गरेको बताए भने, पेशा हुने उत्तरदाता मध्येमा केहीले श्रीमान् विदेश गएपछि आफ्नो पेशा परिवर्तन गरेको बताए भने, केहीले आफ्नो पहिलेदेखि पेशा भएको बताए । पेशा भएको बताउने २० जना उत्तरदाताले आफूले विभिन्न पेशा गर्ने गरेको बताए । व्यापार व्यवसाय, टेलर, शिक्षिका आदी सबैले आफूले गर्ने गरेको पेशाबाट आम्दानी हुने बताए । पेशाबाट आम्दानी भएको बताउने मध्ये आम्दानीबाट बचत हुने वा नहुने भन्ने आधारमा उत्तरदाताको संख्या तालिका ४.९ मा दिइएको छ ।

**तालिका ४.९ : पेशागत आम्दानीबाट हुने बचतको स्थिती अनुसर उत्तरदाताको संख्या**

| बचतको स्थिती | संख्या | प्रतिशत |
|---|---|---|
| बचत हुने | १३ | ६५ |
| बचत नहुने | ७ | ३५ |
| जम्मा | २० | १००.०० |

स्रोत : स्थलगत अभ्ययन, २०७२

पेशा भएका र आम्दानी पनि हुन्छ भन्ने (२० जना) उत्तरदाता मध्ये करिब दुइ तिहाई (६५%) ले पैसा बचत हुन्छ भन्ने बताए भने बाँकी एक तिहाई (३५%) ले बचत नहुने बताए । आम्दानी भएर पनि बचत हुदैन भन्ने उत्तरदाताले आफुले कमाएको रकमले आफू र बच्चालाई नै खर्च गर्न ठिक हुने बताए । बच्चालाई टिफीन, घरखर्च, जस्ता र आफूलाई व्यक्तिगत खर्च घुमफिर गर्न ठिक हुने बताए ।

### ४.२.७ जग्गा जमिनको स्वामित्व

जग्गा जमिन नेपाली समाजमा, खासगरी ग्रामीण समाजमा जहाँ बहुसंख्यक मानिसहरू कृषिमा निर्भर रहेका हुन्छन् , त्यहा यसको ठूलो महत्व रहेको हुन्छ । जग्गा जमिनले मानिसहरूलाई रोजगार साथै आम्दानी पनि दिन्छ । यो मानिसको सम्पती हो, जससँग उनीहरूको इज्जत जोडिएको हुन्छ । केही समय अघिसम्म जब वैकल्पीक रोजगारको विकास भएको थिएन, त्यतीबेलासम्म मानिसहरूको रोजगारी तथा आम्दानीको मुख्य स्रोत जग्गा जमिन वा कृषि नै रहेको थियो । त्यतीबेला आफ्नो धेरै जग्गा भएका वा नभएका मानिसहरूले आफ्नै जग्गामा खेतीपाती गरेर वा अरुको जग्गा अधिया कमएर आफ्नो जिवन निर्वाह गरेका हुन्थे, केही समय अघि सम्म धेरै जग्गा जमिन हुने मानिसहरूले खासै अरु वैकल्पीक पेशा खोज्दैनथे तर वर्तमान समयमा आफ्नो जग्गाजमिन भएका तथा नभएका मानिसहरूले कृषि बाहेक अन्य विभिन्न वैकल्पीक पेशा खोज्ने गरेको देखिन्छ । उत्तरदाताको घर परिवारमा जग्गा जमिनको स्वामित्वको स्थितीलाई उनीहरूको जग्गा जमिनको किसिम, क्षेत्रफल र जग्गा धनीको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसैले जग्गा जमिनको स्वमित्वलाई उत्तरदाताको महत्वपूर्ण पारिवारिक पृष्टभूमीको रूपमा लिइएको छ । उत्तरदाताको घरपरिवारको स्वमित्वमा रहेको जग्गा जमिनको किसिम, क्षेत्रफल र जग्गाधनीको विवरण क्रमश तालिका ४.१०, तालिका ४.११ र तालिका ४.१२ मा दिइएको छ ।

**तालिका ४.१० : जग्गाको किसिम अनुसार उत्तरदाताको संख्या**

| जग्गाको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| घर/घडेरी मात्र | ५ | ८.३३ |
| खेती गर्ने जग्गा मात्र | २८ | ४६.६७ |
| दुबै | २७ | ४५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका सबै ६० परिवारको स्वामित्वमा कुनै न कुनै रूपमा धेरथोर जग्गाजमिन रहेको पाइयो । यी मध्ये अधिकांश (९१.६७%) परिवारको स्वमित्वमा खेती गर्ने

जग्गा जमिन रहेको तर केही परिवार (८.३३%) को चाही खेती गर्ने जग्गा जमिन नभएको र घर घडेरी मात्र रहेको पाइयो । खेती गर्ने जग्गा जमिन भएको बताउने मध्ये आधा भन्दा केही बढी (४६.६७%) को खेती गर्ने जग्गा मात्र रहेको र बाँकी आधाजसो (४५.००%) को खेती गर्ने जग्गा र घरघडेरी दुबै रहेको पाइयो । घरमात्र हुने खेतीपाती गर्ने जग्गा नहुने परिवारले जिवन निर्वाहका लागि ज्याला, मजदुरी, किनेर साथै अरुको जग्गा अधिया कमाएर खाने गरेको बताए भने, जग्गाजमिन भएकाले पनि आफ्नो जमिनबाट उत्पादन हुने अन्नले परिवारलाई खान मात्र ठिक हुने आफूलाई आवश्यक परेको बेलामा आफ्नो साथमा पैसा नहुने हुदा आफ्नो घरपरिवारको सदस्य वैदेशिक रोजगारमा जान बध्य भएको बताए । वैदेशिक रोजगारमा संलग्न परिवारले खेतबारी भएको बताए पनि परम्परागत कृषि पेशाले जिवन धान्न गाह्रो भएको साथै खेती गर्न आवश्यक सिचाइ सुविधा नभएको र आकाशे पानीको भर पर्नुपर्ने हुदा आफुले गरेको परिश्रम अनुसार अन्नपात उत्पादन नहुने बताए । आफ्नो परिवारको आर्थिक स्थितीमा सुधार ल्याउनको लागि र बच्चाहरूको भविष्य सुनिश्चित गर्नको लागि आफ्नो घरका सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

**तालिका ४.११ : जग्गा जमिनको क्षेत्रफल अनुसार उत्तरदाताको संख्या**

| रोपनी | संख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनी भन्दा कम | ५ | ८.३३ |
| १-५ | १८ | ३०.०० |
| ६-१० | २१ | ३५.०० |
| ११-१५ | ६ | १०.०० |
| १६-२० | ७ | ११.६७ |
| २० भन्दा माथि | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

केही (८.३३%) उत्तरदाताहरूले आफ्नो परिवारको स्वामित्वमा १ रोपनी भन्दा कमजग्गा जमिन (अर्थात घर, घडेरी मात्र) रहेको बताए भने करिब दुई तिहाई(६५.००%) ले१ रोपनी देखि १० रोपनी सम्म, २१.६७ प्रतिशतले ११ देखि २० रोपनी सम्म र बाँकी केही ५.००%) ले २० रोपनी भन्दा धेरै जग्गा जमिन रहेको बताए ।

**तालिका ४.१२ उत्तरदाताको परिवारको जग्गा धनीको विवरण**

| जग्गा धनी | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै नाममा | ४ | ६.६७ |
| सासुको नाममा | ४ | ६.६७ |
| श्रीमान्को नाममा | ३० | ५०.०० |
| ससुराको नाममा | २२ | ३६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये, अधिकांश (८६.६७ )ले जग्गा पुरुष सदस्यको नाममा रहेको बताए र बाँकी १३.३३ प्रतिशतलेमहिला सदस्यको नाममा जग्गा रहेको बताए। यस ताकिबाट के प्रष्ट हुन्छ भने पुरुषको तुलनामा सम्पति विवरणमा महिलाको पहुँच तथा हैसिएत निम्न रहेको देखियो । आफ्नै नाममा जग्गा छ भन्ने उत्तरदाता मध्ये पनि केहीलेश्रीमान् वैदेशिक रोजगारमा गएर पठाएको प्राप्त रेमिट्यान्स्ले किनेको जग्गा आफ्नो नाममा भएको बताए ।

### ४.२.८ खाद्यान्नको पर्याप्तताको स्थिती

खाद्यान्नको पर्याप्तताको स्थिती भन्नाले मानिसहरूको आफ्नै उब्जनीले वर्षभरी खान पुग्ने स्थिती बुझिन्छ। नेपाली समाजको कतिपय घर परिवारमा आफ्नै उब्जनीले वर्षभरी खान पुग्छ भने, कतिपय घर परिवारलाई खान नपुग्ने अवस्था रहेको हुन्छ । कतिले आफ्नो उब्जनी खाएर बिक्री पनि गर्छन् भने कतिलाई खान नपुगेर किनेर खान्छन् । केही समय अघिसम्म आफ्नै उब्जनीले खान पुग्ने परिवार अन्य पेशाको खोजीका लागि बाहिर जादैनथे तर अहिले आफ्नो उब्जनीले खान पुग्ने तथा नपुग्ने दुबै खालका परिवारका मानिसहरू कृषि बाहेक अन्य वैकल्पीक पेशाको लागि विभिन्न ठाउँमा गएको देखिन्छ । त्यसैले खाद्यान्नको पर्याप्तताको स्थितीलाई महत्वपूर्ण पक्षको रूपमा लिइएको छ । खाद्यान्नको पर्याप्तताको स्थिती अनुसार उत्तरदाताको संख्यालाई तालिका ४.१३ मा दिइएको छ ।

**तालिका ४.१३ : खाद्यन्नको पर्याप्तताको अवस्था अनुसार उत्तरदाताको सख्या**

| उत्पादित अन्न | संख्या | प्रतिशत |
|---|---|---|
| १२ महिना खाएर पनि बिक्री गर्ने | २१ | ३५.०० |
| १२ महिना खान पुग्ने | ९ | १५.०० |
| ६ महिना आफ्नो खाने नपुग किनेर खाने | १६ | २६.६७ |
| आफ्नो उत्पादन नभई १२ महिना नै किनेर खाने | १४ | २३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये एक तिहाई (३५.००%) ले १२ महिना खाएर पनि बिक्री गर्ने गरेको, (१५.००%) ले १२ महिना खान पुग्ने, एक चौथाई (२६.६७%) ले ६ महिना आफ्नो उब्जनी खाने र बाँकी ६ महिना किनेर खाने गरेको र बाँकी २३.३३ प्रतिशतले बाह्रै महिना किनेर खाने गरेको बताए ।

## ४.२.९ पशुपालन

सामान्य अर्थमा पशुपालन कृषि क्षेत्रसँग सम्बन्धीत रहेको हुन्छ कृषि कार्यमा मलको आवश्यक पर्ने हुदा साथै पशुपंक्षी बेचेर आर्थिक आम्दानी गर्न सकिने हुदा मानिसहरूले पशुपंक्षी पाल्ने गरेको हुन्छन् । यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा उत्तरदाताको घरपरिवारमा पशुपंक्षीमा पाले नपालेको विवरणलाई पनि महत्वपूर्ण पक्षमा लिइएको छ ।

अध्ययनमा समेटिएका कुल ६० घरपरिवार मध्ये ५६ परिवारले पशुपंक्षी पाल्ने गरेको बताए भने, ४ परिवारले केही पनि नपालेको बताए । पशुपंक्षी पालेको बताउने ५६ परिवारको घरमा पालिएको पशुपंक्षीको विवरणलाई तालिका ४.१४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१४ : पशुपंक्षीकोसंख्या अनुसार उत्तरदाताको संख्या

| पशुपंक्षीको किसिम | पाल्ने घर संख्या (कुल संख्या=५६) | | पशुपंक्षीको संख्या | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | जम्मा | औषत |
| गााई | १९ | ३३.९२ | ३६ | १.८९ |
| भैसी | २६ | ४६.४२ | ४९ | १.८८ |
| गोरु | ४ | ७.१४ | ८ | २ |
| बाखा | ३५ | ६२.५ | २१५ | ६.१४ |
| कुखुरा | ४५ | ८०.३५ | ५४५ | १२.११ |
| सुँगर | २ | ३.५७ | ५ | २.५ |

स्रोत : स्थलगत अध्ययन, २०७२

६० घरपरिवार मध्येमा ८०.३५ प्रतिशतले कुखुरा पाल्ने र औषतमा प्रति परिवार १२.११ ओटा कुखुरा पालेको पाइयो। त्यस्तै ६२.५ प्रतिशतलेबाखा पालेको र औषतमा प्रति परिवार ६ ओटा बाखा पाल्ने गरेको पाइयो भने ८७.४८ प्रतिशतले गाई, भैसी र गोरु पाल्ने र औषतमा प्रति परिवार क्रमैले २,२ ओटा पालेको देखियो । त्यस्तै ३.५७ प्रतिशतले सुँगुर पाल्ने गरेको पाइयो । ब्राह्मण, क्षेत्री, मगर जस्ता जातले गाई, भैसी, बाखा, गोरु पालेको देखियो भने दलित जातले सुँगुर कुखुरा सम्म पालेको पाइयो । कुखुरा चाही बाहुन क्षेत्रीले पनि व्यवसायको रूपमा पालेको पाइयो भने कतिले आफ्नो घरमा दुई चारवटा पाल्ने गरेको बताए ।

# अध्याय-पाँच
# वैदेशिक रोजगार र रेमिट्यान्सको स्थिती

## ५.१ वैदेशिक रोजगारको स्थिती

वैदेशिक रोजगार भन्नाले आफ्नो देशमा आफ्नो योग्यता तथा सीप अनुसारको रोजगारीको अवसर नभएर कामको खोजीमा आफ्नो देश छोडी अन्य देशमा काम गर्न जानुलाई बुझिन्छ । वैदेशिक रोजगारको अवस्थाको बारेमा व्यख्या विश्लेषण गर्ने क्रममा यस खण्डमा वैदेशिक रोजगारमा जाने व्यक्ति, जानुको कारण, गन्तव्य मुलुक, पहिलेको पेशा, वैदेशिक रोजगारमा जानको लागि आवश्यक रकमको व्यवस्था, गन्तव्य देशमा गर्ने भनिएको र गरेको काम, सीप र दक्षता तथा प्रयोग गरिएको एजेन्टको बारेमा विश्लेषण गरिएको छ ।

### ५.१.१ वैदेशिक रोजगारमा गएको व्यक्ति

हाम्रो वरपरको छर छिमेकमा हेर्दा घर परिवारका श्रीमान् तथा छोराहरू वैदेशिक रोजगारको लागि गएको देखिन्छ । यसरी वैदेशिक रोजगारमा जादा उनीहरूको परिवारमा पुरुष सदस्यको अनुपस्थितीमा विभिन्न किसिमको प्रभाब परेको देखिन्छ। खासगरी वैदेशिक रोजगारमा उत्तरदाताको श्रीमान् तथा छोरा अनुसार परिवारमा फरक फरक किसिमको प्रभाब परेको पाइन्छ । तसर्थ अध्ययनमा समेटिएका महिलालाई तपाईको घरबाट वैदेशिक रोजगारमाको गएको हो भनेर सोधिएको थियो। उत्तरदाताको परिवारबाट वैदेशिक रोजगारमा जाने व्यक्तिको विवरण तालिका ५.१ मा दिइएको थियो ।

**तालिका ५.१ : वैदेशिक रोजगारमा जाने व्यक्ति अनुसार उत्तरदाताको संख्या**

| उत्तरदातसँगको नाता | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान् | ४६ | ७६.६७ |
| छोरा | १४ | २३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये बहुसंख्यक (७६.६७%) ले आफ्नो श्रीमान् गएको बताए भने बाँकी (२३.३३%) ले आफ्नो छोरा वैदेशिक रोजगारमा गएको बताए । तपाईका

श्रीमान् तथा छोराहरू किन वैदेशिक रोजगारमा गएको भनेर सोध्दा उत्तरदाताहरूले आफ्नो छोरा तथा श्रीमान् वैदेशिक रोजगारमा विभन्न कारणले गर्दा गएको बताए । जसलाई तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : वैदेशिक रोजगारमा जानुको कारण अनुसार उत्तरदाताको संख्या**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिबी वा रोजगारीको अवसर नभएर | १८ | ३०.०० |
| आम्दानी गर्ने अर्को व्यक्ति नभएर | २६ | ४३.३३ |
| जग्गाजमिन नभएर | ६ | १०.०० |
| साथीभाई गएको देखेर | १० | १६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये वैदेशिक रोजगारीमा जानुको कारणहरूको बारेमा अधिकांश (४३.३३ %) ले आम्दानी गर्ने अर्को व्यक्ति नभएर गएको बताए भने ३० प्रतिशतलेगरिबी वा आफ्नो दक्षता र सीप अनुसारको रोजगारीको अवसर नभएर, १० प्रतिशतले खेतीपाती गर्ने जग्गाजमिन नभएरवैदेशिक रोजगारमा गएको बताए भने बाँकी १६.६७ प्रतिशतले चाही साथीभाई गएको देखेर गएको बताए । तपाईको मान्छे किन गएको भनेर प्रश्न सोध्दा धेरैले नेपालमा भएको बेरोजगारी समस्याको कारणले रोजगारीको खोजीमा, आफ्नो घरमा आम्दानी गर्ने अर्को व्यक्ति नभएको, आफ्नो बालबच्चाको आवश्यकता पूरा गर्न र आफ्नो घरपरिवारलाई राम्रो सुखी जिवनयापन दिन यँहाको कमाइले नपुगेको कारण विदेश गएको बताए भने केहीले यँहा पढेर रोजगारीको कुनै अवसर नपाएको कारणले गर्दा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा जान बाध्य भएको बताए । समग्रमा मुख्य रूपमा तीनपटा कारणहरू अर्थात रोजगारीको अवसर नभएर, यहाको कमाईले जिवन धान्न मुस्कील भएर, र श्रम गरे अनुसारको पारिश्रमिक नपाएर वैदेशिक रोजगारमा गएको देखिन्छ ।

### ५.१.२ गन्तव्य मुलुक

गन्तव्य मुलुक भन्नाले मानिसहरू जान लागेको वा गएको देश भन्ने बुझिन्छ, वा वैदेशिक रोजगारको लागि आफ्नो देश छोडी गएको अर्को देशलाई गन्तव्य मुलुक भनिन्छ । जहाँ

गएर मानिसहरूले विभिन्न किसिमको काम गर्ने गर्छन् । तसर्थ प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारको गन्तव्य मुलुक अनुसार उत्तरदाताको संख्यालाई महत्वपूर्ण पक्षको रूपमा लिइएको छ, जसलाई तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : वैदेशिक रोजगारको गतव्य मुलुक अनुसार उत्तरदाताको संख्या**

| देशको नाम | संख्या | प्रतिशत |
|---|---|---|
| कतार | १० | १६.६७ |
| दुबई | १२ | २०.०० |
| मलेशिया | ११ | १८.३३ |
| साउदी अरब | ९ | १५.०० |
| बहराइन | ४ | ६.६६ |
| ओमन | २ | ३.३३ |
| कोरिया | १ | १.६७ |
| इजराएल | ५ | ८.३३ |
| कुबेत | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये दुई तिहाई (६१.६६%) ले आफ्नो मान्छे खाडी मुलुक (कतार, दुबई, साउदी अरब र कुबेत) गएको बताए । एक तिहाई मध्ये केही (१६.६७%) ले दक्षिण पूर्वी एसियाली मुलुक (मलेशिया र कोरिया) गएको बताए भने बाँकी (१८.३२%) ले अन्य देश (बहराइन, ओमन, इजराएल) गएको बताए ।

### ५.१.३ पहिलेको पेशागत स्थिती

पेशा भन्नाले व्यक्तिहरूले गर्ने काम वा रोजगारलाई बुझिन्छ, जुन व्यक्तिको जिविकोपार्जन सँग सम्बन्धीत रहेको हुन्छ । व्यक्तिको पेशा/रोजगार आर्थिक पक्षसँग सम्बन्धीत रहेको हुन्छ । व्यक्तिले यहाँ गरेको पेशाले विदेशमा गर्ने कामको निर्धारण हुन्छ । यहाँ बरोजगार भएका मानिसहरू वैदेशिक रोजगारमा जादा उनीहरू जुनसुकै देश र जस्तो सुकै कामको लागि जान्छन् । तर यहा रोजगार भएका व्यक्तिले वैदेशिक रोजगार जादा आफूले गर्ने काम रोजेर

जान्छन् । विदेशमा पनि उनीहरूको दक्षता अनुसार उनीहरू कामको लागि छनौट पर्दछन् । तसर्थ प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको विदेश जानु पूर्वको पेशागत स्थितीलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । जसलाई तालिका ५.४ मा दिइएको छ ।

**तालिका ५.४ : वैदेशिक रोजगारमा जानुभन्दा पहिलेको पेशा अनुसार उत्तरदाताको संख्या**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २८ | ४६.६७ |
| निजी क्षेत्रका नोकरीहरू | १३ | २१.६७ |
| विद्यार्थी/सामान्य खेतीपाती साथै घरायसी काम | १२ | २०.०० |
| कुल्ली | ३ | ५.०० |
| ड्राइभर | ३ | ५.०० |
| ठेकेदार | १ | १.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये दुई तिहाई (६६.६७%) ले वैदेशिक रोजगारमा जानु भन्दा पहिले कृषि काम गर्ने गरेको र बेरोजगार विद्यार्थी रहेको पाइयो भने, निजी क्षेत्रमा नोकरी गर्नेहरू २१.६७ प्रतिशत रहेको र अन्य काम ( कुल्ली, ड्राइभर, ठेकेदार) गर्ने गरेका मानिसहरू कमै (११.६७%) गएको पाइयो । अन्तरवार्ताको क्रममा धेरैजसो उत्तरदाताले यँहाको कमाइले आफ्नो जिवीकोपार्जन गर्न मात्र ठिक हुने बताए भने केहीले भने ज्याला मजदुरी गरेर जिवन धान्न समस्या भएकोले र बच्चाहरूको भविष्य सुनिश्चित गर्न, दैनिक आवश्यकताहरू पूरा गर्न साथै बेरोजगारी समस्याले गर्दा आफ्नो घरको सदस्य वैदेशिक रोजगारमा जान बाध्य भएको बताए ।

### ५.१.४ आवश्यक रकमको व्यवस्था

समान्यतया वैदेशिक रोजगारमा जानको लागि मासिहरूले विभिन्न ठाँउबाट खर्च संकलन गरेको हुन्छन् । कतिले ऋण गरेर गएका हुन्छन् त कतिले आफ्नै बचत रकमबाट खर्च गरेर गएका हुन्छन् भने कतिले जग्गा जमिन बेचेर गएका हुन्छन् । तसर्थ प्रस्तुत अध्ययनमा

उत्तरदाताको मान्छे वैदेशिक रोजारमा जानको लागि आवश्यक रकमको व्यवस्थालाई पनि एउटा महत्पूर्ण पक्षको रूपमा लिएको थियो । जसलाई तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : वैदेशिक रोजगारमा जानको लागि आवश्यक रकमको व्यवस्था अनुसार उत्तरदाताको संख्या**

| रकमको व्यवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| आफैसँग भएको | ३४ | ५६.६७ |
| ऋण लिएको | २३ | ३८.३३ |
| आफैले माइतीबाट ल्याएको | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये बहुसंख्यक (५६.६७%) ले आफैसँग भएको पैसाले आफ्नो मान्छे वैदेशिक रोजगारमा गएको बताए भने बाँकी (४३.३३%) ले ऋण मागेर गएको बताए । वैदेशिक रोजगारको लागि आवश्यक रकम जुटाउने क्रममा, ऋण लिएको भन्ने र माइतीबाट ल्यएको भन्ने २६ जनालाई को-को बाट ऋण अथवा सापटी लिनु भएको हो भनेर सोधिएको प्रश्नको उत्तरमा उत्तरदाताहरूले ऋण सापटि लिएको विभिन्न स्रोतहरू बताए । उत्तरदाताले बताएका ऋण सापटीको स्रोतहरू तालिका ५.६ मा दिइएको छ ।

**तालिका ५.६ : वैदेशिक रोजगारमा जादा लिएको ऋण अनुसार उत्तरदाताको संख्या**

| ऋणको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| आफन्तबाट ऋण | १८ | ६९.२३ |
| गाँउघरबाट सापटी | ४ | १५.३८ |
| फाइनाइन्सबाट ऋण | ४ | १५.३८ |
| जम्मा | २६ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारले (६९.२३%) ले आफन्तसँग ऋण लिएको बताए भने र बाँकी (३०.७६%) ले गाँउघरबाट र फाइनाइन्स्बाट ऋण तथा सापटी लिएको

बताए । आफुसँग पैसा नहुदा पनि ऋण गरेर वैदेशिक रोजगारमा जाने घरपरिवार हाम्रो समाजको वरपर देखिन्छ । त्यस्तै यो कुरा यँहा पनि पाइयो ।

### ५.१.५ कामको किसिम

युवा जनशक्ती वैदेशिक रोजगारमा जादा विभिन्न ऐजेन्ट तथा दलालहरूले विभिन्न कामको प्रलोभन देखाउने गर्छन् । विदेशमा पछि उनीहरूले यहा भने अनुसारको काम नपाउन पनि सक्छन् । त्यसैले वैदेशिक रोजगारीमा जादा उत्तरदाताको आफ्नो मान्छेहरूले गर्ने भनेर गएका कामको किसिमलाई तालिका ५.७ मा प्रस्तुत गएिको छ ।

**तालिका ५.७ : गन्तव्य मुलुकमा गर्ने भनिएको कामको किसिम**

| कामको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| सेकुरेटी गार्ड | १३ | २१.६७ |
| पसलमा सामान बेच्ने | १० | १६.६७ |
| पसलमा सामान प्याकिङ गर्ने | ९ | १५.०० |
| कुल्ली | ८ | १३.३३ |
| ड्राइभर | ४ | ६.६७ |
| वेटर | ३ | ५.०० |
| अर्गानिक खेतीपातीको रेखदेख गर्ने | २ | ३.३३ |
| वाइरिङ्ग तथा प्लम्बर | ४ | ६.६७ |
| भारी बोक्ने/सामानहरू ओसारपसार गर्ने | ७ | ११.६७ |
| जम्मा | ६० | १००.०० |

स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये एक तिहाई (३१.६६%) ले पसलमा समान बेच्ने र सामानहरू प्याकिङ गर्ने कामभनेर गएको, एक चौथाई (२५.००%) ले कुल्ली र भारी बोक्ने काम गर्ने भनेर गएको, (२१.६७%) ले सेकुरेटी गार्ड गर्ने र बाकी क्रमश (६.६७%, ५.५५%, ३.३३%, ६.६७%) ले अन्य काम (ड्राइभर, वेटर, प्लम्बर, विधुतिय काम र अर्गानिक खेतीपातीको रेखदेख) जस्ता काम गर्ने भनेर गएको बताए ।

वैदेशिक रोजगारमा जादा कतिपय मानिसहरूले यहाको एजेन्टले भनेको/तोकेको काम नै पाउछन् भने कतिले फरक काम गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा जाँदा कतिपय व्यक्तिहरूलाई यहाँको एजेन्टले रम्रो राम्रो काम गर्ने भनेर देखाउछन्, तर गन्तव्य मुलुकमा पुगेपछि यँहा बाट गर्ने भनिएको काम नभई अर्कै काम गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा उत्तरदाताहरूलाई उनीहरूको श्रीमान्/छोराले यँहा बाट जादा जुन काम गर्ने भनिएको हो वहाँ त्यही काम गर्छन् वा अर्को काम गर्छन् भन्ने प्रश्न सोधिएको थियो । उत्तरदाताले दिएको जानकारी तालिका ५.८ मा दिइएको छ ।

**तालिका ५.८ :गन्तव्य मुलुकमा गरेको काम अनुसार उत्तरदाताको संख्या**

| कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| तोकेको काम पाइयो | ५४ | ९०.०० |
| फरक काम परेको | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये बहुसंख्यक (९०.००%) ले यँहाको एजेन्टले तोकेको काम पाएको बताए भने, बाँकी (१०.००%) ले यँहा तोकेको काम नभइ फरक काम गर्नु परेको बताए । फरक काम परेको बताउने उत्तरदाताहरू मध्ये धेरैजसो कुल्ली कामको र केही पसलमा सामान बेच्न भनी गएको पाइयो । यसरी काम फरक परेको भन्ने उत्तरदाताले आफ्नो मान्छेले कुनै सिप नसिकी गएको बताए ।

### ५.१.६ भाषा/सीपको तयारी

सामान्यतया वर्तमान समयमा वैदेशिक रोजगारमा जादा मासिहरूले विभिन्न सिप सिकेर जने गर्छन्, भने कतिले नसिकी जाने गर्छन् । सीप तथा भाषा सिकेर जाने मानिसहरूलाई कामको सहजता साथै पारिश्रमिक पनि राम्रै रहेको हुन्छ । त्यसैले वैदेशिक रोजगारमा जानको लागि सिप तथा भाषाको महत्व रहेको हुन्छ । तसर्थ प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले सिप सिके नसिकेको विवरणलाई तालिका ५.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९ : वैदेशिक रोजगारमा जानको लागि सिप सिके नसिके अनुसार उत्तरदाताको संख्या**

| सिप सिकेको | संख्या | प्रतिशत |
|---|---|---|
| सिकेको | ८ | १३.३३ |
| नसिकेको | ५२ | ८६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांश (८७.६७%) ले वैदेशिक रोजगारमा जानको लागि कुनै सिप/भाषा नसिकेको बताए, भने बाँकी (१३.३३%) ले मात्र विभिन्न किसिमको सिप/भाषा सिकेको बताए ।धेरैले सिप/भाषा नसिक्नुसमा आवश्यक खर्च तथा समय नभएको कारणले गर्दा सिप नसिकेको बताए । वैदेशिक रोजगारमा कुनै सीप/तालिम नसिकी जादा धेरै समस्या पर्छ, त्यहाँ कतिले दु:ख पाएर फर्किएका हुन्छन्, कतिलाई यहाँ भने अनुसारको काम तथा पारिश्रमिक दिदैन, सीप सिकेर जादा यहा भनिएकै काम पाउने साथै पारिश्रमिक पनि राम्रो रहेको हुन्छ । यसरी सीप सिकाउनको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था खुलेको छ । त्यसैले वैदेशिक रोजगारको लागि सीप/भाषा सिकेको भनेर बताउने ८ जनालाई यदी सिकेको भए के सिकेको हो र कहा सिकेको भन्ने प्रश्न सोधिएको थियो । उत्तरदाताले दिएको जानकारीलाई तालिका ५.१० मादिइएको छ ।

**तालिका ५.१० : अभिमुखीकरण तालिम/भाषा/सीप र सिकेको ठाँउ अनुसार उत्तरदाताको संख्या**

| तालिम/भाषको नाम | ठाउँको नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| होटल तालिम | थाहा छैन | ३ | ३७.५ |
| प्लम्विङ्ग | इलम प्रशिक्षण केन्द्र विदुर नुवाकोट | २ | २५ |
| वाइरिंग | इलम प्रशिक्षण केन्द्र विदुर नुवाकोट | २ १ | २५ |
| कोरिएन भाषा | थाहा छैन | १ | १२.५ |
| | जम्मा | ८ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये ८ घरपरिवारले सिप सिकेर गएको बताए, जसमध्ये ४ जनाले प्लम्बर र विधुतीय तालिम लिएको, ३ जनाले होटल तालिम लिएको र बाँकी १ जनाले कोरिएन भाषा पास गरेर कोरिया गएको बताए । सिप सिकेर जादा उनीहरूको मान्छेलाई कुनैपनि किसमको समस्या नपेरेको उत्तरदाताले बताए साथै आफ्नो काम अनुसारको पारिश्रमिक पनि राम्रै भएको बताए ।

### ५.१.७ एजेन्ट

वैदेशिक रोजगारमा जानको लागि मानिसहरूले विभिन्न एजेन्टहरूका प्रयोग गर्छन् । यसरी एजेन्टहरूको प्रयोग गर्ने क्रममा कतिपय एजेन्टहरूले मानिसहरूलाई धोका पनि दिएको हुन्छ । तसर्थ प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारमा जानको लागि उत्तरदाताको घरपरिवारको सदस्यहरूले प्रयोग गरेको ऐजेन्टहरूको विवरणलाई महत्वपूर्ण भागको रूपमा लिएको छ । जसलाई तालिका ५.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११ : वैदेशिक रोजगारमा जादा प्रयोग गरेको ऐजेन्टको विवरण**

| ऐजेन्ट | संख्या | प्रतिशत |
|---|---|---|
| स्थनीय मेनपावर | २४ | ४०.०० |
| गााउँको दलाल मार्फत | १६ | २८.३३ |
| काठमाडौ(केन्द्रीय मेनपावर) | १० | १६.६७ |
| थाहा नभएको | ९ | १५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये वैदेशिक रोजगारमा जाने क्रममा अधिकांश (६८.३३%) ले स्थानिय मेनपावर र गाउँको दालाल मार्फत गएको बताए, १६.६७ प्रतिशतले काठमाण्डौ (केन्द्रीय मेनपावर) प्रयोग गरेको पाइयो, भने बाँकी १५.०० प्रतिशतले आफ्नो मान्छे कुन मेनपावरबाट गएको भन्ने कुरा आफुलाई थाहा नभएको बताए । थाहा नभएको बताउने उत्तरदाता मध्ये धेरैजसो अशिक्षीत आमाहरू रहेको पाइयो, भने केही श्रीमतीहरू रहेको पाइयो ।

## ५.२ रेमिट्यान्सको स्थिती

वैदेशिक रोजगारबाट प्राप्त भएको रेमिट्यान्स रकम महत्वपूर्ण मानिन्छ। वैदेशिक रोजगारीमा जाने घरपरिवारको आाम्दानीको मुख्य स्रोत नै रेमिट्यान्स रहेको छ । त्यसैले प्राय घरपरिवार रेमिट रकममै आश्रित रहेका हुन्छन् । त्यसैले रेमिट्यान्सको स्थितीको बारेमा व्याख्या विश्लेषण गर्ने क्रममा यस खण्डमा रेमिट्यान्स रकम, रेमिट्यान्स प्राप्त गर्ने व्यक्ति, रेमिट्यान्स रकमको प्रयोग र रेमिट्यान्स प्रयोगको निर्णय गर्ने व्यक्ति बारे उपलब्ध तथ्याङ्कको व्यख्या विश्लेषण गरिएको छ ।

### ५.२.१ रेमिट्यान्स रकम

रेमिट्यान्स रकम भन्नाले वैदेशिक रोजगारबाट प्राप्त रकम भन्ने बुझिन्छ । वैदेशिक रोजगारबाट अहिलेसम्मको प्राप्त रेमिट्यान्स रकमलाई महत्वपूर्ण भागको रूपमा लिइएको थियो । उत्तरदाताको घरपरिवारमा अहिले सम्म मोटामोटी रूपमा भित्रीएको रेमिट रकमको अवस्थालाई तालिका ५.१२ मा दिइएको छ ।

**तालिका ५.१२ : रेमिट्यान्सको रकम अनुसार उत्तरदाताको संख्या**

| रेमिट रकम | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ लाख | ११ | १८.३३ |
| ६-१० | ३० | ५०.०० |
| ११-१५ | १४ | २३.३३ |
| १६-२० | ४ | ६.६६ |
| २० माथि | १ | १.६६ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

वैदेशिक रोजगारबाट अहिले सम्म भित्रीएको मोटामोटी रकमको अवस्थालाई अध्ययन गर्दा कुल ६० घरपरिवार मध्ये अधिकांश (७३.३३%) ले मझौला रकम (६-१०, ११-१५) लाख रेमिट रकम भित्रिएको बताए, त्यस्तै (१८.३३%) ले थोरै (१-५) लाख, र बाँकी (८.३४%) ले धेरै (१६-२० र २० भन्दा माथि) लाख भित्रिएको बताए। धेरै रकम भित्रीएको बताउने

मानिसहरूको पहुँच हरेक क्षेत्रमा रहेको र उनीहरू आफ्नो ठाँउमा स्थपित भएको पाइयो । अब उनीहरूको मान्छे आएपछि वैदेशिक रोजगारमा नजाने, यतै केही गर्ने सोचमा रहेको बताए भने कम रकम भित्रिएको बताउनेले आफूहरूको मान्छे अझै जाने बताए । कम रकम भित्रीएको बताउने धेरैजसो उत्तरदाता जनजाती तथा दलित जातका मानिसहरू दखियो साथै उनीहरू मजदुरी कामको लागि गएको पाइयो ।

### ५.२.२ रेमिट्यान्स प्राप्त गर्ने व्यक्ति

वैदेशिक रोजगारमा गएपछि मानिसहरूले विभिन्न संघ सस्था मार्फत आफुले कमाएको रकम आफ्नो मान्छेको हातमा/नाममा पठाउने गर्छन् । यसरी पैसा पठाउदा उनीहरूले आफ्ना श्रीमती, आमा, बाबु तथा बाबुले छोराछोरीको नाममा पठाउने गर्छन् । तसर्थ प्रस्तुत अध्ययनमा रेमिट्यान्स प्राप्त गर्ने व्यक्तिलाई महत्वपूर्ण पक्षको रूपमा लिइएको छ । रेमिट्यान्स प्राप्त गर्ने व्यक्तिको विवरणलाई तालिका ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ : रेमिट्यान्स प्राप्त गर्ने व्यक्ति अनुसार उत्तरदाताको संख्या**

| व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| उत्तरदाता आफै | ५० | ८३.३३ |
| बुबा | ७ | ११.६७ |
| छोरा | १ | १.६७ |
| दाइ | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांश (८३.३३%) ले रेमिट रकम आफ्नै नाममा आउने गरेको बताए भने, बाँकी (१६.६७%) ले पुरुष सदस्यको नाममा (बाबुको, दाईको, छोराको) पठाउने गरेको बताए । धेरैजसो पुरुषहरूले आफ्नै श्रीमती र आमाहरूको नाममा पैसा पठाउने गरेको पाइयो । यसरी श्रीमतीको नाममा पैसा पठाउने परिवार धेरैजसो भिन्न परिवारमा बसेको पाइयो भने कति सगोलमा बसेर पनि श्रीमती कै नाममा वा छोराले आमाको नाममा पैसा पठाउने गरेको पाइयो । यसरी आफ्नै नाममा पैसा

आएपनि केही उत्तरदाताले घरव्यवहार श्रीमान्ले नै गर्ने गरेको बताए। जसमा विशेष गरेर आमाहरू रहेको पाइयो ।

### ५.२.३ रेमिट्यान्सको प्रयोग

सामान्यत वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स रकम उनीहरूको घर परिवारले विभिन्न कार्यमा खर्च गरेका हुन्छन् । केहीले बचत गरेका हुन्छन्, केहीले घरघडेरी किनेका हुन्छन्, त केहीले घरखर्च गर्छन् । तसर्थ प्रस्तुत अध्ययनमा प्राप्त रेमिट्यान्सको प्रयोगको अवस्थालाई महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । जसलाई तालिका ५.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१४ : प्राप्त रेमिट्यान्सको प्रयोग/खर्च अनुसार उत्तरदाताको संख्या**

| खर्चको शिर्षक | संख्या (कुल संख्या=६०) | प्रतिशत | निर्णय गर्ने व्यक्ति |
|---|---|---|---|
| घरखर्च | ५६ | ९३.३३ | आफै /ससुरा/श्रीमान् |
| बचत | ५५ | ९२.६६ | दुबैको सल्लाह / सपरिवारको |
| ऋण तिर्न | २६ | ४३.३३ | दुबैको सल्लाहमा |
| बिरामी हुदा औषधी उपचार | ३६ | ६०.०० | आफै/सपरिवारको |
| बच्चाहरूको पढाई खर्च | ४२ | ७०.०० | दुबैको सल्लाहमा/ श्रीमान्को |
| घरायसी सामान किन्न | १२ | २०.०० | आफै/श्रीमान्को |
| जग्गा जमिन किन्न | ९ | १५.०० | दुबैको सल्लाहमा/सपरिवारको |
| गरगहना किन्न | १० | १६.६६ | दुबैको सल्लाहमा |
| व्यापार व्यवसाय गर्न | १७ | २८.३३ | दुबैको सल्लाहमा |
| घर निर्माण/पुन निर्माण | १० | १६.६६ | दुबैको सल्लाहमा/श्रीमान्को |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये वैदेशिक रोजगारबाट प्राप्त रेमिट रकमको खर्च गर्ने घरपरिवारको संख्या तुलनात्मक रूपमा धैरै क्रमश (९३.३३%, ९२.६७%, ७०.००%र ६०.००%) ले घरखर्च, बचत, बच्चाहरूको पढाई खर्च र बिरामी हुदा औषधी उपचारमा खर्च हुने गरेको बताए भने, मझौला किसिमको खर्च भएको बताउने परिवारको संख्या ( क्रमश ४३.३३% र २८.३३%) ले ऋण तिर्न र बच्चाहरूको पढाईमा खर्च भएको बताए ।

साथै बाँकी परिवारको संख्याले तुलनात्मक रूपमा कम (क्रमश २०.००%, १५.००% १६.६७% र १६.६७%) ले घरायसी सामान किन्न, जग्गा जमिन किन्न, गरगहना किन्न र घर निर्माण तथा पुन निर्माण गर्न खर्च भएको बताए । धेरैजसो साना खर्च जस्तै घरखर्च, बच्चाहरूको पढाइ खर्च, सामान्य बिरामी खर्चको निर्णय धेरैजसो महिलाले/उत्तरदाताले गरेको देखियो भने केही पुरुष साथै सरिवारको निर्णयमा खर्च गरेको पाइयो । त्यस्तै ठूला खर्च जस्तै बचत, ऋण तिर्न, घर निर्माण तथा पुन निर्माण गर्न, जग्गाजमिन किन्न, व्यापार व्यवसाय शुरु गर्ने जस्ता ठूला कारोबारको खर्चमा धेरैले दुबैको सल्लाहमा खर्च गर्ने गरेको बताए भने केहीले सपरिवार, श्रीमान् तथा ससुराले निर्णयमा खर्च गर्ने गरेको बताए ।

### ५.२.४ रेमिट्यान्सको बचतको निर्णय गर्ने व्यक्ति

वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स उनीहरूको घरपरिवारले परिवारको विभिन्न व्यक्तिहरूको निर्णयमा बचत गर्ने गर्छन् । प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारले प्राप्त गरेको रेमिट्यान्सको बचतको विवरणलाई एउटा महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । प्राप्त रेमिट्यान्सको बचतको निर्णय अनुसार उत्तरदाताको संख्यालाई तालिका ५.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५ : प्राप्त रेमिट्यान्सको बचतको निर्णय अनुसार उत्तरदाताको संख्या**

| बचत | संख्या | प्रतिशत |
|---|---|---|
| दुबैको सल्लाहमा | ४५ | ७५.०० |
| श्रीमान्को सुरले | २ | ३.३३ |
| सपरिवारको सल्लाहमा | १३ | २१.६६ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये अधिकांश, (७५.००%) ले दुबैको सल्लाह/निर्णयमा रेमिट्यान्स बचत गर्ने गरेको बताए भने बाँकी एक तिहाईले (२५.००%) ले श्रीमान्को तथा सबै परिवारको निर्णयमा रेमिट रकम बचत गर्ने गरेको बताए । दुबैको निर्णयमा बचत गर्नेमा धेरैजसो एकल परिवारमा बस्ने श्रीमान्, श्रीमती रहेको पाइयो भने केही सगोलमा बसेर पनि दुबैको सल्लाहमा रेमिट रकम बचत गर्ने गरेका पाइयो ।

# अध्याय-छ

# परिवारमा वैदेशिक रोजगारको प्रभाव

## ६.१ महिलाको स्थितीमा परिवर्तन

घरपरिवारमा महिलाको स्थिती भन्नाले महिलाको हैसिएत भन्ने कुभिन्छ । हैसिएतले व्यक्तिको पद, पहुँच, भूमिका तथा निर्णय क्षमतालाई बुझउछ । जसले व्यक्तिको हैसिएतलाई प्रभाव पारेको हुन्छ। यस अध्ययनमा महिलाको भूमिकालाई बुझ्ने प्रयास गरिएको छ । कतिपय अवस्थामा अवसर नपाएर पनि हरेक काम तथा निर्णयमा महिलाहरू पछि परेका हुन्छन् । हाम्रो समाजका अधिकांश घरपरिवारमा धेरैजसो कारोबार तथा व्यवहार पुरुषले नै गरेको पाइन्छ। जहा महिलाहरू पछि परेका हुन्थ्ये वा उनीहरूलाई अवसर दिएको हुदैनथ्यो । तर वर्तमान समयमा शिक्षा साथै वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले महिलाको हैसिएतमा केही सकारात्मक प्रभाव परेको, निर्णय क्षमतामा पहुँच बढेको देखिन्छ । प्राप्त रेमिट्यान्सले महिलाहरूको धेरै पक्षमा परिवर्तन आएको साथै उनीहरूले गर्दै आएको काममा फरक परेको देखिन्छ । रेमिट्यान्सले महिलाको स्थितीमा आएको परिवर्तनलाई महिलाको काम, पेशा, जिम्मेवारी, तथा निर्णायक भूमिकामा परिवर्तन शिर्षक अर्न्तगत व्याख्या विश्लेषण गरिएको छ ।

### ६.१.१ घरायसी काममा परिवर्तन

सामान्यत हाम्रो वरपरको छर छिमेकमा हेर्दा घरको पुरुष सदस्य वैदेशिक रोजगारमा गएपछि घरका अन्य मानिसहरूमा विशेष गरी महिलामा कामको जिम्मेवारीमा घटबढको अवस्था सिर्जना हुन्छ । यस्तो परिस्थितीमा उनीहरूले गर्दै आएको घरायसी काममा फरक तथा परिवर्तन हुन पुग्छ । तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताको काममा फरक परे नपरेको अवस्थालाई एउटा महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । जसलाई तालिका ६.१ मा दिइएको गरिएको छ ।

**तालिका ६.१ : काममा फरक परे नपरे अनुसार उत्तरदाताको उत्तरदाताको संख्या**

| कामका फरक परे नपरेको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ५३ | ८८.३३ |
| छैन | ७ | ११.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० जना उत्तरदाता मध्ये अधिकांश (८८.३३%) ले आफ्नो मान्छे वैदेशिक रोजगारमा गएपछि आफुले गर्दै आएको काममा फरक परेको बताए भने, बाँकी ( ११.६७%) ले फरक नपरेको बताए । फरक परेको छ भन्ने उत्तरदाताहरूले उनीहरूले गर्दै आएको विभिन्न काममा फरक परेको बताए । काममा फरक परेको भनेर बताउने ५३ जना उत्तरदाताहरूलाई के कस्तो फरक परेको हो भनेर प्रश्न सोधिएको थियो, उत्तरदाताहरूले दिएको जवाफलाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ : फरक परेको काम अनुसार उत्तरदाताको संख्या**

| कामको विवरण | संख्या(कुल संख्या=५३) | प्रतिशत |
|---|---|---|
| खेतीपाती सम्बन्धी काममा | ४० | ७५.४७ |
| घरायसी काममा | ३७ | ६९.८१ |
| बातबच्चाको हेरचाह/स्याहारमा | १९ | ३५.८४ |
| अन्य(व्यापार सम्बन्धी काममा ...) | २ | ३.७७ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० जना उत्तरदाता मध्ये ५३ जनाले कममा फरक परेको बताए । जसमध्ये तुलनात्मक रूपमा अधिकांश (क्रमश ७५.४७% र ६९.८१%) ले खेतीपाती सम्बन्धी कममा र घरायसी काममा फरक परेको बताए भने, एक तिहाई (३५.८४%) ले बालबच्चाको हेरचाहमा फरक परेको बताए ।साथै अन्य व्यापार व्यवसाय सम्बन्धी काममा फरक परेको बताउने परिवारको संख्या कमै (३.७७%) रहेको पाइयो ।घरायसी तथा खेतीपातीको काममा फरक परेको बताउनेले, घरायसी र खेतीपातीको काममा बस्तुभाउको स्याहार सुसार, घाँस दाउरा, खेतबारी खनजोत, अन्नबाली लगाउन भित्राउने जस्तो काम

पहिले श्रीमान् तथा छोराले गर्ने गरेको र अहिले उनीहरूको अनुपस्थितीमा ती काम आफूहरूले गर्नु परेको बताए । त्यस्तै बच्चाहरूको हेरचाहमा फरक परेको बताउनेले बच्चाहरूको रेखदेख गर्न, उनीहरूलाई पढाउन र आनीबानीमा पहिले बाबु दाई घरमा हुदा उनीहरूले हुदा अहऱ्याएको काम मान्ने गर्थे तर अहिले बच्चाहरूले आफूले भनेको काम नमान्ने काम अहऱ्याउदा झर्कने रिसाउने गरेको बताए । त्यस्तै व्यापार व्यवसायको कममा पसलको सामान ल्याउने, व्यापार गर्ने जस्ता काम उहाले गर्नुहुन्थ्यो अहिले आफैले गर्नु परेको र केहीले पहिले अरु नै काम गर्ने गरेको र अहिले आफूहरूले व्यापार व्यवसाय शुरु गरेको बताए ।

### ६.१.२ पेशामा आएको परिवर्तन

पेशा भन्नाले मानिसहरूले गर्ने गरेको काम भन्ने बुझिन्छ, जुन व्यक्तिको जिविकोपार्जनसँग सम्बन्धीत हुन्छ । समय र परिस्थिती अनुसार मानिसले आफूले गर्दै आएको पेशालाई केहीले परिवर्तन गर्दै जान्छन् भने केहीले उही पूरानै पेशा अपनाउदै जान्छन् । वर्तमान समयमा वैदेशिक रोजगारले उनीहरूको घरपरिवारको मानिसहरूको पेशामा परिवर्तन आएको देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा उत्तरदाताको आफ्नो मान्छे वैदेशिक रोजगारमा गएपछि उत्तरदाताको पेशामा परिवर्तन आए नआएको अवस्था पनि महत्वपूर्ण भागको रूपमा लिइएको थियो । उत्तरदाताको पेशामा परिवर्तन आए नआएको अवस्थालाई तालिका ६.३ मा दिइएको छ ।

**तालिका ६.३ : पेशामा परिवर्तन आए नआएको अनुसार उत्तरदाताको संख्या**

| पेशामा परिवर्तन | संख्या | प्रतिशत |
|---|---|---|
| आएको छ | २३ | ३८.३३ |
| छैन | ३६ | ६१.६७ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये दुई तिहाई (६१.६७%) ले आफूले गर्दै आएको पेशामा खासै परिवर्तन नआएको बताए भने, बाँकी (३८.३३%) ले आफूले गर्दै आएको पेशा परिवर्तन गरी अन्य पेशा गर्ने गरेको बताए । परिवर्तन आएको बताउने २३ जना

उत्तरदातालाई तपाईहरू पहिले के काम गर्नुहन्थ्यो र अहिले के गर्नुहुन्छ भन्ने प्रश्न सोधिएको थियो, उनीहरूले दिएको उत्तरलाई तालिका ६.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४ : पेशामा परिवर्तन आए अनुसार उत्तरदाताको संख्या**

| पहिले | अहिले | संख्या(कुल संख्या=२३) | प्रतिशत |
|---|---|---|---|
| खेतीपाती,घाँसदाउरा,मेलापात, पर्म जस्ता काम छोडेर अन्य विभिन्न कामहरू गर्ने गरेको | टेलर | ५ | २१.७३ |
| | फेन्सी पसल | ३ | १३.०४ |
| | किराना पसल | ४ | १७.३९ |
| | कुखुरापलन | ६ | २६.०८ |
| | गृहिणी मात्र | ५ | २१.७३ |
| | जम्मा | २३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये २३ जना उत्तरदाताले पहिले आफूहरू खेतीपाती, घाँसदाउरा, मेलापात, पर्म जस्ता काम गर्ने गरेको र अहिले ती काम छोडेर आफूहरूले अरु विभिन्न किसिमको काम गर्ने गरेको बताए । जसमध्ये अधिकांश (५६.५१%) ले पहिले खेतीपाती, घाँस दाउरा, मेलापात, पर्म गर्ने गरेको र अहिले ती काम छोडी व्यापार व्यवसाय गर्ने गरेको बताए भने, २१.७३ प्रतिशतले कपडा सिलाउने काम गर्ने गरेको बताए । साथै बाँकी २१.७३ प्रतिशतले आफूहरू गृहिणी मात्र भएर बसेको बताए । यसरी गृहिणी मात्र भएर बस्ने उत्तरदाताहरू प्राय प्रौढ र अशिक्षीत महिला रहेको पाइयो, साथै गृहिणी बताउनेमा धेरैजसोले आफूहरू अन्य ठाउँबाट त्यस ठाउँमा बसाइ आएको बताए । यसरी पहिलेको काम छोडेर अहिले अरु विभिन्न काम गर्न वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले सहयोग गरेको उत्तरदाताहरूले बताए । त्यस्तै व्यापार व्यवसाय गर्ने उत्तरदाताले पहिले आफूसँग व्यापार गर्न मन भए पनि पैसा नभएको कारणले नगरेको र अहिले आफ्नो मान्छेको कमाइ भएपछि दुबैको सल्लाहमा आफुले आफ्नो पेशा परिवर्तन गरेको बताए । त्यस्तै यस खण्डको सुनीता कुँवरले पनि वैदेशिक रोजगारले आफूले गर्दै आएको पेशामा परिवर्तन ल्याएको बताइन् ( परिशिष्ट १ ) ।

### ६.१.३. जिम्मेवारीमा परिवर्तन

जिम्मेवारी भन्नाले मानिसले आफुले निभाउदै आएको भुमिका, गर्दै आएको काम वा कामको भार भन्ने बुझिन्छ । आफ्नो घरपरिवारको सदस्य वैदेशिक रोजगारमा जादा घरपरिवारको अरु मानिसमा विभिन्न किसिमको जिम्मेवारी घटबढ हुने गदर्छ, जसले गर्दा घरपरिवारमा महिलाको भूमिका र निर्णय क्षमतामा परिवर्तन हुन्छ । तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताको कामको जिम्मेवारी घटबढको अवस्थालाई एउटा महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । कामको जिम्मेवारी घरबढ अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.५ मा दिइएको छ ।

**तालिका ६.५ : कामको जिम्मेवारी घटबढ अनुसार उत्तरदाताको संख्या**

| जिम्मेवारी | संख्या(कुल संख्या=६०) | प्रतिशत |
|---|---|---|
| बढेको | ५७ | ९५ |
| घटेको | ५७ | ९५ |
| उस्तै | ४३ | ७१.६७ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांशले तुलनात्मक रूपमा(क्रमश ९५.००% र९५.००%) ले पुरुष सदस्य वैदेशिक रोजगारमा जादा आफूमाथि कामको जिम्मेवारी बढेको र घटेको बताए भने, कमैले (७१.६७%)ले आफूले गर्दै आएको काममा आफ्नो जिम्मेवारी उस्तै रहेको बताए । जिम्मेवारी बढेको छ भन्नेले खेतीपाती, घरायसी काम र बालबच्चाहरूको हेरचाह जस्ता काममा बढेको बताए भने, जिम्मेवारी घटेको बताउनेले वैदशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले आर्थिक भार कम भएको साथै खेतीपातीको काममा मेलापात पर्म जान छोडेर पैसा तिरेर खेताला लगााएर खेतीपाती गरेको र केहीले खेतीपाती नै गर्न छोडेको बताए । जिम्मेवारी उस्तै छ भन्नेले आफ्नो दैनिक घरधन्दा, पानी पधेरो सरसफई जस्ता काममा आफ्नो जिम्मेवारी उस्तै रहेको बताए ।

### ६.१.४ निर्णायक भूमिकामा परिवर्तन

निर्णायक भूमिका वा हर्ताकर्ता भन्नाले घरको मुख्य व्यक्ति वा घरमूली भन्ने बुझिन्छ । जसले आफ्नो घरपरिवारको प्रायजसो निर्णय गर्ने गर्छ । निर्णायक भूमिका अनुसार उत्तरदाताको संख्यालाई वा मुख्य हर्ताकर्ताको विवरणलाई तालिका ६.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.६ : निर्णायक भूमिका/मुख्य हर्ताकर्ता अनुसार उत्तरदाताको संख्या**

| निर्णायक व्यक्ति/हर्ताकर्ता | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| उत्तरदाता आफै | ७ | ११.६७ | ३० | ५०.०० |
| सासु | १ | १.६७ | १ | १.६७ |
| श्रीमान् | ३२ | ५३.३३ | ८ | १३.३३ |
| ससुरा | २० | ३३.३३ | २१ | ३५.०० |
| जम्मा | ६० | १००.०० | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये युवाहरू वैदेशिक रोजगारमा जानुभन्दा पहिले अधिकांश घर परिवारमा (८६.६६%) निर्णायक भूमिकामा पुरुष सदस्य रहेको देखयो भने, बाँकी परिवारमा (१३.३३%)महिला निर्णायक भूमिकामा रहेको पाइयो । त्यस्तै युवाहरू वैदेशिक रोजगारमा गएपछि निर्णायक भूमिकामा महिला बताउने परिवारको संख्या तुलनात्मक रूपमा धेरै (५१.६७%) रहेको पाइयो भने, पुरुष बताउने परिवारको संख्या तुलनात्मक रूपमा थोरै (४८.३३%) रहेको पाइयो । युवा जनशक्ति वैदेशिक रोजगारमा गएपछि महिला हर्ताकर्ता बढेको पाइयो । यस तालिकाबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले महिलाको हैसिएत बढेको वा निर्णायक भूमिकामा वृद्धि/परिवर्तन आएको देखियो ।

## ६.२ महिलाको भूमिकामा परिवर्तन

परिवर्तनले पुरानो संरचनामा फेरबदल आउनुलाई बुझाउछ । महिलाको भूमिकामा परिवर्तन भन्नाले उनीहरूले गर्दै आएका काम तथा निर्णय जुन पहिले नगरेका तर हाल गर्दै गरेका काम तथा भूमिकालाई बुझिन्छ । सामान्यतया घरको पुरुष सदस्य वैदेशिक रोजगारमा गएपछि महिलाले निभाउदै आएको भूमिकामा विभिन्न किसिमले परिवर्तन आउछ । यसै सन्दर्भमा वैदेशिक रोजगारले महिलाको भूमिकामा परिवर्तन शिर्षक अर्न्तगत घरायसी निर्णय गर्ने व्यक्ति, घरायसी कामकाज व्यवस्थापनको निर्णय, घरायसी निर्णयमा महिलाको भूमिकामा केटाकेटीको पढाई, खेतीपाती गर्ने, पशुपंक्षी पाल्ने, अन्नपात पशुपंक्षी बेचबिखन सम्बन्धी निर्णयलाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ६.२.१ घरायसी निर्णय गर्ने व्यक्ति

निर्णयले कुनैपनि व्यक्तिको आफ्नो फैसला वा निर्देशन भन्ने बुझिन्छ, जसलाई सबै परिवारले मान्ने/समर्थन गर्छन् । जसको निर्देशनमा घरका र घरबाहिरका सम्पूर्ण कारोबार संचालित भएको हुन्छ, जसलाई सबै परिवारले मान्ने गर्छन् । प्रस्तुत अध्ययनमा उत्तरदाताको घरायसी निर्णयको अवस्थालाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । घरायसी निर्णय अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.७ मा दिइएको छ ।

**तालिका ६.७ : घरायसी निर्णय अनुसार उत्तरदाताको संख्या**

| घरायसी निर्णय | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | ३१ | ५१.६७ |
| एकाघरका सासुले | ३ | ५.०० |
| एकाघरका ससुराले | १६ | २६.६७ |
| श्रीमानले | ६ | १० |
| दुबैजनाले | ४ | ६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारमा (६०.००%) महिलाले र बाँकी परिवारमा (४०.००%) पुरुषले घरायसी निर्णय गर्ने गरेको पाइयो । तुलनात्मक रूपमा घरायसी

निर्णयमा पुरुषको पहुँच कमै रहेको पाइयो । घरायसी निर्णय भन्नाले घरभित्र भान्सा, सरसफाई, घाँसदाउरा, बस्तुभाउको स्याहार जस्ता कामको निर्णय भन्ने बुझिन्छ । धेरैजसो एकल परिवारमा बस्ने महिलाले आफैले निर्णय गर्ने गरेको बताए भने केहीले पहिले/श्रीमान् घरमा हुदा श्रीमान्, सासु, ससुराले निर्णय गर्ने गरेको र अहिले आफ्नो हातमा रेमिट्यान्स आउन थालेपछि क्रमैले घरव्यवहार आफैले सम्हाल्दै जानु परेको बताए, जसले गर्दा धेरैजसो घरायसी निर्णय आफैले गर्ने गरेको बताए भने केहीले एकल परिवारमा बस्ने हुदा सबै निर्णय आफैले गर्ने गरेको बताए । त्यस्तै यस अध्ययनमा वैयक्तिक अध्ययनमा लिइएको मञ्जु भट्ट र नानु शिबभक्तिले पनि वैदेशिक रोजगारले कारणले आफूमा निर्णय क्षमता बढेको बताइन् (परिशिष्ट १) क्षेत्रकीयसबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारबाट प्राप्त रेमिट रकमले घरायसी निर्णयमा महिलको हैसिएत तथा पहुँच बढेको देखियो ।

### ६.२.२ घरायसी कामकाजको व्यवस्थापन

हरेक घरपरिवारमा कसले के काम गर्ने भनेर कामको बाडफड गरेको हुन्छ र समय अनुसार सबैले आ-आफ्नो काम गर्ने गर्छन्, जसलाई कामको व्यवस्थापन भनिन्छ । घरायसी कामकाजको व्यवस्थापनले आफ्नो घरको काम क्रमैले गर्दै जाने साथै घरभित्रको काम जस्तै भान्सको काम, सरसफाइ, बस्तुभाउको स्यारसुसार, घाँसपात इत्यादी भन्ने बुझिन्छ । जसमा उमेर अनुसार सबैलाई कामको भाग लागाइएको हुन्छ र समय अनुसार एकपछि अर्को काम गर्दै जाने गरिन्छ । प्रस्तुत अध्ययनमा घरायसी कामकाजको व्यवस्थापन र निर्णयलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । घरायसी कामकाजको व्यवस्थापन र निर्णय अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.८ : घरायसी कामकाजको व्यवस्थापन अनुसार उत्तरदाताको संख्या**

| कामको व्यवस्थापन | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले जानेर | ४९ | ८१.६७ |
| श्रीमान्सँग सोधेर | ५ | ८.३३ |
| सपरिवारको सल्लाहमा | ५ | ८.३३ |
| सासुको सल्लाहमा | १ | १.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांश घरपरिवारमा (८३.३४%)घरायसी कामकाजको व्यवस्थापन महिलाले गर्ने गरेको र बाँकी परिवारमा (१६.६७%) पुरुषको साथै सबै परिवारको सल्लाह तथा निर्णयमा घरायसी कामकाजको व्यवस्थापन गर्ने गरेको बताए। तुलनात्मक रूपमा पुरुषको तुलनामा घरायसी कामकाजको व्यवस्थापन गर्ने निर्णयमा महिलाको पहुँच अधिक रहेको देखियो।

सामान्यत घरको पुरुष सदस्य वैदेशिक रोजगारमा गएपछि घरभित्रको र घरबाहिरको खेतीपातीको काम घरका विभिन्न सदस्यहरूले गरेको हुन्छन् । यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा उत्तरदाताको घरपरिवारमा पुरुषको अनुपस्थितीमा घरबाहिरको खेतीपातीको काम गर्ने व्यक्तिको विवरणलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । पुरुषको अनुपस्थितीमा घरबाहिर खेतीपाती गर्ने व्यक्ति अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ६.९ : पुरुषको अनुपस्थितीमा घरबाहिर खेतीपाती गर्ने व्यक्ति अनुसार उत्तरदाताको संख्या**

| खेतीपाती गर्ने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | १४ | २३.३३ |
| सपरिवार मिलेर | ३० | ५०.०० |
| खेतीपाती नगर्ने | १६ | २६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये अधिकांश परिवारमा (५०.००%) ले सबै परिवार मिलेर खेतीपाती गर्ने गरेको बताए भने, २३.३३ प्रतिशतले महिलाले मात्र गर्ने गरेको, र बाँकी (२६.६७%) ले खेतीपाती नै नगरेको पाइयो। धेरैले पहिले श्रीमान्ले गर्ने गरेको र उहा गएपछि कामको जिम्मेवारी अफूमा थपिदै गएपछि आफैले गर्ने गरेको बताए भने कतिपय उत्तरदाताले एकल परिवार भएपनि आफू लगाएत छोराछोरीको साथमा, साथै संयुक्त परिवारमा बस्नेले सबै परिवार मिलेर गर्ने गरेको बताए। केहीले श्रीमान् वैदेशिक रोजगारमा गएर पैसा पठाउन थालेपछि खेतीपाती नै गर्न छोडेको बताए । यसरी खेतीपाती नगर्नेमा

धेरैजसो अन्य ठाउँबाट यस क्षेत्रमा बसाइ सरेर आउने रहेका छन् भने केहीले पहिले आफ्नो जग्गा नभइ अरुको जग्गा अधिया कमाएर खाने गरेको र अहिले घरमा रेमिट्यान्स भित्रिन थालेपछि अरुको जग्गा कमाएर खेतीपाती गर्न छोडेको र खाद्यान्न किनेर खाने गरेको बताए ।

### ६.२.३ घरायसी निर्णयमा भूमिका

हरेक घरपरिवारमा आफ्ना बच्चाहरूलाई कुन कस्तो विद्यालयमा राख्ने भन्ने बारेमा घरका आमा बाबुले निर्णय गर्ने गर्छन् । त्यसमा पनि धेरैजसो परिवारमा बाबुले नै गरेको देखिन्छ । तर समयको परिवर्तन शिक्षाको चेतना र वैदेशिक रोजगारको कारणले गर्दा यस्तो निर्णयमा परिवर्तन आएको देखिन्छ ।

त्यसैगरी हरेक घरपरिवारमा समय अनुसारको अन्नबाली लगाउने निर्णय घरपरिवारका विभिन्न व्यक्तिले गर्ने गरेको हुन्छन् । हाम्रो समाजमा यस्ता काम प्राय पुरुषहरूको निर्णयमा हुने गरेको देखिन्छ । तर समयको परिवर्तन र शिक्षा साथै वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले हाल यि कामको निर्णयमा महिला सहभगिता पनि बढ्दै गएको देखिन्छ ।

त्यसैगरी सामान्यत हरेक घरपरिवारमा पशुपंक्षी के, कसरी, कति पाल्ने भन्ने निर्णय घरका मुख्य सदस्यले गर्ने गर्छन् । तर वैदेशिक रोजगारको कारणले यी विषयको निर्णय गर्ने व्यक्तिमा परिवर्तन आएको देखिन्छ ।

त्यसैगरी हाम्रो वरपरको छरछिमेकमा घरमा अन्नपात र पशुपंक्षी बेचबिखन सम्बन्धी निर्णय घरका विभिन्न सदस्यले गरेको हन्छन् । यस्तो निर्णय गर्नेमा धेरैजसो पुरुष सदस्य वा घरमूली रहेका हुन्छन्तर शिक्षा र वैदेशिक रोजगारले गर्दा यस्तो निर्णय गर्ने व्यक्तिमा परिवर्तन आएको पाइन्छ । यसै सन्दर्भमा घरायसी कुराहरूमा मुख्य गरेर छोराछोरीको पढाई कुन विद्यालयमा गराउने, अन्नबाली कुन, कहिले, र कसरी लगाउने, कुन पशुपंक्षी पाल्ने वा नपाल्ने तथा अन्नपात पशुपंक्षी बेचबिखन जस्ता कुराहरूमा महिलाको भूमिका कस्तो रहन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसै सन्दर्भमा श्रीमान्/छोरा वैदेशिक रोजगारमा गएपछि यी कुराहरूमा के कति परिवर्तन आए वा आएनन् सो को विश्लेषण गर्ने प्रयास गरिएको छ । जसलाई तालिका ६.१० तालिका ६.११ तालिका तालिका ६.१२ तालिका ६.१३ मा दिइएको छ ।

**तालिका ६.१० : बच्चाहरूलाई विद्यालय पढाउने बारेको निर्णय अनुसार उत्तरदाताको संख्या**

| व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | २ | ३.३३ |
| दुबैको सल्लाहमा | ४५ | ७५.०० |
| श्रीमान्सँग साधेर | २ | ३.३३ |
| श्रीमान घरमा हुदा श्रीमानले | ५ | ८.३३ |
| बच्चाहरू नै नभएको | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये अधिकांश परिवारको संख्या तुलनात्मक रूपमा (७५.००%) ले दुबैको सल्लाहमा, विद्यालय राख्ने गरेको बताए भने, आफैले, श्रीमान्सँग सोधेर र श्रीमान घरमा हुदा श्रीमानको निर्णयमा बच्चाहरूलाई विद्यालय राख्ने भन्ने परिवारको संख्या तुलनात्मक रूपमा कम (क्रमशः ३.३३%, ३३३%, ८.३३%) रहेको पाइयो । साथै केही उत्तरदाताको (१०.००%) को बच्चाहरू नै नभएको पाइयो । माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने बच्चाहरूलाई कुन विद्यालय पढाउने भन्ने बारेको निर्णयमा महिला र पुरुषको सहभागिता उस्तै रहेको पाइयो ।

**तालिका ६.११ : अन्नबाली लगाउने निर्णय अनुसार उत्तरदाताको संख्या**

| अन्नबाली लगाउने निर्णय | संख्या(कुल संख्या=४४) | प्रतिशत |
|---|---|---|
| आफैले | १७ | ३८.६४ |
| दुबैको सल्लाहमा | ६ | १३.६४ |
| सपरिवारको सल्लाहमा | २१ | ४७.७२ |
| जम्मा | ४४ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये ४४ परिवारले खेतीपाती गर्ने बताए । जसमध्ये अधिकांश(४७.७२%) ले सपरिवारको निर्णयमा, एक तिहाई (३८.६३%) ले महिलाको मात्र निर्णयमा, र बाँकी (१३.६३%) ले दुबैको निर्णयमा अन्नबाली लगाउने भित्राउने गरेको बताए ।

आफैले गर्छु भन्ने उत्तरदाताहरू धेरैजसो एकल परिवारमा बस्ने पाइयो भने केही संयुक्त परिवारमा बसे पनि पहिले सासु ससुराले गर्ने गरेको र अहिले घरको धेरैजसो कामको जिम्मेवारी आफैमाथि परेको हुदा समय अनुसार अन्नबाली लगाउने निर्णय पनि आफैले गर्ने गरेको बताए ।

**तालिका ६.१२ : घरपरिवारमा पशुपंक्षी पाल्ने नपाल्ने निर्णय अनुसार उत्तरदाताको संख्या विवरण**

| पशुपंक्षी पाल्ने नपाल्ने निर्णण | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | २८ | ४६.६७ |
| सासुले मात्र | २ | ३.३३ |
| दुबैको सल्लाहमा | १० | १६.६७ |
| सपरिवारको सल्लाहमा | ८ | १३.३३ |
| सासु/ससुराको मात्र सल्लाहमा | १२ | २०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारमा (५०.००%) महिलाको निर्णयमा, एक तिहाई (३०.००%) ले दुबैको र सबै परिवारको निर्णयमा, र बाँकी २०.००% ले सासु सुराको निर्णयमा पशुपंक्षी पाल्ने नपाल्ने गरेको बताए । धेरैजसो महिलाले पशुपंक्षी पालेपछि आफैले धेरै काम गर्नुपर्ने र घरमा केटामान्छे नहुदा आफुलाई मात्र गाह्रो हुने हुदा पशुपंक्षी पाल्ने नपाल्ने निर्णय पनि आफैले लिने गरेको बताए । यसरी आफैले निर्णय लिने महिलाहरू धेरैजसो एकल परिवारमा बस्ने रहेको पाइयो भने, केहीले आफू संयुक्त परिवारमा बसे पनि निर्णय चाही आफैले गर्ने गरेको बताए । यस तालिका बाट के प्रष्ट हुन्छ भने पशुपंक्षी पाल्ने नपाल्ने निर्णयमा महिलाको पहुँच बढी रहेको पाइयो ।

तालिका ६.१३ : अन्नपात पशुपंक्षी बेचबिखन सम्बन्धी निर्णय अनुसार उत्तरदाताको संख्या

| बेचबिखन सम्बन्धी निर्णय | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | २६ | ४३.३३ |
| सासुले मात्र | २ | ३.३३ |
| दुबैको सल्लाहमा | ११ | १८.३३ |
| सासु ससुराको सल्लाहमा मात्र | १२ | २०.०० |
| ससुराले मात्र | ३ | ५.०० |
| सपरिवारको सल्लाहमा | ४ | ६.६७ |
| दुबै नभएको | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारमा (४६.६७%) महिलाको निर्णयमा, दुबैको सल्लाहमा, सासु ससुराको मात्र निर्णयमा, ससुराको मात्र निर्णयमा र सबै परिवारको निर्णयमा (क्रमश १८.३३%, ३१.६७%) ले अन्नपात र पशुपंक्षी बेचबिखन सम्बन्धी निणय गर्ने गरेको र बाँकी ३.३३ प्रतिशतले आफ्नो अन्नपात र पशुपंक्षी दुबै नभएको बताए। अन्तरवार्ताको क्रममा धेरैले पहिले हरेक काममा, श्रीमान् घरमा हुदा श्रीमान् तथा सासु ससुराले निर्णय गर्ने गरेको बताए भने, अहिले श्रीमान् वैदेशिक रोजगारमा गएपछि प्रायजसो जिम्मेवारी आफूमा बढ्दै गएको र निर्णय पनि आफैले गर्ने गरेको बताए।

## ६.३ महिलाका थप दायित्व

सामान्यत घरको पुरुष सदस्य वैदेशिक रोजगारमा गएपछि घरका अन्य मानिसमा त्यसमा पनि विशेषगरी महिलाहरूमा विभिन्न किसिमको दायित्वहरू थपिदै जान्छ ।साथै उनीहरूलाई विभिन्न किसिमका समस्या पनि परेको हुन्छ। त्यस्ता समस्याहरूको उनीहरूले सामना पनि गरेका हुन्छन्। यसै सन्दर्भमा महिलाको थप दायित्व शिर्षक अर्न्तगत घरायसी कठिनाईहरू, सामाजिक सम्बन्ध, केटाकेटीको लालनपालनको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

### ६.३.१ घरायसी कठिनाईहरू

कुनैपनि पुरुष सदस्य वैदेशिक रोजगारमा जादा उसको घरपरिवारमा विशेष गरी महिलालाई विभिन्न किसिमका समस्याहरू परेको हुन्छन् । जस्तै घरायसी, खेतीपाती, आर्थिक पक्षका कामहरूमा समस्या परेको हुन्छ र त्यस्ता समस्याहरूसँग महिलाले सामना गर्दै गएकी हुन्छीन् । त्यस्तै घरव्यवहार सम्हाल्ने क्रममा ऋण धन जस्ता कारोबार गर्नुपर्ने हुन्छ । यस्तैमाप्रस्तुत अध्ययनमा उत्तरदाताको घरपरिवारमा पुरुषको अनुपस्थितीमा उत्तरदाताहरूलाई विभिन्न काममा समस्या परे नपरेको विवरणलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । उत्तरदातालाई समस्या परे नपरेको विवरणलाई तालिका ६.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१४ : पुरुषको अनुपस्थितीमा उत्तरदातालाई काममा समस्या परे नपरे अनुसार उत्तरदाताको संख्या**

| समस्या परेको | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ३६ | ६०.०० |
| छैन | २४ | ४०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्येमा बहुसंख्यक परिवारमा (६०%) ले समस्या परेको बताए भने, बाँकी (४०%) ले खासै समस्या नपरेको बताए । समस्या परेको छ भन्ने उत्तरदाताहरूले आफूलाई विभिन्न किसिमको काममा समस्या परेको बताए । जस्तै घरायसी काममा, खेतीपातीको काममा, आर्थिक रूपमा समस्या परेको बताए । त्यसैगरी समस्या परेको र त्यसको सामना गरेको हो भन्ने उत्तरदाताको संख्यालाई तालिका ६.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१५ : समस्या परेको र त्यसको सामना गरे अनुसारको उत्तरदाताको संख्या**

| समस्याहरू | संख्या(कुल संख्या=३६) | प्रतिशत |
|---|---|---|
| घरायसी काममा | ९ | २५.०० |
| खेतीपातीको काममा | ३० | ८२.३३ |
| आर्थिक कठिनाइ | २६ | ७२.२२ |
| अन्य (व्यापार व्यवसाय, बच्चाहरूको रेखदेख, आदी ) | २ | ५.५५ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये ३६ परिवारले समस्या परेको बताए । जसमध्ये अधिकांश (क्रमश ८२.३३% र ७२.२२%) ले आर्थिक रूपमा र खेतीपाती गर्न समस्या परेको बताए । त्यस्तै (२५.००%) ले घरायसी काममा र बाँकी (५.५५%) ले अन्य काममा समस्या परेको बताए । खेतीपातीमा समस्या परेको छ भन्नेले खेतबारी खनजोत गर्न, समय अनुसारको अन्नबाली लगाउन, भित्राउन, साथै आफ्नो घरमा पुरुष नहुदा आफुले भनेको समयमा खेताला नआउने र पैसा तिरेर पनि समयमा खेताला नपाउने हुदा खेती गर्न समस्या परेको बताए । त्यस्तै घरायसी र व्यापार व्यवसायमा समस्या परेको बताउनेले घरमा भएका बस्तुभाउको स्याहार गर्न घाँस दाउरा, मेलापात र घरभित्रको काम पनि गर्नुपर्ने हुदा आफूलाई निकै गाह्रो परेको बताए । त्यस्तै आर्थिक रूपमा समस्या परेको बताउनेले आफ्नो मान्छे विदेश गएपछि समयमा पैसा पठाउन नसक्दा यहाका गन्नेमान्नेसँग ऋण माग्दा ऋण पनि नदिएको र आफुलाई उक्त समयमा घरव्यवहार चलाउन बच्चाहरूको फिस तिर्न निकै समस्या परेको बताए साथै उक्त समयमा आफूलाई यहाँका छरछिमेकी र परिवारले साथ नदिएपछि आफूले माइतीबाट ऋण तथा सापटी स्वरूप पैसा ल्याएर आफ्नो व्यवहार मिलाएको बताए ।

### ६.३.२ सामाजिक सम्बन्ध

पुरुषको अनुपस्थितीमा महिलालाई उनका घरपरिवार, छरछिमेकीले विभिन्न किसिमका व्यवहारहरू गर्ने गर्छन् । प्रस्तुत अध्ययनमा उत्तरदातालाई उनको पुरुषको अनुपीस्थतीमा

उनको परिवार, इष्टमित्र, छरछिमेकीले गरेका राम्रा नरम्रा व्यवहारहरू लाई महत्वपूर्ण पक्षको रूपमा लिइएको छ। जसलाई तालिका ६.१६ मा दिइएको छ।

**तालिका ६.१६ : पुरुष सदस्यको अनुपस्थितीमा आफन्त तथा छर छिमेकीको व्यवहार अनुसार उत्तरदाताको संख्या**

| व्यवहारहरू | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो/सहयोगी व्यवहार | ५६ | ९३.३३ |
| नराम्रा/असहयोगी व्यवहार | ४ | ६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये अधिकांश (९३.३३%) ले आफूलाई आफ्नो मान्छे विदेशमा हुदा आफ्नो परिवार, छरछिमेकी र इष्टमित्रले राम्रै/सहयोगी व्यवहार गरेको बताए। जसमा आफ्नो खेतीपातीको काममा, घरायसी काममा र दुःख बिमार हुदा हेरचाह, सरसहयोग गर्ने गरेको बताए। त्यस्तै आफ्नो मान्छे विदेशमा हुदा आफ्नो परिवारले आफूलाई खासै सरसहयोग नगरेको भन्ने उत्तरदाता (६.६७%) रहेको पाइयो। जसमा केही उत्तरदाताले श्रीमानले पैसा आफ्नो नाममा पठाउने हुदा र छोराले पठाएको पैसा सबै नदिएको भनेर सासु ससुराले आफुलाई भिन्न राखिदिएको र आफूहरूलाई पैतृक सम्पती पनि नदिएका बताए। साथै आफूलाई दुख बिमार पर्दा समेत परिवारले वास्ता नगरेको र बोलचाल सम्म नरहेको केही उत्तरदाताले बताए। नराम्रो व्यवहार गर्नेमा धेरैजसो दलित जात रहेको पाइयो।

### ६.३.३ बच्चाको लालनपालन

सामान्यत घरपरिवारमा पुरुषको वा बाबुको अनुपस्थितीमा बच्चाहरूलाई विभिन्न खालको असर परेको हुन्छ। उनीहरूको पढाईमा, उनीहरूको आनीबानीमा आदीमा असर परेको हुन्छ। तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताको बच्चाहरूलाई असर परे नपरेको अवस्थालाई पनि एक महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो। उत्तरदाताको बच्चाहरूलाई असर परे नपरेको विवरण अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.१७ मा प्रस्तुत गरिएको छ।

**तालिका ६.१७ : बाबुको अनुपस्थितीमा बच्चाहरूलाई असर परे नपरे अनुसार उत्तरदाताको संख्या**

| असर | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १७ | २८.३३ |
| छैन | ४३ | ७१.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये बहुसंख्यक परिवारमा (७१.६७%) ले असर नपरेको बताए भने, बाँकी (२८.३३%) असर परेको बताए। असर परेको छ भन्ने उत्तरदाताहरूले आफ्नो बच्चाहरूको विभिन्न पक्षमा असर परेको बताए । जसलाई तालिका ६.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१८ : परेको असर अनुसार उत्तरदाताको संख्या**

| परेको असर | संख्या(कुल संख्या=१७) | प्रतिशत |
|---|---|---|
| बच्चाहरूको पढाइमा | १३ | ७६.४७ |
| बच्चाहरूको आनीबानीमा | ९ | ५२.९४ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये १७ जना उत्तरदाताले असर परेको बताए । जसमध्ये अधिकांश (७३.४७%) ले आफ्नो बच्चाहरूको पढाईमा असर परेको बताए भने, बाँकी (५२.९४%) ले आफ्नो बच्चाहरूको आनीबानीमा असर परेको बताए । अन्तरवार्ताको क्रममा उत्तरदाताहरूले बताए, विदेशबाट टि. भी., कम्प्युटर, ल्यापटप र मोबाएल जस्ता सामान भित्रिएको, कहिले प्राप्त रेमिट रकमले यही किनेको हुदा बच्चाहरू धेरै समय त्यस सामानमा नै व्यस्त हुने हुदा पढाइमा त्यति ध्यान नदिएकोले उनीहरूको पढाइको स्तर पहिलेको तुलनामा खस्कदै गएको उत्तरदाताहरूले बताए । त्यस्तै बच्चाहरूको आनीबानीमा असर परेको बताउनेले बच्चाहरूले आफूले भनेको नमान्ने, बाबु नभएपछि आफूसँग बच्चाहरू नडराउने हुदा धेरै समय घर वाहिर बिताउने, घुम्न जाने घरका खाजा भन्दा बाहिरको खाजा खान खोज्ने, पहिलाको तुलनामा वढी खर्चालु भएका बताए। आफुले गाली

गर्दा सम्झाउदा बच्चाहरू रिसाउने झर्कने गरेको केही उत्तरदाताले बताए । यसरी रेमिट रकमले साथै घरपरिवारमा बाबुको अनुपस्थितीमा बच्चाहरूलाई असर परेको पाइयो ।

## ६.४ परिवारको सामाजिक, आर्थिक, पारिवारिक स्थितीमा परिवर्तन

परिवर्तीत अवस्थाले पहिले भएको भन्दा केही भिन्न, फरक भएको आवस्थालाई बुझउछ । हामी हाम्रै वरपरको समाजमा हेर्दा केही समय अघिको सामाजिक परिवेश र अहिलेको परिवेशमा केही फरक रहेको पाउछौ । त्यस्तै वैदेशिक रोजगारले मानिसहरूको विभिन्न पक्षमा परिवर्तन ल्याएको हुन्छ, जस्तै सामाजिक, आर्थिक, पारिवारिक पक्षमा फरक रहेको हुन्छ ।

### ६.४.१ जीवनस्तरमा वृद्धि

जीवनस्तरमा वृद्धि भन्नाले मानिसहरूको पहिलेको जीवनशैली भन्दा हालको हालको जीवनशैलीमा आएको सकारात्मक परिवर्तन भन्ने बुझिन्छ । सामान्यत मानिसहरूको जीवनशैलीमा विभिन्न तरिकाले वृद्धि परिवर्तन आउछ जस्तै शिक्षा, बढ्दो शहरीकरण, आर्थिक स्थितीमा सुधार आदी त्यस्तै वैदेशिक रोजगारले पनि मानिसहरूको जीवनस्तरमा वृद्धितथा परिवर्तन ल्याएको हुन्छ । तसर्थ प्रस्तुत अध्ययनमा उत्तरदाताको घर परिवारको विभिन्न पक्षमा आएको परिवर्तनहरूलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । उत्तरदाताको घरपरिवारमा वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले विभिन्न पक्षमा आएको परिवर्तनलाई तालिका ६.१९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१९ : उत्तरदाताको घरपरिवारमा विभिन्न पक्षमा आएको परिवर्तन अनुसार उत्तरदाताको संख्या**

| परिवर्तन | संख्या(कुल संख्या=६०) | प्रतिशत |
|---|---|---|
| आर्थिक हैसिएतमा वृद्धि | ६० | १०० |
| सामाजिक प्रतिष्ठामा वृद्धि | २२ | ३६.६७ |
| परिवारिक संरचनामा परिवर्तन | २९ | ४८.३३ |
| जीवनशैलीमा परिवर्तन | २० | ३३.३३ |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका सबैले आफ्नो परिवारको आर्थिक स्थितीमा सुधार आएको बताए। साथै परिवारको सामाजिक प्रतिष्ठा बढेको, बताउने परिवारको संख्या (क्रमश ३६.६७%, ४८.३३%) रहेको र बाँकी (३३.३३%) ले व्यक्तिगत जिवन देखि पारिवारिक जिवनशैलीमा परिवर्तन आएको बताए । वैदेशिक रोजगारबाट प्राप्त रकमले, धेरैले पहिलेको तुलनामा आफुहरूसँग केही रकम बचत हुने गरेको साथै आफुहरूलाई आवश्यक खर्च आफ्नै साथबाट निकाल्न सकिने भएको बताए । पहिले केही कामकाज गर्नुपर्दा, बिरामी हुदा औषधोपचार गर्नुपर्दा अरुसँग ऋण माग्नुपर्थ्यो तर अहिले त्यस्तो अवस्था नरहेको उत्तरदाताहरूले बताए । त्यस्तै पारिवरिक पक्षमा परिवर्तन आएको बताउनेमा धेरैले आफुहरू पहिले संयुक्त परिवारमा बस्ने गरेको र अहिले भिन्न बसेको बताए भने केहीले अब आफूहरू भिन्न बस्ने सुरमा रहेको बताए ।

सामाजिक प्रतिष्ठामा वृद्धि भएको बताउनेले पहिले आफूसँग पैसा नहुदा समाजका गन्ने मान्नेले होपेर बाल्ने, आफूलाई आवश्यक परेको समयमा ऋण माग्दा तिर्ने आधार छैन भनेर दिन हिच्किचाउने गर्ने गरेको र अहिले तिनै मानिसहरूसँग आफुले आर्थिक लेनदेन गर्ने गरेको र आफूलाई समाजका सबैले राम्रै तरिकाले बोलचाल, व्यवहार गर्ने गरेको बताए ।

त्यस्तै व्यक्तिगत जिवनदेखि पारिवारिक जिवनशैलीमा परिवर्तन आएको बताउने उत्तरदाताहरूले पहिले घरव्यवहार सम्हाल्ने देखि निर्णय प्रक्रिया सम्मका र आर्थिक कारोबार सम्म व्यवहार तथा निर्णय घरका श्रीमान् तथा सासु ससुराले गर्ने गरेको बताए । त्यतिबेला आफुहरूले कुनैपनि काम आफ्नै सुरले नगरी सासु, ससुरा तथा श्रीमानको निर्देशनमा गर्ने गरेको बताए भने अहिले धेरैजसो महिलाले घरभित्र र बाहिर धेरैजसो काम आफ्नै निर्णयमा हुने गरेको बताए । साथै पहिले घरमा घासदाउरा, मेलापात गर्ने महिलाहरू मध्ये केहीले अहिले घरव्यवहार सम्हालेर अरु विभिन्न पेशा गरेको पाइयो । त्यस्तै पारिवारिक जिवनशैलीमा पनि पहिले इन्धनको स्रोतको रूपमा धेरैले दाउरा प्रयोग गर्थे भने अहिले धेरैको घरमा ग्यास रहेको पाइयो र अन्य विभिन्न सामानहरू जस्तै टि भी फ्रिज, कम्प्युटर, ल्यापटप जस्ता सामानहरू प्रयोग गरेको पाइयो । त्यस्तै वैयक्तिक अध्ययन लिइएको माया गुरुङ्गको परिवारको हैसिएतमा पनि परिवर्तन आएको देखियो (परिशिष्ट १)।

### ६.४.२ केटाकेटीको पढाईमा आएको परिवर्तन

सामान्यत वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले कतिपय घरपरिवारलमा बच्चाहरूको पढाइको स्तर राम्रो भएको देखिन्छ भने कतिपयको झनै बिग्रिएको देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताको घरपरिवारमा भित्रिएको रेमिट्यान्सलेउत्तरदाताको बच्चाहरूकोशैक्षिक अवस्थामा परिवर्तन/सुधार आए नआएको अवस्थालाई पनि महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । रेमिट्यान्स भित्रिएपछि बच्चाहरूको शैक्षिक अवस्थामा परिवर्तन आए नआए अनुसार उत्तरदाताको संख्यालाई तालिका ६.२२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२० : बच्चाहरूको शैक्षिक अवस्थमा परिवर्तन आए नआएको अनुसार उत्तरदाताको संख्या**

| परिवर्तन/सुधार | संख्या | प्रतिशत |
|---|---|---|
| आएको छ | २६ | ४३.३३ |
| छैन | ३४ | ५६.६७ |
| जम्मा | ६० | १००.०० |

स्थलगत अध्ययन, २०७२

कुल ६० घरपरिवार मध्ये बहुसंख्यक (५६.६७%) ले वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले बच्चाहरूको शैक्षिक अवस्थामा परिवर्तन/सुधार नआएको बताए । भने बाँकी (४३.३३%) ले परिवर्तन आएको बताए । परिवर्तन आएको बताउने उत्तरदाताहरूले विभिन्न तरिकाले बच्चाहरूको पढाइमा परिवर्तन आएको बताए जसलाई तालिका ६.२३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२१ : परिवर्तन आए अनुसार उत्तरदाताको संख्या**

| परिवर्तनको विवरण | संख्या(कुल संख्या=२६) | प्रतिशत |
|---|---|---|
| आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराउन सकिएको | ९ | ३४.६१ |
| विद्यालय परिवर्तन गरिएको | १० | ३८.४७ |
| झनै बिग्रीएको | ७ | २६.९२ |
| जम्मा | २६ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

अध्ययनमा समेटिएका ६० घरपरिवार मध्ये २६ जनाले परिवर्तन आएको बताए । जसमध्ये एक तिहाईले (३८.४७%) लेरेमिट्यान्स भित्रिएपछि आफूले बच्चाहरूको विद्यालय परिवर्तन गरेर वा सरकारी विद्यालयबाट झिकेर बोर्डिङ स्कुल राखेपछि बच्चाहरूको पढाईमा पहिलेको तुलनामा केही परिवर्तन वा सुधार आएको बताए भने, ३४.६१ प्रतिशतलेपहिले आफूहरूले आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराउन नसक्दा बच्चाहरूको पढाई खासै राम्रो नरहेको र अहिले शैक्षिक सामगग्रिहरू सहजै किनिदिन सकेर पढाइ राम्रो भएको बताए । जस्तै अभ्यास किताब, कापी कलम, कम्प्युटर, ट्युसन क्लास र अन्य विभिन्न किसिमको शैक्षिक सामाग्रीहरू उनीहरूलाई चाहिएको समयमा किनिदिन सकेका कारण पढाइको स्तर राम्रो भएको उत्तरदाताहरूले बताए भने, बाँकी २६.९२ प्रतिशतले विदेशबाट विभिन्न किसिमका समानहरू भित्रिएपछि उनीहरूको शैक्षिक स्तर झनै खस्किएको बताए । जस्तै कम्प्युर, ल्यापटप, मोबएल टि. भी. जस्ता सामानहरूमा बच्चाहरूले धेरै समय बिताउने हुदा पढाइमा धेरै ध्यान नदिनाले उनीहरूको पढाइ पहिलेको तुलनामा झनै बिग्रिएको बताए ।

# अध्याय-सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

विगत केही वर्ष यतादेखि वैदेशिक रोजगारले व्यापकता पाउदै आएको छ । नेपाली समाजको धेरैजसो घर परिवारको अझ भनौ गरिब तथा मध्यम वर्गिय परिवारको आम्दानीको मुख्य स्रोत वैदेशिक रोजगार भएको छ । विश्वमा आधुनिकीकरण र विश्वव्यपीकरणको कारणले गर्दा एक ठाउँको मानिसहरू सजिलै अर्को ठाउँमा पुग्न सक्ने यान्त्रीक उपकरणहरूको विकास भएको छ। साथै विकसित देशहरूले अल्प विकसीत देशहरूबाट श्रमिकहरू माग गरिरहेका हुन्छन् । अल्प विकसित देशका मानिसहरू आफ्नो देशमा रोजगारीको अवसरहरू न्यून रहेको, श्रम गरे अनुसारको परिश्रमिक नपाउदा र यँहाको कमाइले जिवन धान्न मुस्कील भएको कारणले गर्दा अल्प विकसित देशका मानिसहरूले रोजगारीको अन्य वैकल्पीक पेशाको रूपमा वैदेशिक रोजगारलाई अंगालेका पाइन्छ ।

प्रस्तुत अध्ययन वैदेशिक रोजगारले महिलाको स्थितीमा परेको प्रभाब शिर्षकमा गरिएको छ। यो अध्ययन नुवाकोट जिल्लाको विदुर नगरपालिकाको वडा न. ८ मा गरिएको हो । यसमा विभिन्न विद्वानहरूद्वारा वैदेशिकरोजगारले महिलाको स्थितीमा पारेको प्रभाब बारेमा गरिएका अध्ययनहरूलाई अध्ययन गरी उपयुक्त विषयवस्तुलाई पूनरावलोकन गर्ने प्रयास गरिएको छ । समग्रमा यस अध्ययनको मुख्य उद्देश्यहरू रेमिट्यान्सको प्रयोग, वैदेशिक रोजगारले समाजमा ल्याएको परिवर्तन, घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका हुन् ।

यस अध्ययनको लागि मैले नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा न. ८ लाई छानेकी छु । यस वडाका कुल ६४८ घर मध्ये ६० घर परिवारलाई उद्देश्यमूलक नमूनाको रूपमा छानेकी छु । यस अध्ययनको लागि अन्वेषणत्मक र वर्णनात्मक दुबैअनुसन्धान पद्धती/ विधी अपनाइएको छ । त्यस्तै यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोत तथा विधीबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कमा क्षेत्रगत अध्ययन गरी तयार परिएको संरचित प्रश्नावलीबाट अन्तरवार्ता लिई प्राप्त जवाफको आभारमा तथ्याङ्क संकलन गरिएको छ, जसमध्ये चार जनालाई गहन अन्तरवार्ताको लागि छनौट गरि उनीहरूबाट घरायसी निर्णय,

पेशामा परिवर्तन आए नआएको बारेमा छलफल गरी अध्ययन गरिएको छ, भने द्वितीय तथ्याङ्कमा विभिन्न विद्वानहरूको लेख, रचना आदीबाट तथ्याङ्क संकलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई सम्पादन, तालिकीकरण र क्रमैले विश्लेषण गर्ने कार्य गरिएको छ ।

अध्ययनमा उत्तरदाताहरूको परिवारिक पृष्टभूमी, वैदेशिक रोजगार र रेमिट्यान्सको स्थिती, परिवारमा वैदेशिक रोजगारको प्रभाबको बारेमा विश्लेषण गरिएको छ । छनौटमा परेका उत्तरदाहरूको पारिवारिक पृष्टभूमी अर्न्तगत जात/जाती, धर्म, परिवारको संरचना, शैक्षिक स्तर, पेशा, परिवारको आम्दानीको मुख्य स्रोत, जग्गाको किसिम, जग्गाधनीको विवरण, खाद्यान्नको पर्याप्तता, पशुपालनको स्थितीको बारेमा विश्लेषण गरिएको छ । त्यस्तै वैदेशिक रोजगार र रेमिट्यान्सको स्थिती अर्न्तगत वैदेशिक रोजगारमा गएको व्यक्ति, गन्तव्य मूलुक, पहिलेको पेशा, आवश्यक रकमको व्यवस्था, कामको किसिम, भाषा/सीपको तयारी, रेमिट्यान्स प्राप्त गर्ने व्यक्ति, रेमिट्यान्सको प्रयोग, प्राप्त रेमिट्यान्स रकम बचतको निर्णय र वैदेशिक रोजगारको प्रभाब अर्न्तगत महिलाको स्थितीमा परिवर्तन जसमा घरायसी काम, पेशा, जिम्मेवारी, निर्णायक भूमिका, घरायसी निर्णयमा महिलाको भूमिकामा परिवर्तन, महिलाका थप दायित्व,घरायसी कठिनाई, सामाजिक सम्बन्ध, परिवारको सामाजिक, आर्थिक, पारिवारिक संरचनामा परिवर्तन, जीवन स्तरमा वृद्वी केटाकेटीको पढाइमा आएको परिवर्तन आदीको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

उत्तरदाताको जात/जातिको स्थिती अध्ययन गर्दा धेरैजसो उच्च जातका मानिसहरू, एक तिहाई जनजाती बाँकी दलित रहेको पाइयो । नेपाल हिन्दु राष्ट्र भएकोले अन्य धर्म मान्ने तुलनामा हिन्दु धर्म मान्ने बहुसंख्यक ८६.६७ प्रतिशत र बाँकी १३.३३ प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइयो । त्यस्तै परिवारको किसिमको अध्ययन गर्दा ६३.३३ प्रतिशत संयुक्त परिवारमा बसेको र बाँकी ३६.६७ प्रतिशत एकल परिवारमा बस्ने गरेको पाइयो । शैक्षिक स्तर अध्ययन गर्दा ८० प्रतिशत साक्षर र २० प्रतिशत निरक्षर रहेको देखियो । उत्तरदाताको पेशागत स्थितीलाई अध्ययन गर्दा ६६.६७ प्रतिशतको कुनै पनि पेशा नभएको र बाँकी ३३.३३ प्रतिशतले विभिन्न पेशा गर्ने गरेको देखियो, जसमा धेरैको आफ्नो आम्दानीबाट बचत हुने देखियो भने कमैको खासै नहुने पाइयो । उत्तरदाताको घर परिवारको जग्गा जमिनको स्थितीलाई अध्ययन गर्दा सबै परिवारको कुनै न कुनै रूपमा धेरथोर जग्गा जमिन रहेको

देखियो । त्यस्तै उत्तरदाताको घरमा पशुपंक्षी पालनको स्थितीको अध्ययन गर्दा धेरैजसोको घरमा धेरथोर पशुपंक्षी पालेको र केही परिवारले केही पनि नपालेको देखियो ।

वैदेशिक रोजगार र रेमिट्यान्सको स्थिती अर्न्तगत वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको अध्ययन गर्दा ७६.६७ प्रतिशतको श्रीमान् गएको र बाँकी २३.३३ प्रतिशतको छोरो गएको पाइयो । त्यसैगरी मानिसहरू वैदेशिक रोजगारमा विभिन्न कारणले गर्दा गएका हुन्छन् यस खण्डमा पनि उत्तरदाताको श्रीमान् तथा छोराहरू वैदेशिक रोजगारमा जानुको कारण बारेमा अध्ययन गर्दा ४३.३३ प्रतिशतको घरमा आम्दानी गर्ने अर्को व्यक्ति नभएर गएको, ३० प्रतिशतको गरिबी तथा आफ्नो दक्षता र सीप अनुसारको रोजगारीको अवसर नभएर, १० प्रतिशतको खेतीपाती गर्ने जग्गा जमिन नभएर र बाँकी १६.६७ प्रतिशको साथीभाई गएको देखेर गएको पाइयो । आवश्यक रकमको व्यवस्थामा बहुसंख्यक ५६.६७ प्रतिशत आफ्नै पैसाले गएको बाँकी ४३.३३ प्रतिशत ऋण गरेर गएको देखियो । विदेशमा गर्ने भनिएको कामको किसिमलाई अध्ययन गर्दा विभिन्न काम गर्न गएको पाइयो । रेमिट्यान्स प्राप्त गर्ने व्यक्तिको स्थितीलाई अध्ययन गर्दा ८३.३३ प्रतिशतको उत्तरदाताको नाममा आउने र बाँकी १६.६७ प्रतिशतको पुरुष सदस्यको नाममा आउने देखियो । प्राप्त रेमिट्यान्सको स्थितीलाई अध्ययन गर्दा उत्तरदाताको परिवारले विभिन्न क्षेत्रमा खर्च गरेको देखियो जसमा घरखर्च, बच्चाहरूको पढाई, बिरामी हुदा औषधोपचार, ऋण तिर्न, घडेरी किन्न, घर निर्माण गर्न, व्यापार व्यवसाय शुरु गर्ने जस्ता काममा खर्च गरेको देखियो । प्राप्त रेमिट्यान्स बचतको निर्णयमा ७५ प्रतिशतले दुबैको निर्णयमा बचत गर्ने गरेको र २५ प्रतिशतले श्रीमान् तथा पुरै परिवारको निर्णयमा बचत गर्ने गरेको पाइयो ।

परिवारमा वैदेशिक रोजगारको प्रभाब अर्न्तगत महिलाको स्थितीमा वैदेशिक रोजगारले पारेको प्रभाब तथा परिवर्तन बारेको अध्ययन गर्दा उत्तरदाताहरूको घरायसी काम देखि घरायसी कामको निर्णय लिने सम्मको काममा उनीहरूको पहुँच बढेको पाइयो । धेरैजसो उत्तरदाताहरूमा पुरुषको अनुपस्थितीमा कुनै काममा जिम्मेवारी बढेको त कुनै काममा घटेको देखियो । वैदेशिक रोजगारले निर्णायक भूमिकामा महिलाको पहुँच बढेको देखियो जसमा पहिले १३.३४ प्रतिशत महिला हर्ताकर्ता रहेको परिवारमा पछि बढेर ५१.६७ प्रतिशत भएको पाइयो । त्यस्तै घरायसी निर्णय र घरायसी कामकाजको व्यवस्थापनको निर्णयमा पनि उनीहरू पहुँच बढेको देखियो । त्यस्तै घरमा पशुपंक्षी पाल्ने नपाल्ने र बेचबिखनको

निर्णय पनि महिला निर्णय क्षमता बढेको देखियो । उत्तरदाताको परिवारको सामाजिक, आर्थिक, परिवारिक स्थितीको अध्ययन गर्दा सबै उत्तरदाता आर्थिक स्थितीमा सुधार आएको, २२ जनाको सामाजिक प्रतिष्ठामा वृद्धि भएको २९ जनाको पारिवारिक संरचनामा आएको र २० जनाको जीवनशैलीमा परिवर्तन आएको देखियो । त्यस्तै वैदेशिक रोजगारले बच्चाहरूको शैक्षिक अवस्थामा परिवर्तन आए नआएको बारेमा अध्ययन गर्दा ४३.३३ प्रतिशतको बच्चाहरूको पढाईमा परिवर्तन/सुधार आएको बताए भने ५६.६७ प्रतिशतको खासै परिवर्तन/सुधार नआएको देखियो जसमा ७३.०८ प्रतिशतले सकारात्मक परिवर्तन आएको र बाँकी २६.९७ प्रतिशत नकारात्मक असर परेको पाइयो । समग्रमा प्रस्तुत अध्ययनबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारले नमूनाको रूपमा लिइएको ६० घर परिवारमा सकारात्मक परिवर्तन ल्याएको साथै घरायसी निर्णयमा महिलाको पहुँच बढेको पाइयो ।

## ७.२ निष्कर्ष

प्रस्तुत अनुसन्धान वैदेशिक रोजगारले महिलाहरूको स्थितीमा परेको प्रभाब बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ । यो अध्ययनले मुख्य रूपमा वैदेशिक रोजगारले सामाजिक संरचनामा ल्याएको परिवर्तनको बारेमा जोड दिएको छ, जसमा मुख्य गरेर घर परिवारमा महिलाको निर्णय क्षमता, रेमिट्यान्स रकम प्रयोगको स्थिती र वैदेशिक रोजगारले ल्याएको परिवर्तनको बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ ।

नेपाली समाजको घर परिवारमा घरमूली/मुख्य हर्ताकर्ता पुरुष रहेको देखिन्छ । घरको मुख्य सदस्यले नै घर परिवारको सम्पुर्ण आवश्यकताहरू पुरा गर्ने व्यवस्था मिलाएको हुन्छ । घर परिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा जादा उसको हरेक काममा उसको परिवारले उसलाई साथ दिएको हुन्छ । यसरी जब घरको पुरुष वैदेशिक रोजगारमा गएको हुन्छ तब उसको सम्पूर्ण जिम्मेवारीहरू घरपरिवारका अन्य सदस्य जसमा विशेषगरीमहिला माथि थपिदै जान्छ । यसरी घरको पुरुष सदस्यको अनुपस्थितीमा महिलाले विभिन्न किसिमका कामहरू गर्नुपर्ने हुन्छ ।

वैदेशिक रोजगारले यस अध्ययन क्षेत्रका घर परिवारमा महत्वपूर्ण परिवर्तन ल्याएको छ, जसमा घरको र घरबहिरको विभिन्न किसिमको काममा महिलाहरूको निर्णय क्षमतामा वृद्धि भएको देखियो । यसरी महिलाको निर्णय क्षमतामा वृद्धि हुनु एक सकारात्मक पक्ष हो, जहा

पुरुषको अनुपस्थितीमा महिलाले पनि ती काम गर्न सक्छीन् जुन पुरुषहरूले गर्दै आएका हुन्छन् भन्ने उदाहरणको रूपमा यो अनुसन्धानलाई लिन सकिन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स मानिसहरूले विभन्न कार्यमा खर्च गरेको देखिन्छ । घरखर्च, बच्चाहरूको पढाइमा, घडेरी किन्न घर निर्माण गर्न, विभिन्न किसिमका विलासिताका सामानहरू किन्ने जस्ता कार्यमा खर्च गरेको पाइयो । साना खर्चहरू महिलाको आफ्नै सुरले खर्च गर्ने गरेको र ठूला कारोवारका खर्चहरूमा महिला पुरुष दुबैको सल्लाहमा र कतिको पुरुषको निर्णयमानै खर्च गर्ने गरेको पाइयो । एकातर्फबाट हेर्दा अरु विकसित देशको देखासिकी गरेको देखिन्छ , जसले गर्दा नेपाल जस्तो तेस्रो मुलुकहरू विकसित मुलुकहरूमा झनै परनिर्भर हुदै गएको देखिन्छ भने अर्कोतर्फबाट हेर्दा गरिब देशहरू पनि आधुनिकीकरण तर्फ अघि बढेको देखिन्छ ।

वैदेशिक रोजगारले नेपाली समाजको घर परिवारमा विभिन्न खालको प्रभाब पारेको देखिन्छ, जसमा विशेष गरेर महिलाको भूमिकामा, पेशामा परिवर्तन आएको देखिन्छ । यसले कतिपय घर परिवारका मानिसहरूलाई आश्रित तथा परनिर्भर बनाएको छ भने कतिपयको परिवर्तीत पेशाले उनीहरूको जीवन स्तरमा वृद्धि भएको र आर्थिक स्थितीमा सुधार आएको देखिन्छ । अर्थिक स्थितीमा सुधार आएको बताउने परिवारमा हिजो कुनै किसिमको समस्या पर्दा अरुसँग ऋण माग्नु पर्ने अवस्था भएका परिवारले आज आफ्नै बचत रकमले दुई चार लाखको कारोबार गर्न सक्ने भएका छन् जुन एक सकारात्मक प्रभाब हो ।

# सन्दर्भ सामाग्री


अर्याल, भोजेन्द्र (२०६८),*लैङ्गिक तथा महिलावादी अध्ययन,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन।

आचार्य, बलराम (२०६७), *समाजशास्त्रका सैदान्तिक दृष्टीकोणहरू,* : सनलाइट पब्लिकेशन काठमाण्डौ ।

कानुन किताब व्यवस्था समिती, बैदेशिक रोजगार ऐन (२०६४), बबरमहल काठमाण्डौ ।

के.सी., नवराज (२०६६),*नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भूमिका, वैदेशिक रोजगारका विविध पक्षहरू,* काठमाडौं : प्याराडाइज इन्टरनेशनल प्रा. लि. ।

दवाडी, अनिता (२०७१), *वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव : एक अध्ययन शोधपत्र समाजशास्त्र,* मानवशस्त्र विभाग, किर्तीपूर काठमाण्डौ ।

पोखरेल, नारायणदत्त (२०५७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव एक समाजशास्त्रीय अध्ययन शोधपत्र,* समाजशास्त्र/मानवशास्त्र विभाग किर्तीपूर काठमाण्डौ ।

वैदेशिक रोजगार प्रवर्दन वोर्ड (२०६८), *वैदेशिक रोजगारका लागि खुल्ला गरिएको देशहरू वैदेशिक रोजगार प्रवर्दन वोर्ड,* काठमाण्डौ ।

मिश्र, चैतन्य (२०७०), पूँजीवाद र नेपाल : फोइनिक्स प्रकाशन काठमाण्डौ ।

राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग थापाथली काठमाण्डौ ।

Aryal,S.(2006).*A very serious of Nepal* (assessed on march 2004 www. insigntoncorft.com. np 2011.

Bhattarai, P. (2005).*Migration of Nepalese youth for foreign employmentproblems and prospects*.(A Review of Existing Government policies and programs) htt// www.youthaction.org. np.

Central Bureau of Ststistics (CBS) 2004, "Nepal living standard survey ", report II, (CBS) kathmandu.

Enabling State Programme (2000),Socio cultural change and the economic emporwerment of women in Nepal. Annual Report (ESP), kathmandu.

Graner, E. andKarmacharya, K.B. (2001)."*Neplese household economy : Agriculture wage labour and remittance"*, The Economic Journal of Nepal, Volume 24

K.C., G.(2011). *Why They Go?, How They Go?, and What about Those Left Behind*? A study of Migration in Gwaldha M.A. Thesis. Central Department of sociology/anthropology. T.U. Kritipur.

Pandey, D. (2012).*Migration of Nepalese youth for foreign employment problems and prospects labour Nepal*.

Paneru, N. (2006).*International labour migration and status of women in Lekhnath municipality of kaski district Nepal*. M.A.Thesis submitted to TU.

Segal, A. (1993).*An atlas of international migration* . Hens zell publishers , London .

Seddon, D., Adhikari, J and Gurung, G.(1998). *Foreign Labour Migration and the remittance economy of Nepal*. Himalayan research bulletien.vol xviii ( 2).

Solima, A.(2001).*International Migrationand the global economic order The World Bank*, Washington Dc.

United Nation Development Program (UNDP), 2001, Convention for Elimination All Sort of Discrimination Against Women (CEDAW), status review :A study to make the state accountable towards effective implemention of the CEDAW convention, Kathmandu .

# परिशिष्ट एक : वैयक्तिक अध्ययन

## १.१ मन्जु भट्ट : निर्णय प्रकृयामा आमूल परिवर्तन

यस अध्ययन क्षेत्रमा बस्दै आएकी २५ वर्षिय मञ्जु भट्ट (नाम परिवर्तन) उनी भन्छिन्, हाल आफ्नो परिवारमा आफू लगाएत ७ जना बस्ने, र उनले ५ कक्षा सम्म पढेकी बताइन् । अन्तरवार्ता क्रममा उनले भनिन् मेरो श्रीमान् घरमा हुदा खेतीपातीको काम उहाले गर्नुहुन्थ्यो। खेतीपातीबाट भएको आम्दानीले खान लगाउन र बच्चाहरूलाईपढाउन मात्र ठिक हुन्थ्यो। आम्दानीका अन्य स्रोतहरू नहुदा त्यतीबेला हामीलाई निकै कठिन हुन्थ्यो। आफूलाई पैसाको आवश्यक पर्दा अरुसँग ऋण माग्नुपर्थ्यो। भेटवर्ताको क्रममा उनले भनिन् पहिले हामी गाउँमा हुदा खेतीपाती देखी लिएर घरायसी कामकाज, साथै घरव्यबहार किनमेल जस्ता काम कारोबारको निर्णय मेरो सासु ससुरा तथा श्रीमान्ले गर्नुहुन्थ्यो। उक्त समयमा मैले मेरो सासु ससुराले अह्-याएको काम गर्नुपर्थ्यो जब मेरो श्रीमान् विदेश (दुबई) गएर पैसा मेरो नाममा पठाउन थाल्नुभयो त्यसपछि बिस्तारै घरायसी किनमेल, घरव्यवहार र खेतीपातीको काममा मेरो जिम्मेवारी बढ्दै गयो र मैले क्रमैले सम्हाल्दै गए। घरका हरेक काममा मेरो निर्णयहरू लागू हुनथाले । अहिले घरव्यवहार देखी पैसाको कारोबार, कसलाई कति ऋण दिने लिने बच्चाहरूको पढाइ खर्चसम्मका निर्णय म आफै गर्छु ।

## १.२ नानु शिबभक्ति : निर्णय प्रक्रियामा आमूल परिवर्तन

यस अध्ययन क्षेत्रमा बस्दै आएकी ४४ बर्षिय नानु शिबभक्ती (नाम परिवर्तन) बताउछीन् उनको दुई छोराहरू बैदेशिक रोजगारमा गएर पैसा पठाउन थालेपछि उनको व्यक्तिगत जिवनदेखि पारिवारिक जिवनमा उल्लेखनिय सकारात्मक परिवर्तन/प्रभाब परेको बताइन् । उनले कुराकानीको क्रममा भनिन् मेरो छोराहरू विदेश नजादा घरमा आम्दानी गर्ने अर्को व्यक्ति कोही पनि थिएन । मेरो श्रीमान् आजभन्दा १०वर्ष अघि बित्नुभएको थियो । त्यतिखेर मेरो बच्चाहरू स-साना थिए। मलाई लेखपढ गर्न आउदैन हाम्रो जग्गा जमिन पनि त्यती धेरै छैन, जसले गर्दा मैले अरुको जग्गा अधिया कमाएर खाइरहेकी थिए। आफ्नो घरमा कमाउने मान्छे नहुदा समाजका धनी गन्ने मान्नेले अलि होच्याएर बोल्ने गर्थे । त्यस्तै मलाई पैसाकोआवश्यक पर्दा तिर्ने बाटो छैन भनेर पैसा (ऋण) दिन पनि गाह्रो मान्थे। यहा सम्म की मेरो आफ्नै देबर देबरानीले समेत मलाई कुनैपनि किसिमको सहयोग गर्दैनथे र

बोलचाल पनि गर्दैनथे । जब मेरो दुबै छोराहरू विदेश (दुबई) गएर पैसा कमाएर पठाउन थाले। त्यसपछि छरछिमेकीहरूले मलाई सहयोगी व्यवहार गर्दै गए। त्यस्तै देबर देबरानी पनि बोलचाल गर्ने, आफुले सक्दो सहयोग गर्न थाले । अहिले मलाई पैसाको आवश्यकता पर्दा सबै छरछिमेकीले सरसापट दिने गरेका छन् । अहिले म दुई चार लाखको कारोबार गर्न सक्ने भएकी छु छोराहरूले मेरै नाममा पैसा पठाउछन् । उनीहरूले पठाएको पैसा मैले मेरै नाममा बचत गरेकी छु त्यस्तै केही पैसा अरुलाई ऋण दिएकी छु । पहिलेदेखि नै घरका सम्पूर्ण कामकाजको जिम्मेवारी र घरायसी निर्णय म आफैले गर्थे र अहिले पनि म आफै गर्छु । अहिले घरमा म र मेरी छोरी मात्र छौ । छोराहरू विदेशमा छन्। मैले अहिले अरुको जग्गा कमाएको छैन अरुको जग्गा नकमाउने निर्णय पनि म आफैले गरेकी हु । अहिले मेरो घरभित्र र घरबाहिरका सम्पुर्ण कामकाज र व्यवहारको निर्णय म आफै गर्छु ।

### १.३ सुनिता कुँवर : पेशामा आएको आमूल परिवर्तन

यस अध्ययन क्षेत्रमा बस्दै आएकी २७ बर्षिय सुनिता कुँवर ( नाम परिवर्तन ) हाल उनको घरमा (सासु, ससुरा, बुढी सासु, छोरी र आफू लगाएत ५ जना) बस्ने गरेको बताइन् । भेटवार्ताको क्रममा उनले भनिन् आफूले एस.एल.सी. पास गरेको र आफ्नो श्रीमान् विदेश ( मलेशिया) गएपछि उनले गर्ने पेशामा परिवर्तन आएको बताएन् । पहिले उनको श्रीमान् विदेश नजादा घरमा कमाई गर्ने अरु मान्छे नहुदा आफ्नो घरव्यवहार ( खान, लगाउन, औषधोपचार ) जस्ता दैनिक घरखर्च गर्न निकै समस्या रहेको उनले बताइन् । हामीले आफ्नो जग्गा जमिन नभएको कारणले अरुको जग्गा अधिया कमाएर खाने गरेका थियौ। यसरी अरुको जग्गा कमाएर खादा खानलाई मात्र ठिक हुन्थ्यो, आफूलाई आवश्यक परेको बेलामा खर्च गर्नु पर्दा सधै अरुसँग ऋण माग्नु पर्थ्यो। त्यसपछि मैले माईतीबाट ऋण खाजेर ल्याएर उँहालाई विदेश (मलेशिया) पठाए। त्यसको केही समयपछि, उँहालेपैसा पठाउन थाल्नुभयो। आएको पैसाले पहिले मैले ऋण तिरे, आफ्नो घरव्यवहार मिलाए,र केही रकम फाइनाइन्स्मा बचत गरे । केही समय पछि म आफैले निर्णय गरे सधै कति अर्काको जग्गा कमाएर खाने यता आफनो ज्यानलाई दुःख साथै त्यसरी काम गर्दा पनि खानमात्र ठिक हुन्थ्यो जसले गर्दा मैले श्रीमान्लाई सोधेर एउटा किराना पसल राखे। पहिले मलाई यस पसलबाट खासै फाइदा भएन पछि बिस्तारै फइदा हुदै जान थालेपछि मैले अर्काको जग्गा अधिया नकमाउने निर्णय गरे। मेरो यो निर्णयलाई मेरो पूरै परिवारले स्विकार गर्नुभयो जसले

गर्दा मैले मेरो आफुले गर्दै आएको पूरानो पेशा खेतीपाती त्यागेर व्यापार व्यवसाय शुरु गरे अहिले मलाई यो पसलबाट राम्रै आम्दानी भएको छ। आफ्नो घरखर्च चलाएर पनि मैले केही रकम मेरो आफ्नो नाममा बचत गरेकी छु। यसरी मैले मेरो आफ्नो पेशालाई परिवर्तन गरे।

## १.४ माया गुरुङ्ग :परिवारको हैसिएतमा आमूल परिवर्तन

यस अध्ययन क्षेत्रमा बस्दै आएकी माया गुरुङ्ग (नाम परिवर्तन) बताउछिन् ,उनको श्रीमान् विदेश गएपछि उनको हैसिएतमा केही परिवर्तन आएको बताइन् । मेरो श्रीमान् विदेश नजादा हामीहरू गाँउमा बसेर खेतीपाती, घाँसदाउरा, मेलापात,पर्म जस्ता कामहरू गर्थ्यौं। त्यस्तै पहिले हामी गाँउमा हुदा सबै घरायसी कामकाज, घरव्यवहार, किनमेलको निर्णय सासु, ससुरा तथा श्रीमान्ले नै गर्नु हुन्थ्यो । घरमा गरेको कामले खानमात्र पुग्थ्यो, हामीसँग पैसा बचत भने कहिल्यै पनि हुदैनथ्यो । आफुलाई दुःख बिमार हुदा पैसाको आवश्यकता पर्दा अरुसँग ऋण माग्नुपर्थ्यो तर जब मेरो श्रीमान् विदेश (बहराइन) गएर पैसा पठाउन थाल्नुभयो। त्यसपछि बिस्तारै घरायसी कामकाज, घरव्यवहार र किनमेलमा मेरो जिम्मेवारी बढ्दै गयो । पछि उहाले बिदामा आउदा हामीलाई यहा घर किनेर राखेर जानुभयो। हामी यहा बसाइ आएको ४ वर्ष भयो। उनले भेटवार्ताको क्रममा भनीन् पहिले गाँउमा हुदा उनको घरपरिवारले कुनैपनि किसिमको काममा उनीसँग सरसल्लाह लिदैनथे घरको सबै कामखेतीपती बस्तुभाउ बेचखिन जस्ता काम सासु ससुराको निर्णय अनुसार हुन्थ्यो। पहिले गाँाउमा हुदा खेतीपती, मेलापात, घाँसराउरा भारी बोक्ने जस्ता कामहरू गर्नुपर्थ्यो तर अहिले यहा आएपछि त्यस्ता कामहरू गर्नुपरेको छैन। अहिले हाम्रो घरमा सासु, ससुरा मेरा दुई छोरीहरू र मसहित ५ जना बस्छौ। पहिले मेरो नाममा खासै पैसा हुदैनथ्यो तर अहिले घरको सबै कामको निर्णय म आफै गर्छु मेरो निर्णयलाई घरका सबैले स्विकार गर्छन्। अहिले मेरो श्रीमान्ले विदेशबाट मेरै नाममा पैसा पठाउनु हुन्छ, साथै यहाँको घरपनि मेरै नाममा छ । यसरी उनले उनको व्यक्तिगत जिवनमा वा उनको हैसिएतमा वैदेशिक रोजगारले सकारत्मक प्रभाब/परिवर्तन आएको बताइन् ।

# परिशिष्ट दुई : अन्तरवार्ता सूची

अन्तराष्ट्रियश्रमको बसाईसराइले महिलाको स्थितीमा पारेको प्रभाव :

नुवाकोट जिल्ला विदुर नगरपालिका वडा न. ८ को एक अध्ययन

अन्तर्वार्ता सूची

उत्तरदाताको नाम थर :..................................................................

ठेगना :..........................................................................................

(क) उत्तरदाताको सामाजिक व्यक्तिगत विवरण :

१.१ जात/जाति : ........................................................................

१.२ धर्म :.............................................................................................

(ख) परिवारिक विवरण

२.१ तपाईको घरको घरमूली को हुनुहुन्छ ?

(क) श्रीमान् (ख) आफै (ग) ससुरा(घ) ..........................

२.२ तपाईको परिवारमा जम्मा कति जनाहुनुहुन्छ ?

(क) जम्मा ..............जना (ख) महिला .............जना

(ग) पुरुष ....................जना

२.३ तपाईको परिवारको सदस्यहरूको बारेमा निम्न विवरण दिनुहोस्

| क.स. | उत्तरदातासँगको नाता | लिङ्ग | उमेर | शैक्षिक स्थिती | वैवाहिक स्थिती | पेशा | हालको बसाई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उत्तरदाता आफै | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

२.४ परिवारको किसिम : (क) एकल (ख) संयुक्त (ग) आर्थिक विवरण :

३.१ तपाईको परिवारको आम्दानीको मुख्य मुख्य स्रोतहरू के - के हुन्?

(क) कृषि : अन्नपात बेचबिखन, दुध बिक्री, तरकारी बिक्री, पशुजन्य पदार्थ बिक्री,

.....................

(ख) रेमिट्यान्स

(घ) पशुपालन : दुध बिक्री, कुखुरा पालन, बाख्रालन, ..........................................

(ङ) व्यापार व्यवसाय : कपडा पसल, फेन्सी पसल, साइकल पसल,

........................................

(च) पेन्सन.........................................................................................

(छ) ..........................................................................................................

३.२ तपाई हाल के पेशा अपनाउदै हुनुहुन्छ ?

..........................................................................................................

३.३ तपाईले गर्ने कार्यबाट आर्थिक आम्दानी हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

३.४ यदी हुन्छ भने, तपाईको आम्दानीबाट बचत हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

३.५ तपाईको परिवारको स्वमित्वमा जग्गाजमिन छ ?

(क) छ (ख) छैन

३.६ यदी छ भने कस्तो कस्तोजमिन छ ?

(क) घडेरी मात्र (ख) खेती गर्नेजग्गा मात्र

(ग) दुबै (घ) ..................................

३.७ यदी जग्गाजमिन छैन भने कसरी जिवनयापन गर्नुभएको छ ?

(क) ज्याला मजदुरी गरेर (ख) अरुका जग्गा अधिया कमाएर

(ग) जमिन ठेक्कामा लिएर (घ) किनेर (ङ) ............................

३.८ यदी खेती गर्ने जग्गा छ भने , कति छ ?

....................................................रोपनी

३.९ उक्त जग्गा जमिन कसको नाममा छ ?

(क) आफ्नै नाममा (ख) श्रीमान्को नाममा

(ग) परिवारको अन्य महिला सदस्यको नाममा

(घ) परिवारको अन्य पुरुष सदस्यको नाममा

३.१० तपाईको आफ्नै जग्गामा उत्पादन भएको अन्नले वर्षभरीमा कति महिना खान पुग्छ ?

(क) .................महिना खान पुग्छ

(ख)..............................महिना खाएर पनि बिक्रीगरिन्छ

३.११ तपाईको घरमा पशुपंक्षीहरू पालिएको छ ?

(क) छ (ख) छैन

३.१२ यदी पशुपक्षीहरू पलिएको भए , कुन - कुन कति संख्यामा छन् ?

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई | |
| भैसी | |
| बखा | |
| हाँस/कुखुरा | |
| | |
| | |

(घ) वैदेशिक रोजगारको अवस्था :

४.१ तपाईको घरपरिवार बाट हाल वैदेशिक रोजगारीका लागि जाने व्यक्तिहरूको विवरण दिनुहास्

| क्र.स. | उत्तरदातासँगको नाता | गएको अवधी | गएको देशको नाम | विदेश जानुभन्दा पहिले गर्ने गरेको काम | जाँदा लागेको खर्च |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४.२ वहाहरूके कारणले गर्दा विदेश जानुभएको हो /जादैहुनुहुन्छ ?

(क)धेरै कमाउने अवसर भएर (ख) गरिबी वा रोजगारीको अवसर नभएर

(ग)राम्रो काम भएर (घ) जग्गाजमिन नभएर

(ङ)साथी गएको देखेर (च) ठूलो परिवार भएर

(छ)राम्रो जिवनयापनको लागि(ज) सामाजिक पारिवारिक कारण

(झ)बच्चाहरूको भविष्य सुनिश्चत गर्नको लागि

(ञ) आम्दानी गर्ने अर्को व्यक्ति नभएर

४.३ वहाहरूले विदेश जादा खर्च कसरी जुटाउनु भयो ?

(क) आफैसँग भएको (ख)आफैले माईती बाट ल्याएको

(ग) ऋण लिएको (घ) अचल सम्पती धितो राखेर

ङ)...........................................

४.४ यदी ऋण लिएको भए , कसबाट लिनुभयो ?

(क) बैङ्क (ख) बचत

(ग) सहकारी (घ) फाईनाइन्स्

(ङ) गाउँघरबाट सापटी (च) ............................................

४.५ वहाहरू के काम गर्ने भनेर जानुभएको हो ?

..............................................................

४.६ जानको लागि केही तयारी सिप सिकेर जनुभएको थियो ?

(क) थियो (ख) थिएन

४.७ यदी अभिमुखिकरण तालिम वा भाषा सिकेको भए कहाबाट सिक्नु भयो ?

तालिम / भाषा सिकेको ठाँउको

नाम..............................................................................

सिकेको भाषाको नाम................................................

४.८ जे काम भनेर गएको त्यही काम पाउनु भयो कि फरक काम पाउनु भयो ?

..........................................................................................................

४.९ विदेश जादा कुन एजेन्टबाट जानुभयो ?

(क) स्थानिय मेनपावर (ख) गाउँको दलाल मार्फत (ग) ............................

४.१० वहा कति कति समयमा फर्कनु हुन्छ ?

......................................................................

(ङ) घरपरिवारमा महिलाको स्थिती :

५.१ तपाईको श्रीमान् वैदेशिक रोजगारमा जानुभन्दा पहिले रअहिले तपाईले गर्ने काममा केही फरक पाउनु भएको छ ?

(क) छ (ख) छैन

५.२ यदी छ भने, कस्तो कस्तो काममा कस्तो फरक पाउनु भएको छ ?

(क) बालबच्चाको स्यहार सुसार हेरचाहमा...............................................................

(ख) घरायसी काम.............................................................................................

(ग) खेतीपाती सम्बन्धी काम.......................................................................................

(घ) व्यापार व्यवसाय (.......................................) सम्बन्धी काम........................................

(ङ) जागिर (....................................................) सम्बन्धी काम........................................

(च)..........................................................................................

५.३ श्रीमान् वैदेशिक रोजगारमा जानुभए पछि तपाईको जिम्मेवारीमा घटबढ भएको छ ? यदी छ भने कुन - कुन कुरामा बढेको छ , कुनमा उस्तै छ र कुनमा घटेको छ ?

(क) जिम्मेवारी बढेको ........................................................................

(ख) जिम्मेवारी उस्तै ...........................................................................

(ग) जिम्मेवारी घटेको ........................................................................

५.४ तपाईको परिवारमा मुख्य हर्ताकर्ता को हो भन्ने ठान्नुहुन्छ ?

(क) श्रीमान् घरमा हुदा - म आफै/श्रीमान्
सासु/ससुरा/जेठाजु/जेठानी...................................

(ख) श्रीमान् वैदेशिक रोजगारमा हुदा - म
आफै/श्रीमान्/सासु/ससुरा/जेठाजु/जेठानी....................

(ग)..................................................................................

(च) रेमिट्यान्सको प्रयोग :

६.१ तपाईको घरपरिवारमा अहिलेसम्म मोटामोटी रूपमा रेमिट्यान्स् रकम कति भित्रिएको छ ?

रु...................................................................................

६.२ उक्तरकम कसकोनाममा /हातमा आउछ ?

(क) मेरो आफ्नो (ख)सगोलका सासु,ससुरा,देवर,जेठाजु.................(

ग) छुट्टीभिन्न भएका सासु, ससुरा,देवर, जेठाजु.................

(घ) अन्यको ...............................................

६.३ वैदेशिक रोजगारबाट प्राप्त रकम तपाईले अहिलेसम्म के - के मा उपयोग/खर्च गर्नुभएको छ?

रकम अनुसार खर्चको विवरण

| क.स. | खर्चको शिर्षक | कस्तो प्रकारको खर्च के मा | खर्चको रकम अनुसारको क्रम | निर्णय गर्ने व्यक्ति |
|---|---|---|---|---|
| १ | घर खर्च | | | |
| २ | बच्चाहरूको पढाइ | | | |
| ३ | बिरामी हुदा औषधी उपचार | | | |
| ४ | ऋण तिर्न | | | |
| ५ | जग्गाजमिन किन्न | | | |
| ६ | घर निमार्ण | | | |
| ७ | ब्चत | | | |
| ८ | घरायसी सरसामान किन्न | | | |
| ९ | गरगहना किन्न | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

६.४ उक्त रकम कसको सल्लाहमा बचत वचत/ खर्च गर्नुहुन्छ ?

(क) श्रीमान्को (ख) आफ्नै सुरले

(ग) दुबैजनाको सल्लाहमा

(घ सगोलका सासु,ससुरा,देवर, जेठाजु..................को सल्लाहमा

(ङ) ..............................................................

(छ) निर्णय प्रक्रिया :

७.१ तपाईको घरमाघरायसी निर्णय कसले गर्ने गरेको छ ?

(क) श्रीमान्ले (ख) आफैले (ग) दुबै जनाले

(घ) एकाधिकारका सासु,ससुरा,जेठाजु,जेठानी.........................

(ङ) छुट्टीभिन्न भएका सासु,ससुरा,जेठाजु,जेठानी............................................

७.२ तपाई घरायसी कामकाज कसरी व्यवस्थापन गर्नुहुन्छ ?

(क) आफैले जानेर (ख) श्रीमान्सँग सोधेर

(ग) आफन्तको सुझावमा (घ).............................

७.३ तपाईको घरपरिवारमा पुरुषको अनुपस्थितीमा घर बाहिरको खेतीपातीको काम कसले गर्छ ?

(क) आफैले (ख) सासु,ससुराले

(ग) परिवारको अन्य सदस्यले .........................................

७.४ तपाईको बच्चाहरूलाई कुन विद्यालय पढाउने भन्ने निर्णय कसले गर्छ ?

(क)श्रीमान् घरमा हुदा आफैले /श्रीमान्ले (ख) श्रीमान्सँग सोधेर

(ग) दुबैजनाको सल्लाहमा (घ).......................................

७.५ तपाईको घरपरिवारमा समयअनुसारको अन्न बाली के लगाउने भन्नेनिर्णय कसले गर्छ ?

(क) आफैले (ख) श्रीमान्सँग सोधेर

(ग)दुवैको सल्लाहमा (घ) सासु,ससुरा...........................

७.६ तपाईको घरमा पशुपंक्षीहरू पाल्ने नपाल्ने निर्णय कसले गर्छ ?

..........................................................................................................

७.७ तपाईको परिवारमा अन्नपात र पशुपंक्षी बेचबिखन सम्बन्धी निर्णय कसले गर्छ ?

(क) आफैले (ख) श्रीमान्सँग सोधेर

(ग) दुबैको सल्लाहमा (घ) सासु/ससुरा/..................

(ज) महिलामाथि परेका समस्याहरू :

८.१ तपाईको घरपरिवारमा पुरुषको अनुपस्थितीमा तपाईले कस्तो-कस्तो समस्याको सामना गर्नु परेको छ ?

(क) घरायसी काम ......................................................................

(ख) आर्थिक कठिनाई.........................................................................

(ग)खेतीपाती सम्बन्धी काम..................................................................

(घ)...........................................................................................

८.२ तपाईको परिवारमा पुरुषको अनुपस्थिती भएकै कारणले तपाईको परिवार, इष्टमित्र, छरछिमेक, समुदायले गर्ने गरेका राम्रा र नराम्रा व्यवहारहरू क - के छन् ?

(क)राम्रा व्यवहार (कसले कुन सन्दर्भमा कस्तो व्यवहार गरेको )

.............................................................................................................

(ख) नराम्रा व्यवहार ( कसले कुन सन्दर्भमा कस्तो व्यवहार गरेको)

......................................................................................................

८.३ तपाईकोपरिवारमा पुरुषको अनुपस्थिती भएकै कारणलेतपाईको बच्चाहरूलाई केही असर परेको छ ?

(क) छ (ख) छैन

यदी असर परेको छ भने के के मा परेको छ ?

(क) बच्चाहरूको पढाईमा ..........................................................................

(ख) उनीहरूको आनीबानीमा ..........................................................................

(ग)......................................................................................................

(झ)परिवर्तीत अवस्था :

९.१ तपाईको घरपरिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि कुन कुन पक्षमा परिवर्तन आएको छ ?

(क) आर्थिक पक्षमा आएको परिवर्तन......................................................

(ख) सामाजिक पक्षमा आएको परिवर्तन...................................................

(ग) परिवारिक स्थितीमा आएको परिवर्तन..............................................

(घ) ..........................................................................................

९.२ तपाईको घरपरिवारको सदस्य वैदेशिक रोजगारमा जानुभएपछि तपाईको पेशामा परिवर्तन आएको छ ?

(क) छ (ख) छैन

९.३ यदी परिवर्तन आएको छ भने केमा आएको छ ?

(क) पहिले के गर्नुहुन्थ्यो ....................................

(ख) अहिले के गर्नुहुन्छ.....................................

९.४ रेमिट्यान्स् भित्रिएपछि तपाईको छोराछोरीको शैक्षिक अवस्थामा परिवर्तन /सुधार आएको छ ?

(क) छ (ख) छैन

९.५ यदी परिवर्तन आएको छ भने के कसरी परिवर्तन आएको छ ?

..........................................................................................................

..........................................................................................................

अन्र्वार्ता लिने व्यक्तिको नाम : ......................................................

अन्तर्वार्ता लिएको मिती ....................................